नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३१, अंक ६४ काठमाडौं | २०८२ फागुन १५ शुक्रबार | फाल्गुन शुक्लपक्ष एकादशी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Friday 27 February 2026 | पृष्ठ ८+२ | मूल्य रु ५।-

## प्रदेशको अधिकारमाथि संघीय हस्तक्षेप असंवैधानिक ठहर



**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, १४ फागुन

सर्वोच्च अदालतले प्रदेशको कार्यकारिणी अधिकारमाथिको संघीय हस्तक्षेप असंवैधानिक हुने ठहर गरेको छ। सर्वोच्चको संवैधानिक इजलासले संघीय संरचनामा संघ र प्रदेशबीचको अधिकार बाँडफाँटको विषयमा व्याख्या गर्दै वन ऐन २०७६ले गरेको प्रदेशको कार्यकारिणी अधिकारमाथिको संघीय हस्तक्षेपलाई असंवैधानिक हुने ठहर गरेको हो।

सागरनाथ वन परियोजनालाई मर्ज गरेर वन निगम लिमिटेड बनाउने संघीय सरकारको निर्णयविरुद्धको रिटमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्माको संवैधानिक इजलासले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन र वनसम्बन्धी मुद्दा हेर्ने अधिकार प्रदेश सरकारको कार्यकारिणी संरचनाभित्र पर्ने स्पष्ट पारेको छ। यस फैसलासँगै अब वनसम्बन्धी मुद्दा हेर्ने अधिकार 'संघीय सरकारले खटाएको' डिभिजनल वन अधिकृतको साटो 'प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएको' डिभिजनल वन अधिकृतलाई प्राप्त भएको छ।

### प्रदेश २ ले दायर गरेको थियो संघीय सरकारविरुद्ध मुद्दा

संघीय सरकारले प्रदेशको अधिकारमा हस्तक्षेप गरेको भन्दै प्रदेश २ सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तर्फबाट संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। प्रदेश सरकार मन्त्रिपरिषदस्तरीय २०७५ साल फागुन २४ गतेको बैठकले सागरनाथ वन विकास परियोजनालाई प्रदेश सरकारअन्तर्गत राख्ने निर्णय गर्दै गत आर्थिक वर्षमै यसको संरक्षणका लागि एक करोड रुपैयाँ प्रदान गरेको र चालु आर्थिक वर्षमा पनि एक करोड विनियोजन गरेको जिकिर गरिएको छ।

सर्लाही, महोत्तरी र रौतहटको १३ हजार १३२ हेक्टर क्षेत्रफलमा फैलिएको सागरनाथ वन परियोजनाबारे २०७६ फागुन २४ गते

» पृष्ठ २ मा क्रमशः

### वनसम्बन्धी कसुरमा अर्धन्यायिक अधिकार प्रदेशलाई दिनुपर्ने सर्वोच्चको ठहर

त्यस्तै, वन ऐन, २०७६ ले वनसम्बन्धी कसुरमा कारबाही र किनारा गर्ने अर्धन्यायिक अधिकार संघीय सरकारले खटाएको डिभिजनल वन अधिकृतलाई दिनुलाई अदालतले प्रदेशको कार्यकारिणी अधिकारमाथिको हस्तक्षेप मानेको छ। अदालतले व्याख्या गरेको छ, 'प्रदेशभित्रको राष्ट्रिय वन तथा सोको व्यवस्थापन प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने विषय हो। यस प्रकारको विषयसँग प्रत्यक्ष रूपमा सम्बन्धित प्रशासनिक तथा अर्ध-न्यायिक अधिकार प्रदेशको कार्यकारिणी संरचनाभित्र रहनु संविधानको भावना अनुकूल हुने देखिन्छ। 'नेपाल सरकारले खटाएको' भन्ने

» पृष्ठ २ मा क्रमशः

## कार्की आयोगको म्याद थपेको थप्यै

### चुनावको मुखैमा बिबिसीको अनुसन्धानमूलक रिपोर्ट सार्वजनिक

**डिबी शर्मा/हिटा**

काठमाडौं, १४ फागुन

गत भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनमा भएको दमन र आन्दोलनको क्षतिसम्बन्धी छानविन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको म्याद थपेको थप्यै गरेका बेला बिबिसी वर्ल्ड सर्भिसले अनुसन्धानमूलक डकुमेन्ट्री सार्वजनिक गरेको छ। सरकारले कार्की आयोगको म्याद तेस्रोपटक थप गरिरहँदा बिबिसीले बिहीबार आन्दोलनको विश्लेषण र निष्कर्षसहित डकुमेन्ट्री सार्वजनिक गरेको हो। चार हजारभन्दा बढी फोटो/भिडियो मूल्यांकन गरी तयार पारिएको भनिएको डकुमेन्ट्रीमा नेपाल प्रहरीका तत्कालीन आइजिपी चन्द्रकुवेर खापुङले नै बल प्रयोग गर्न आदेश माग्न नपर्ने निर्देशन दिएको दाबी गरिएको छ। नेपाल प्रहरीको टाइमलाइन रिपोर्ट पनि प्राप्त गरेको दाबी गरिएको रिपोर्टमा 'जेन-जी' आन्दोलनका दौरान खापुङले निहत्था प्रदर्शनकारीमाथि गोली चलाउने आदेश दिएको उल्लेख छ। दिउँसो १२:३० मा कर्फ्यु लागेपछि संसद् भवन अगाडि १९ जनाको ज्यान गएको थियो। दस्तावेजमा कल साइन 'पिटर वान'ले प्रहरी अधिकृतहरूलाई कर्फ्यु लागेको १० मिनेटपछि 'आवश्यक बल प्रयोग गर्न' आदेश दिएका छन्। 'पिटर वान' नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक खापुङले प्रयोग गर्दै आएको कल साइन रहेको स्रोतलाई उद्धृत गर्दै बिबिसीले जनाएको छ। अश्रुग्यास र रबरको बुलेट प्रयोग गर्दा परिस्थिति नियन्त्रणमा नआएपछि फिल्डमा खटिएका प्रहरीले थप बल प्रयोगका लागि आदेश मागेका थिए। बिबिसीले गरेको भिडियो परीक्षणमा १७ वर्षीय श्रीयाम चौलागाई निहत्था रहेको उल्लेख छ। उहाँ विद्यार्थी पोसाकमै आन्दोलनमा आउनुभएको थियो। निधन हुनअघि उहाँ घटनास्थलबाट बाहिरिने प्रयासमा हुनुहुन्थ्यो।

भदौ २३ गते भएको 'जेन-जी' आन्दोलनको क्रममा १९ जनाको ज्यान गएको थियो। त्यसपछि भोलिपल्ट आन्दोलन थप चर्किएको थियो। 'जेन-जी' आन्दोलनको क्रममा ७६ जनाले ज्यान गुमाएका छन्। त्यसमध्ये तीनजना प्रहरीसहित ४५

» पृष्ठ २ मा क्रमशः





काठमाडौंमा गत भदौ २३ गते 'जेन-जी' पुस्ताले गरेको प्रदर्शन। फाइल तस्वीर : हिटा

### प्रतिवेदन सार्वजनिक गर्न दबाब बढाउँदै नवयुवा

नवयुवाले 'जेन-जी घटनासम्बन्धी जाँचबुझ आयोग' को प्रतिवेदन सार्वजनिक र कार्यान्वयनका लागि दबाब बढाएका छन्। आयोगको म्याद पटक-पटक थपिएको प्रति चिन्ता र शंका व्यक्त गर्दै नवयुवाहरूले प्रतिवेदन सार्वजनिक गर्नका लागि दबाब बढाएका हुन्। 'जेन-जी' मुभमेन्टस् एलाइन्स, नेपाल 'जेन-जी' फ्रन्ट, द काउन्सिल अफ 'जेन-जी' र 'जेन-जी' सिभिल फरमले बुधबार संयुक्त विज्ञप्ति जारी गरी आयोगको प्रतिवेदन

» पृष्ठ २ मा क्रमशः

### निर्वाचनपछि मात्रै आयोगले प्रतिवेदन बुझाउने

तीन महिनाको म्यादसहित घटनाको छानविन गर्न बनेको कार्की आयोगले निर्धारित निर्वाचनपछि मात्रै प्रतिवेदन बुझाउने भएको छ। एक महिनाअघि नै प्रतिवेदन लेखन पूरा भएको भनिए पनि अन्तिम समयमा आयोगको म्याद थपिएपछि अब निर्वाचनपछि मात्रै प्रतिवेदन बुझाउने भएको हो। सरकारले मंगलबार मात्रै जाँचबुझ आयोगको म्याद एक महिना थप गर्ने निर्णय गरेको

» पृष्ठ २ मा क्रमशः

### आयोगको समय पटक-पटक सार्नु गलत : प्रचण्ड



नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले 'जेन-जी' आन्दोलनबारे छानविन गर्न बनेको उच्चस्तरीय छानविन आयोगको समय थप हुनु गलत भएको टिप्पणी गर्नुभएको छ। बिहीबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीले राखेका जिज्ञासाको जवाफ दिँदै जाँचबुझ आयोगको प्रतिवेदन समयमै आउनुपर्ने बताउनुभयो। 'आयोगको प्रतिवेदन समयमा नै आउनुपर्थ्यो। एकपटक सार्‍यो त्यो मान्न सकिने कुरा हो। गर्दागर्दै भ्याइएन होला। दुईपटक पनि मोटामोटी त्यस्तै पर्‍यो कि भन्न सकिने कुरा हो,' उहाँले भन्नुभयो, 'तर तीनपटक र अझ अब चुनावपछि भन्ने कुरा गलत भएको छ। दोषी ठहर गरेर कारबाहीको प्रक्रिया अघि बढाउनुपर्थ्यो। ढिलासुस्ती गर्ने र समय सारेर चुनावपछि गर्ने कुरा विल्कुल सही भएको छैन।'

## निर्वाचन लक्षित चुनावी प्रचारप्रसार उत्तरार्धमा

### राजनीतिक दलहरू ठूला आमसभामा केन्द्रित

### सुर्खेतको चुनावी सभामा पूर्णबहादुर खड्का अनुपस्थित

कांग्रेसले बिहीबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा कर्णाली प्रदेशस्तरीय चुनावी सभा गर्‍यो। सुर्खेत पार्टीका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर

» पृष्ठ २ मा क्रमशः

### आज बुटवल र पोखरामा आमसभा

नेपाली कांग्रेसले आज (शुक्रबार) रूपन्देहीको बुटवल र कास्कीको पोखरामा चुनावी सभा गर्दै छ। कांग्रेसले बुधबार नै बुटवलमा आमसभा गर्ने तयारी गरेको

» पृष्ठ २ मा क्रमशः




सुर्खेतमा बिहीबार आयोजित चुनावी सभामा सहभागी हुँदै नेपाली कांग्रेसका सभापति गगनकुमार थापालगायत।

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १४ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको लागि निर्वाचन आयोगले निर्धारण गरेको चुनावी प्रचारप्रसारको समय उत्तरार्धमा आइपुग्दा राजनीतिक दल र उम्मेदवारहरूले मतदाता आफ्नो पक्षमा पार्न अन्तिम कसरत गरिरहेका छन्। राजनीतिक दलहरूले यसपटक घरदैलो कार्यक्रमलाई प्राथमिकता राखेका थिए। तर, पछिल्ला दिनहरूमा भने दलहरूले ठूलो आमसभालाई पनि उत्तिकै जोड दिन थालेका

» पृष्ठ २ मा क्रमशः




### नेकपाको सम्पत्ति छानविनदेखि निर्वाचन प्रणाली फेर्नेसम्मका प्रतिबद्धता

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले आसन्न प्रतिनिधिसभा चुनाव लक्षित सार्वजनिक अपिल जारी गरेको छ। यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनका लागि २२ वटा विभिन्न कम्युनिष्ट तथा समाजवादी पार्टी र समूहहरू मिलेर बनेको नेकपाले बिहीबार आफ्नो चुनावी अपिल सार्वजनिक गरेको हो। पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालद्वारा हस्ताक्षरित अपिलमा विगतका कमी कमजोरी सच्याउँदै देशको अवस्था बदल्न 'तारा' चुनाव

» पृष्ठ २ मा क्रमशः

### रास्वपा जिल्ला सभापति नै कांग्रेसतिर

चुनाव आउन केही दिन बाँकी रहेको बेला नेताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाड्ने क्रम जारी छ। बिहीबार रास्वपा नवलपरासी (बर्दघाट सुस्तापूर्व) का जिल्ला सभापति महेन्द्रसिंह ठकुरी नै नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ। बिहीबार बर्दघाट नगरपालिका-१२

» पृष्ठ २ मा क्रमशः

### चुनावको मुखमा सिंगापुर उडे देउवा

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा सिंगापुर जानुभएको छ। स्वास्थ्य उपचारका लागि भन्दै देउवा सिंगापुर जानुभएको हो। सिंगापुर एयरलाइन्सको उडानबाट बुधबार राति देउवा आफ्ना भतिजा भानु देउवासहित तीनजना सिंगापुर

» पृष्ठ २ मा क्रमशः

### बदलिएको कांग्रेसले देश दुर्घटनामा पर्न दिँदैन : सभापति थापा



कांग्रेस सभापति गगनकुमार थापाले बदलिएको कांग्रेसले देशलाई दुर्घटनामा पर्न नदिने दाबी गर्नुभएको छ। कांग्रेसले बिहीबार सुर्खेतमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै सभापति थापाले भन्नुभयो, 'हिजो भएका कमी कमजोरीलाई मिल्काउँदै आएका छौँ, सफा गर्नुपर्ने ठाउँमा सफा गर्दै, सच्चिनुपर्ने ठाउँमा सच्चिएर, दह्रोसँग उभिएर आएका छौँ। कांग्रेस बदलेर आएका छौँ, देश बदल्ने संकल्प

» पृष्ठ २ मा क्रमशः

### हारजितभन्दा मुलुकले निकास पाउने एजेण्डा मुख्य हो : उपसभापति शर्मा



कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले 'जेन-जी' आन्दोलनपछिको विषम परिस्थितिबाट पार लगाउन सक्ने शक्ति कांग्रेस भएको दाबी गर्नुभएको छ। अप्ठ्यारा र विषम परिस्थितिमा कांग्रेसको नेतृत्वमा नै मुलुकले निकास पाएको भन्दै उहाँले फागुन २१ को निर्वाचनमा पहिलो पार्टी बनाउन मतदातासँग

» पृष्ठ २ मा क्रमशः

### वामपन्थी र विचार नभएकाहरूसँग एकैपटक प्रतिस्पर्धा : उपसभापति भुसाल



कांग्रेस उपसभापति पुष्पा भुसालले सम्पूर्ण कर्णालीको विकास गर्ने लक्ष्य कांग्रेसले लिएको दाबी गर्नुभएको छ। सुर्खेतको वीरेन्द्रनगरमा आयोजित चुनावी सभामा भुसालले जनतासँग मत माग्दा कुनै आवेग वा भावनाको कुरा गर्न नआएको उल्लेख गर्दै भन्नुभयो, 'प्राप्त उपलब्धि रक्षा गर्न कांग्रेसकै आवश्यकता

» पृष्ठ २ मा क्रमशः

## पर्वतमा पुरानालाई नयाँको चुनौती

### जोशी र गिरी तेस्रोपटक आमनेसामने



अर्जुनप्रसाद जोशी–कांग्रेस | पदम गिरी–एमाले | मनहरी शर्मा–नेकपा | सागर भुषाल– रास्वपा

**डम्मर बुढामगर/हिटा**

पर्वत, १४ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्वतमा यसपटक रोचक र बहुआयामिक प्रतिस्पर्धा हुने देखिएको छ। एउटा मात्रै निर्वाचन क्षेत्र रहेको पर्वतमा विभिन्न १३ राजनीतिक दल र चार स्वतन्त्रसहित १७ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। मुख्य प्रतिस्पर्धा भने नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय स्वतन्त्र पार्टीबीच हुने आँकलन गरिएको छ। पुराना र नयाँ दलबीचको यो प्रतिस्पर्धाले यसपटकको निर्वाचनलाई अझै चासोपूर्ण बनाएको छ।

### जोशी–गिरीको रोचक भिडन्त

पर्वतमा २०७४ सालदेखि निरन्तर दोहोरिँदै आउनुभएका अर्जुनप्रसाद जोशी र पदम गिरीबीचको प्रतिस्पर्धा यसपटक पनि कायम छ। कांग्रेसका अर्जुनप्रसाद जोशीले २०५६ को संसदीय निर्वाचन तथा २०६४ र २०७० का संविधानसभा निर्वाचनमा

» पृष्ठ २ मा क्रमशः

### नयाँ उम्मेदवारसँग पुराना दबाबमा

यसपटकको निर्वाचनमा नयाँ दलका उम्मेदवारहरू पुराना दलका लागि चुनौती बन्नसक्ने संकेत देखिएको छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का मनहरि शर्मा पहिलोपटक चुनावी मैदानमा हुनुहुन्छ।

» पृष्ठ २ मा क्रमशः

### स्थानीय तहको शक्ति सन्तुलन

पर्वतमा दुई नगरपालिका र पाँच गाउँपालिका छन्। स्थानीय तहको परिणामले पनि संघीय निर्वाचनको मतगणितलाई प्रभाव पार्ने देखिन्छ।

» पृष्ठ २ मा क्रमशः

### समानुपातिक मतको संकेत

अघिल्लो प्रतिनिधिसभा निर्वाचनको समानुपातिक मत परिणामलाई आधार मान्दा एमाले अग्रस्थानमा देखिएको छ। एमालेले २५ हजार ३१४ मत प्राप्त

» पृष्ठ २ मा क्रमशः




हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी

# सप्तरीमा यस वर्ष आँप उत्पादन बढ्ने संकेत



**अनिल पोखरेल/हिटा**

सप्तरी, १४ फागुन

यस वर्षको अनुकूल मौसम र आँपका रूखमा प्रशस्त मञ्जरी लागेकाले सप्तरीमा आँप उत्पादन उल्लेख्य रूपमा बढ्ने अनुमान गरिएको छ। कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार जिल्लाभरि आँपका बोटहरूमा पातै नदेखिने गरी फूल फूलेका छन्, जसले किसानमा उत्साह थपेको छ।

साना बारीदेखि ठूला व्यावसायिक बगैँचासम्म यतिबेला आँपका रूख फूलले ढाकिएका छन्। उत्पादन बढ्ने संकेत देखिएसँगै किसानहरू यस वर्ष राम्रो आम्दानी हुने अपेक्षामा छन्।

कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार सप्तरीमा यस वर्ष आठ हजार २५३ हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको कृषि ज्ञान केन्द्रका कार्यलय प्रमुख किसुनदेव राउतले जनाउनुभएको छ। ती क्षेत्रबाट करिब ७५ हजार मेट्रिक टन आँप उत्पादन हुने अनुमान गरिएको छ। अनुकूल मौसम कायम रहे र हावाहुरी तथा असिनाको असर नगरे अपेक्षित परिणाम आउने कार्यालयको विश्वास छ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्रप्रसाद यादवका अनुसार आँप बाली एक वर्ष बढी र अर्को वर्ष कम फल्ने प्रकृतिको हुन्छ। 'यस वर्ष फूल राम्रो लागेकाले उत्पादन उल्लेख्य हुने अनुमान गरेका छौँ', उहाँले बताउनुभयो।

सप्तरीमा उत्पादन हुने आँप स्थानीय बजारसँगै काठमाडौं, नारायणघाट, पोखरा, विराटनगर, धरान लगायतका सहरमा पुग्ने गरेको छ। माग उच्च रहने भएकाले किसानहरू फूल लाग्नासाथ बगैँचा ठेक्कामा दिने चलन पनि बढ्दो छ। यसले बजार व्यवस्थापनको झन्झट कम गरिदिएको किसानहरू बताउँछन्। जिल्लामा सबैभन्दा बढी मालदह जातको आँप लगाइएको छ। साथै कृष्णभोग, बम्बै, अम्रपाली, दार्जिलिङ केलवा, कलकतिया लगायतका जातका आँप पनि व्यावसायिक रूपमा खेती गरिन्छ। सबै जातमा यतिबेला राम्ररी फूल लागेको कृषि प्राविधिकहरूको भनाइ छ।

शम्भुनाथ, सीतापुर, फत्तेपुर, लोहाजारा, महुली, मोहनपुर, रुपनी, बेल्हा, रूपनगर, कञ्चनपुर, कदमहा, कल्याणपुर र जोगमोहन क्षेत्रमा व्यावसायिक आँप उत्पादन बढी हुने गरेको छ। सुक्खा जमिनमा अन्य बाली राम्रो नफस्टाउने र सिँचाइको सुविधा सीमित रहेकाले किसानहरू व्यावसायिक आँप खेतीतर्फ आकर्षित भएका हुन्। तर, उत्पादन राम्रो हुन चैत्र-वैशाखमा चल्ने हावाहुरी, असिना र मधुवाजस्ता रोगबाट जोगाउनुपर्ने चुनौती भने कायमै छ। ती जोखिम नियन्त्रण गर्न सके यस वर्ष आँपले किसानको अनुहारमा मुस्कान ल्याउने देखिन्छ।

मधेश प्रदेशमा मात्रै करिब २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती हुने गरेको छ। तराईका सप्तरी, सिरहा, धनुषा लगायतका जिल्लामा आँप उत्पादन व्यापक छ। मधेसका जिल्लामा फल्ने मालदह, दसहरी, आम्रपाली, बम्बै र कलकतिया जातका आँप स्वाद, रसिलोपन र गुणस्तरका कारण देशभर माग हुने गरेको छ। अनुकूल मौसमले साथ दिए यस वर्ष सप्तरीको आँपबारीबाट मिठास मात्र होइन, किसानको आम्दानी पनि बढ्ने अपेक्षा गरिएको छ।

**आज वि.सं २०८२ फाल्गुन १५ गते, शुक्रबार, ई.स. २०२६ फेब्रुअरी २७, तिथि- फाल्गुन शुक्लपक्ष एकादशी, आर्द्रा- नक्षत्र, १०:५७ बजेपछि पुनर्वशु, आयुष्मान्- योग, वणिज- करण, चन्द्रराशि- मिथुन, सूर्योदय- ६:३३, सूर्यास्त- १८:०२।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : बोलिचाली, यात्रा र साहसमा वृद्धि आउनेछ। सामाजिक तथा सृजनात्मक कार्यमा लगाव बढ्नेछ। लेखन, प्रस्तुति वा सञ्चारमाध्यमका लागि लाभदायक समय हो।

वृष : पारिवारिक मेलमिलाप र आर्थिक स्थायित्वमा सहयोग पुऱ्याउनेछ। विगतका वित्तीय असन्तुलन सन्तुलित गर्न सकिने समय हो। वाणीको प्रयोगले लाभ दिलाउनेछ।

मिथुन : आत्मनिरीक्षण र नवचिन्तनका लागि उत्कृष्ट समय छ। विगतका अनुभवहरूबाट पाठ सिक्दै नयाँ दिशा तय गर्न सकिनेछ। पारिवारिक वा व्यक्तिगत विषयमा समाधानमुखी दृष्टिकोण आवश्यक हुनेछ। आज सुरु गरिएका योजना दीर्घकालीन लाभदायक हुनेछन्।

कर्कट : खर्च, यात्रा वा मानसिक अस्थिरता ल्याउन सक्छ। एकान्त, अध्यात्म वा योगमार्फत आन्तरिक सन्तुलन कायम गर्न सकिनेछ। गोप्य कार्य वा अनुसंधानमा सफलता मिल्ने समय हो। आन्तरिक चिन्तनमा वृद्धि हुनेछ।

सिंह : इच्छापूर्ति, मित्रता र सामाजिक लाभको संकेत देखिन्छ। पुराना योजना पुनः जीवित हुन सक्छन्। आर्थिक लाभका संकेत प्रबल छन्। सामाजिक सम्मान तथा सञ्जालमार्फत फाइदा प्राप्त हुने समय हो।

कन्या : कर्तव्यप्रति जागरुकता र आत्मप्रेरणा देखिन्छ। जिम्मेवारी र नेतृत्वदायी भूमिकामा उन्नति सम्भव छ। सार्वजनिक छवि बलियो बन्न सक्छ। व्यवस्थित कार्यशैली सफलतामा सहायक हुनेछ।

तुला : समय भाग्यप्रदायक रहेको छ। यात्रा, दर्शन वा उच्च अध्ययनको संकेत मिल्नेछ। गुरु वा अभिभावकको आशीर्वाद प्राप्त हुनेछ। निर्णयमा दर्शन र संयमता राख्नु शुभ हुनेछ।

वृश्चिक : अनावश्यक चिन्ता वा मानसिक गम्भीरता ल्याउन सक्छ। गोपनीयता र आत्मसंयम आवश्यक हुनेछ। रोग, ऋण वा विवादजन्य विषयमा सतर्कता आवश्यक छ। ध्यान वा साधनामा मन लगाउँदा मानसिक सन्तुलन आउनेछ।

धनु : सम्बन्धहरू पुनर्निर्माणको समय देखिन्छ। प्रेम वा वैवाहिक जीवनमा संवादबाट सुमधुरता ल्याउन सकिनेछ। साझेदारीका क्षेत्रमा नयाँ सम्झौताका अवसर प्राप्त हुने सम्भावना छ।

मकर : कार्यक्षेत्रमा सफलता, शारीरिक स्फूर्ति र समस्यामाथि विजयको सूचक देखिन्छ। पुराना समस्या पुनः उठ्न सक्छन् तर समाधानका उपायहरू पनि सँगसँगै आउनेछन्। अनुशासन र निरन्तरतामा केन्द्रित रहनुपर्छ।

कुम्भ : प्रेम, सन्तान वा सिर्जनात्मक कार्यहरूमा पुनरारम्भको संकेत छ। सृजनात्मक अभिव्यक्तिमा राम्रो समय हो। विद्यार्थीहरूका लागि अध्ययनमा केन्द्रित हुने समय हो।

मीन : घरपरिवार, माता वा स्थायी सम्पत्तिसम्बन्धी विषयमा विचार गर्न बाध्य पार्न सक्छ। विगतका अपूर्ण कार्यहरूमा आज ध्यान जान सक्छ। भावनात्मक स्थिरता र व्यावहारिक निर्णय आवश्यक हुनेछ।

## कार्की आयोगको ...

« पृष्ठ १ बाट क्रमशः

जनालाई शहीद घोषणा गरेको छ।

आन्दोलनका क्रममा कैयौँ सरकारी कार्यालय, व्यापारिक प्रतिष्ठान तथा निजी घर र सम्पत्तिमा आक्रमण, लुटपाट र आगजनीका घटनाहरू भएका थिए। दुई दिनको घटनामा ८४ अर्ब मूल्य बराबरको भौतिक क्षति पुगेको थियो। भदौ २४ गते आन्दोलन थप बल्झिएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुभएको थियो। २३ भदौको घटना छानविनका लागि अन्तरिम सरकारले गठन गरेको उच्चस्तरीय छानविन आयोगको प्रतिवेदन आउनै बाँकी छ। अहिलेसम्म कोही पनि यस घटनाको जिम्मेवार भएका छैनन्। 'जेन-जी' आन्दोलनपछि २१ फागुनमा निर्वाचन हुन गइरहेको छ।

## प्रतिवेदन सार्वजनिक ...

« पृष्ठ १ बाट क्रमशः

सार्वजनिकका लागि दबाब दिनुका साथै त्यसको कार्यान्वयनमा जोड दिन सरकार, राजनीतिक दल तथा सञ्चार माध्यमहरूको ध्यानाकर्षण गराएका हुन्। अन्तरिम सरकारले चुनाव मात्रै नभई 'जेन-जी' घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्ने कुराको अपेक्षा गरेको भए पनि त्यस्तो हुन नसकेको गुनासो छ। 'जेन-जी' मुभमेन्ट एलायन्सले आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरेको छ। एलायन्सका प्रतिनिधिहरूले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर सामूहिक ज्ञापनपत्र दर्ता गराउँदै सरकारको ध्यानाकर्षण गराएका हुन्। पूर्व-प्रधानन्यायाधीशको नेतृत्वमा रहेको वर्तमान अन्तरिम नागरिक सरकारले नै दोषीलाई कारबाही र पीडितलाई न्याय दिने विश्वासमा आफूहरू रहेको भए पनि पछिल्लो समय आयोगको म्याद पटक-पटक थपेर निर्वाचन पछाडि धकेल्नु शंकास्पद रहेको ज्ञापनपत्रमा उल्लेख छ।
फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनअगावै प्रतिवेदन सार्वजनिक गरी दोषीमाथि कानुनी प्रक्रिया अगाडि बढाउनुपर्ने माग 'जेन-जी'ले राखेको छ।
प्रतिवेदन निर्वाचनपछि मात्र सार्वजनिक गर्ने चर्चाले जनमानसमा संशय पैदा गरेको र यसलाई विगतका आयोगहरू जस्तै दराजमा थन्क्याएर दण्डहीनतालाई प्रश्रय दिन खोजिएको त होइन ? भन्ने प्रश्न एलायन्सले उठाएको छ।

## निर्वाचनपछि मात्रै ...

« पृष्ठ १ बाट क्रमशः

छ। आयोगको म्याद थप भएको यो तेस्रोपटक हो। यसअघि पुस ८ गते एक महिना र माघ ८ गते २० दिनलाई म्याद थपिएको थियो। अहिले फेरि एक महिना म्याद थपिएको हो।
जाँचबुझ आयोगले गत असोज ८ गतेदेखि काम थालेको थियो। तीनमहिने म्याद पुस ९ गते नै सकिएको हो। यस अवधिमा काम नसकिएपछि मन्त्रिपरिषद्ले एक महिना म्याद थप गर्ने निर्णय गरेको थियो। पहिलोपल्ट थपिएको उक्त म्याद माघ ८ मा सकिएपछि पुनः दुई साताका लागि बढाइएको थियो। अन्तिमपल्ट म्याद थप्ने बेला २० प्रतिशत काम बाँकी थियो। तर, अन्तिम समयमा पनि काम पूरा नभएको भन्दै तेस्रोपटक म्याद थप भएको हो।

आयोगले अन्तिम समयमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको लिखित वक्तव्य पाएपछि बयानको काम पूरा गरेको थियो। आयोगले यसअघि नै 'जेन-जी' आन्दोलनसँग सम्बन्धित विवरण र अरू तथ्यांकहरू संकलन गरेको थियो। तल्ला तहका सुरक्षा अधिकारीहरूसँगको बयानपछि आयोगले काठमाडौंका तत्कालीन प्रहरी प्रमुख, उपत्यका प्रहरी कार्यालय, प्रहरी मुख्यालयका उच्चपदस्थ अधिकारीहरूसँग बयान लिएको थियो। त्यसबाहेक सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागका साथै काठमाडौंका प्रमुख जिल्ला अधिकारी, तत्कालीन गृहसचिव, मुख्यसचिव लगायतसँग पनि आयोगले बयान लिएको छ। प्रधानसेनापति अशोकराज सिग्देलले पनि आफ्ना अधिकारीहरूका साथमा आयोगमा पुगेर बयान दिएका थिए।

आयोगले आन्दोलन दमनमा मुख्य भूमिका खेल्ने र दोषी देखिएकालाई कारबाहीका लागि सिफारिश गर्ने म्याण्डेटसमेत पाएको छ। आयोगले छानविन सकेर दोषी देखिएकाहरूलाई कारबाहीको प्रक्रिया अघि बढाउन निर्देशन दिन सक्नेछ। छानविनका लागि कुनै पनि व्यक्तिलाई लिखत पेस गर्न, प्रमाण बुझ्न र सरकारी अड्डा तथा अदालतबाट कागजात र नक्कल मगाउन सक्ने व्यवस्था छ।

## प्रदेश २ ले दायर ...

« पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्बाट निर्णय गर्दै प्रदेश २ सरकारले आफ्नो मातहत ल्याएको थियो। तर, यस निर्णयलाई केन्द्र सरकारले अस्वीकार गरेपछि विवाद चर्किएको थियो। प्रधानमन्त्री कार्यालयले २०७६ जेठ २३ गते सागरनाथ वन परियोजनालाई द टिम्बर कर्पोरेसनमा मर्ज गरेर वन निगम लिमिटेड बनाउने निर्णय गरेको थियो।

नेपालको संविधानको धारा २३२ ले स्पष्ट रूपमा 'संघ प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुनेछ', भन्ने व्यवस्था गरे पनि दि टिम्बर कर्पोरेसन अफ नेपालमा मर्ज गर्दा कुनै समन्वय नगरेको जिकिर गरेको थियो। सर्वोच्च अदालतले सो मुद्दामा संघ, प्रदेश र स्थानीय तहबीच वनसम्बन्धी अधिकारको बाँडफाँट 'प्रतिस्पर्धात्मक' नभई 'सहकार्यात्मक संघीयता' को ढाँचामा रहेको विस्तृत व्याख्या गरेको छ। 'नेपालको संविधानले वनसम्बन्धी विषयमा नीति निर्माणको भूमिकामा संघ, व्यवस्थापकीय भूमिकामा प्रदेश र संरक्षण तथा सहभागितामूलक भूमिकालाई स्थानीय तह र समुदायसँग जोड्दै समग्रमा संवैधानिक संरचना अंगीकार गरेको निर्क्योलमा पुग्न सकिने' व्याख्या गरेको छ।

सर्वोच्चले यसरी अनुसूची-६ मा उल्लिखित प्रावधानलाई 'एक्सक्लुसिभ बट नट एब्लोल्युट प्रोभिजन'का रूपमा ग्रहण गर्नु उपयुक्त देखिन्छ। अर्थात्, प्रदेशलाई सम्बन्धित विषयमा प्राथमिक अधिकार भएको तर सो अधिकार संविधानको समग्र ढाँचा, संघीय नीति-निर्माणको दायरा तथा साझा अधिकारसम्बन्धी व्यवस्थासँग समन्वयमा प्रयोग गरिनुपर्ने हुन्छ' भनी व्याख्या गरेको छ। संघ र प्रदेशको अधिकार बाझिएको अवस्थामा अदालतले 'समन्वयात्मक व्याख्या'को सिद्धान्त अपनाएको छ। एउटै विषय फरक संवैधानिक दृष्टिकोणबाट संघीय र प्रादेशिक दुवै तहको विधायिकी अधिकारमा पर्नसक्ने भन्दै संघले नीति बनाउने र प्रदेशले व्यवस्थापन गर्ने कुरालाई सन्तुलित गर्नुपर्ने अदालतको व्याख्या छ।

फैसलामा भनेको छ, 'संविधानले वनसम्बन्धी विषयलाई न त पूर्णतः संघीय नियन्त्रणमा राख्ने, न त प्रदेशलाई मात्र निरपेक्ष एकाधिकार दिनेगरी व्यवस्था गरिएको पाइन्छ। बरु बहुतहगत, समन्वयात्मक र कार्यात्मक संघीय संरचनाभित्र राख्ने स्पष्ट अभिप्राय प्रकट गरेको देखिनुको साथै नीति, मापदण्ड, व्यवस्थापन र संरक्षणका तहगत भूमिकाहरू फरक-फरक भए पनि परस्पर पूरक रहनेगरी परिकल्पना गरिएको पाइन्छ।' अदालतले संविधानको अनुसूची-५ बमोजिम 'राष्ट्रिय वन नीति' संघको एकल अधिकार भए पनि अनुसूची-६ बमोजिम 'प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन' प्रदेशको एकल अधिकार भएको प्रष्ट पारेको छ। फैसलामा भनिएको छ, 'राष्ट्रिय वन नीति प्रदेशभित्रको वन व्यवस्थापनलाई निर्देशित गर्ने आधार हो भने प्रदेशको व्यवस्थापन अधिकार त्यस नीतिको व्यावहारिक कार्यान्वयनको माध्यम हो। संविधानको धारा ५७(२) ले प्रदेशको अधिकार प्रयोग 'यो संविधान र प्रदेश कानुनबमोजिम हुने भनी स्पष्ट गरेकाले प्रदेशीय व्यवस्थापन अधिकार पनि संघीय नीति र संविधानको समग्र संरचनासँग असंगत हुन सक्दैन।' फैसलाको पूर्णपाठमा भनिएको छ, 'संघीय कानुनको नाममा प्रदेशभित्रको राष्ट्रिय वनसम्बन्धी दैनिक प्रशासन, व्यवस्थापन र निर्णय प्रक्रिया पूर्ण रूपमा केन्द्रीय नियन्त्रणमा राखिने हो भने अनुसूची-६ को व्यवस्था औपचारिक मात्र भई व्यावहारिक रूपमा निष्प्रभावी बन्ने जोखिम रहन्छ।'

## वनसम्बन्धी कसुरमा ...

« पृष्ठ १ बाट क्रमशः

शब्द प्रयोग गरिएकाले प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयमा केन्द्रीय कार्यकारिणी संरचनाबाट मात्र अधिकारी खटाइने अवस्था सिर्जना भएको छ। यसले संविधानले प्रदेशलाई प्रदान गरेको कार्यकारिणी अधिकारलाई व्यावहारिक रूपमा निष्क्रिय बनाउने अवस्था सिर्जना गरेको छ।'

'वन ऐन, २०७६ को दफा २(त) मा रहेको 'प्रदेशभित्रको राष्ट्रिय वन' लाई 'राष्ट्रिय वन' भित्र समेटिएको व्यवस्थालाई संविधान अनुकूल व्याख्या गरी 'प्रदेशभित्रको राष्ट्रिय वन' सम्बन्धमा जहाँजहाँ 'राष्ट्रिय वन' भन्ने शब्द प्रयोग भएको छ, त्यसलाई संविधानको अनुसूची-६ को क्रसं. १९ बमोजिम प्रदेश सरकारको व्यवस्थापन अधिकारलाई निष्क्रिय नपार्ने अर्थमा व्याख्या गरिनुपर्ने हुन्छ। 'वर्गीकरणले प्रदेशको संवैधानिक व्यवस्थापन अधिकारलाई अस्वीकार वा संकुचित गर्नेगरी व्याख्या गरिनु वाञ्छनीय हुन आउँदैन' सर्वोच्चले पूर्णपाठमा भनेको छ।'

सर्वोच्च अदालतले वन ऐन, २०७६ का केही शब्द तथा वाक्यांशहरू संविधानसँग बाझिएको भन्दै अमान्य र बदर घोषित गरेको छ भने संघीय सरकारका नाममा परमादेश र निर्देशनात्मक आदेश जारी गरेको छ। 'वन ऐन, २०७६ को दफा २ को खण्ड (ज) र दफा ६७ को उपदफा (१) मा रहेको नेपाल सरकारसमेतका शब्दावली संविधानको धारा ५७, अनुसूची-६ को क्रसं. १९ तथा संघीय संरचनाको भावनासँग बाझिएको देखिएको हुँदा उक्त वन ऐन, २०७६ को दफा २ को खण्ड (ज) मा प्रयुक्त 'प्रचलित कानुनबमोजिम नेपाल सरकारले खटाएको' भन्ने वाक्यांश र ऐ. ऐनको दफा ६७ को उपदफा (१) मा प्रयुक्त 'नेपाल सरकारको' भन्ने शब्दावली नेपालको संविधानको धारा १३३(१) बमोजिम फैसला भएको मितिदेखि अमान्य र बदर घोषित गरिदिएको छ।'

## जोशी–गिरीको ...

« पृष्ठ १ बाट क्रमशः

लगातार जित निकाल्दै 'ह्याट्रिक' गर्नुभएको थियो।

तर, २०७४ को प्रतिनिधिसभा निर्वाचनमा एमालेका पदम गिरीले वाम गठबन्धनको समर्थनमा जोशीलाई १२ हजार ४५६ मतान्तरले पराजित गर्दै कांग्रेसको लामो विरासतमा 'ब्रेक' लगाउनुभएको थियो। त्यसबेला गिरीले ३९ हजार २७५ मत प्राप्त गर्दा जोशीले २६ हजार ८१९ मत पाउनुभएको थियो।

२०७९ को निर्वाचनमा पाँचदलीय गठबन्धनको साथ पाए पनि जोशीले जित निकाल्न सक्नुभएन। गिरीले २९ हजार ८७२ मतसहित दुई हजार २६३ मतान्तरले पुनः जोशीलाई पराजित गर्नुभएको थियो। जोशीले २७ हजार ६०९ मत प्राप्त गर्नुभएको थियो।

दोस्रोपटक निर्वाचित भएपछि गिरीले स्वास्थ्य र कानुन मन्त्रालय सम्हाल्दै मन्त्री बन्ने अवसर पाएर जिल्लामा नयाँ राजनीतिक इतिहास रच्नुभएको थियो। २०७४ र २०७९ सालमा लगातार निर्वाचन जित्नुभएका गिरी तेस्रो जितको प्रयासमा हुनुहुन्छ।

## नयाँ उम्मेदवारसँग ...

« पृष्ठ १ बाट क्रमशः

लामो समयसम्म नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'सँग निकट रहेर काम गर्नुभएका शर्माले विभिन्न वाम घटकहरूको समर्थन जुटाउने प्रयास गरिरहनु भएको छ। विकास निर्माणमा आफ्नो भूमिका देखाउँदै उहाँ अन्य दलका मत तान्ने रणनीतिमा हुनुहुन्छ।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका सागर भुसाल पनि सशक्त दाबेदारका रूपमा उभिनुभएको छ। अघिल्लो निर्वाचनमा संगठन कमजोर हुँदा पनि प्रत्यक्षतर्फ चार हजारभन्दा बढी मत प्राप्त गरेको रास्वपाले यसपटक संगठन विस्तारलाई तीव्र बनाएको छ। युवा पुस्तामा बढ्दो आकर्षणलाई आधार मानेर भुसालले कांग्रेस-एमालेलाई चुनौती दिइरहनु भएको छ।

लामो समय चुनाव बहिष्कार गर्दै आएको विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पनि यसपटक निर्वाचनमा सहभागी भएको छ। सो पार्टीले कृष्णबहादुर विकलाई उम्मेदवार बनाएको छ।

निर्वाचनमा राप्रपाका दुर्गाबहादुर मल्ल, नेपाल मजदुर किसान पार्टीका ऐलिना सुवाल, आमजनता पार्टीकी पवित्रा मल्ल, राष्ट्रिय जनमोर्चाका भीमलाल न्यौपाने, उज्यालो नेपाल पार्टीका यमबहादुर चोचांगी, मंगोल नेसनल अर्गनाइजेसनबाट लालकुमारी थापा राना, नेसनल रिपब्लिक नेपालबाट वीरबहादुर गुरुङ र राष्ट्रिय जनमुक्ति पार्टीबाट माया पाइजा पुन (फकामी मगर) हुनुहुन्छ। पर्वतमा अन्य चारजना स्वतन्त्र उम्मेदवार पनि प्रतिस्पर्धामा छन्। स्वतन्त्र उम्मेदवारमा गंगालाल रिमाल, मीना पौडेल शर्मा, सीता देवी शर्मा र सावित्री शर्मा रहनुभएको छ।

## स्थानीय तहको ...

« पृष्ठ १ बाट क्रमशः

कुश्मा नगरपालिका र फलेबास नगरपालिकासहित जलजला, पैयुँ र विहादी गाउँपालिकामा कांग्रेसको प्रभाव देखिन्छ भने महाशिला र मोदी गाउँपालिकामा एमाले बलियो छ। वडा तहमा पनि दुवै दलबीच प्रतिस्पर्धात्मक अवस्था छ।

## समानुपातिक ...

« पृष्ठ १ बाट क्रमशः

गरेको थियो भने कांग्रेसले १८ हजार ८१७ मत पाएको थियो। रास्वपाले नौ हजार ६७९, तत्कालीन नेकपा माओवादी (केन्द्र)ले सात हजार ३६ मत र राप्रपाले एक हजार ६९९ मत प्राप्त गरेका थिए। समानुपातिक मत परिणामले एमाले अग्रस्थानमा देखिए पनि प्रत्यक्षतर्फ गठबन्धन, उम्मेदवारको व्यक्तिगत प्रभाव र नयाँ दलको हस्तक्षेपले अन्तिम परिणाम प्रभावित हुनसक्ने देखिन्छ।

पर्वतमा यसपटकको प्रतिनिधिसभा निर्वाचन पुराना शक्तिशाली दल र उदाउँदै गरेका नयाँ शक्तिबीचको प्रतिस्पर्धाका रूपमा चित्रित भएको छ। जोशी-गिरीको पुरानो प्रतिद्वन्द्वितासँगै नयाँ अनुहारहरूको उपस्थितिले निर्वाचन परिणामलाई अनिश्चित बनाएको छ।

मतदाताको झुकाव, गठबन्धनको समीकरण र संगठनात्मक प्रभावले अन्तिम नतिजा तय गर्नेछ। पर्वतको राजनीति यसपटक फेरि नयाँ मोडतर्फ उन्मुख हुने संकेत देखिएको छ।

पर्वतमा एक लाख २५ हजार ४६६ मतदाता छन्। महिला मतदाता ६२ हजार ८६५ र पुरुष मतदाता ६२ हजार ६०० रहेका छन् भने अन्य मतदाता एकजना छन्। २०७९ सालको निर्वाचनमा पर्वतमा कुल मतदाता संख्या एक लाख २२ हजार ६४९ थियो। यसअघिको निर्वाचनको तुलनामा यसपटक दुई हजार ८१७ मतदाता बढेका छन्। जिल्लामा मतदानका लागि ७६ मतदानस्थल र १५१ मतदान केन्द्र निर्धारण गरिएको छ।

## निर्वाचन लक्षित ...

« पृष्ठ १ बाट क्रमशः

छन्। ठूला आमसभा गर्नेमा यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रस्थानमा देखिएको छ। प्रतिनिधिसभाको निर्वाचनलाई लक्षित गर्दै फागुन ६ गते मधेस प्रदेशको जनकपुरमा ठूलो आमसभा गरेको नेपाली कांग्रेसले अन्य प्रदेशमा पनि चुनावी सभा गर्न थालेको छ। कांग्रेसले जनकपुरमा पहिलो चुनावी सभा गरी प्रतिज्ञापत्र सार्वजनिक पनि गरेको थियो। कांग्रेसले बिहीबार एकैदिन कर्णाली प्रदेशको राजधानी सुर्खेत र लुम्बिनी प्रदेशको बाँकेमा चुनावी सभा गरेको छ। सभाहरूमा सम्बन्धित प्रदेशभित्रका प्रतिनिधिसभा निर्वाचन क्षेत्रका उम्मेदवार तथा स्थानीय नेताहरू पनि सहभागी थिए।

## सुर्खेतको चुनावी ...

« पृष्ठ १ बाट क्रमशः

खड्काको गृहजिल्ला हो। खड्का सुर्खेत-१ बाट चुनाव लड्दै आउनुभएको थियो। तर, पार्टीभित्र बदलिएको परिस्थितिका कारण यसपटक भने उम्मेदवार बन्नुभएको छैन। कांग्रेस सभापति गगनकुमार थापाले सम्बोधन गरेको चुनावी सभामा खड्का सहभागी हुनभएन। गगनको नेतृत्वमा विशेष महाधिवेशन हुँदा खड्का कार्यवाहक सभापति हुनुहुन्थ्यो। निर्वाचन आयोगले पनि गगन नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएपछि खड्का सर्वोच्च अदालतसम्म पुग्नुभएको थियो। सर्वोच्चले पनि तत्कालीन सभापति शेरबहादुर देउवाको पक्षमा फैसला नदिएपछि खड्का चुनावी अभियानमा हिँड्नुभएको छैन। आफ्नै गृह जिल्लामा भएको चुनावी सभामा समेत खड्का सहभागी हुनुभएन। प्रदेशका उपसभापति विष्णुबहादुर पूर्ण बहादुरका आफ्नै भाइ हुन्। विष्णु सुर्खेत-१ बाट उम्मेदवार रहनुभएको छ।

## आज बुटवल ...

« पृष्ठ १ बाट क्रमशः

थियो। तर, शीर्ष नेताहरूको समय अभावले सभा आजको लागि सारिएको हो। सभालाई सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा लगायतका नेताहरूले सम्बोधन गर्ने कार्यक्रम छ। कांग्रेस क्षेत्र नम्बर २ को आयोजनामा बिहान १० बजे बुटवलको देवीनगरमा चुनावी सभा हुन लागेको हो। कांग्रेसले फागुन १७ गते काठमाडौंमा चुनावी सभा गर्ने तयारी गरेको छ। कांग्रेसले कोसी र सुदूरपश्चिममा पनि सभाको तयारी गरेको छ। तर, मिति भने तय भइसकेको छैन।

## बदलिएको कांग्रेसले ...

« पृष्ठ १ बाट क्रमशः

लिएर आएका छौँ, बदल्छौँ, सुधार्छौं तर दुर्घटना हुन दिन्नौँ।' नयाँ-नयाँ भन्नेहरूको भुलभुलैयामा नपरी देशले पाएको मौकालाई खेर नफाल्ने पनि उहाँले आग्रह गर्नुभएको छ। सभापति थापाले चुनावका बारेमा संशय पैदा गर्ने प्रयास भइरहेको समेत टिप्पणी गर्नुभएको छ। संविधानलाई ट्र्याकमा ल्याउनको लागि चुनावको विकल्प नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, 'चुनावका बारेमा केही संशयहरू सिर्जना गर्न खोजिएको छ, ती संशयलाई चिर्दै समयमै निर्वाचन सम्पन्न गराउनेको लागि सरकारलाई सम्पूर्ण साथ दिँदै सफल बनाएर संविधानलाई ट्र्याकमा ल्याउने प्रतिबद्धताबाट एक इन्चबाट पनि तलमाथि गर्दैनौँ।' उहाँले 'जेन-जी' विद्रोहप्रति नेकपा एमाले र रास्वपा दुवैको धारणा अतिवाद भएको समेत टिप्पणी गर्नुभएको छ।

## हारजितभन्दा मुलुकले ...

« पृष्ठ १ बाट क्रमशः

आग्रहसमेत गर्नुभयो। कांग्रेस पश्चिम नवलपरासी क्षेत्र नम्बर-१ ले बर्दघाट चौपत्तामा आयोजना गरेको चुनावी आमसभालाई सम्बोधन गर्दै शर्माले भन्नुभयो, 'यो चुनाव कुनै राजनीतिक दलले हार्ने र जित्नेभन्दा पनि मुलुकले निकास पाउने एजेण्डा मुख्य हो। 'जेन-जी' युवाले चाहेको राजनीतिक दलभित्रको परिवर्तन हामीले गरिसक्यौँ, अब देश परिवर्तनका लागि कांग्रेसलाई बहुमत दिन सबैलाई आग्रह गर्दछु।'

## नेकपाको सम्पत्ति ...

« पृष्ठ १ बाट क्रमशः

चिह्नमा मतदान गर्न आम मतदातालाई आह्वान गरिएको छ। 'व्यवस्था बदल्यौँ, अब अवस्था बदल्छौँ' भन्ने मुख्य नारासहित पार्टीले सुशासन, आर्थिक रूपान्तरण र राष्ट्रिय स्वाधीनतालाई प्रमुख चुनावी मुद्दा बनाएको छ। वर्तमान निर्वाचन प्रणाली अत्यन्त खर्चिलो, भड्किलो र जटिल भएको निष्कर्ष निकाल्दै यस पार्टीले चुनाव प्रणालीमै परिवर्तन गर्ने उद्घोष गरेको छ। कुनै पनि दलको एकल बहुमत नआउने र गठबन्धनका कारण देशमा अस्थिरता निम्तिएको भन्दै कम खर्चिलो र सरल निर्वाचन प्रणाली अपनाउनुपर्नेमा पार्टीले जोड दिएको छ। त्यसैगरी, जनताको बलिदानबाट प्राप्त वर्तमान संविधानलाई खारेज गर्ने अतिवादी सोचलाई परास्त गर्दै संविधानको गम्भीर समीक्षा र पुनरावलोकनमार्फत आवश्यक परिमार्जन गर्ने अठोट पार्टीले लिएको छ। अपिलमा लोकतान्त्रिक गणतन्त्र र समावेशी प्रणालीलाई थप सुदृढ गर्दै वैज्ञानिक समाजवादतर्फ अघि बढ्ने लक्ष्य राखिएको छ। सुशासन र पारदर्शीतालाई उच्च प्राथमिकतामा राखेको नेकपाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने नीति अघि सारेको छ। आजसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिहरूको सम्पत्ति छानविन गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने र भ्रष्टाचार गरी कमाएको सम्पत्ति राष्ट्रियकरण गर्ने पार्टीको प्रतिबद्धता छ। संघीयताको मर्मअनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रवाह गर्दै कमिसनतन्त्र, ढिलासुस्ती र अपारदर्शिता जस्ता क्यान्सरका रूपमा फैलिएका बेथितिहरूको अन्त्य गर्ने दाबी नेताद्वयले गरेका छन्। अपिलमा देशको आर्थिक-सामाजिक रूपान्तरण गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने योजना समेटिएको छ। आयातमा आधारित राजस्व र बढ्दो व्यापार घाटालाई निरुत्साहित गर्दै कृषि, उद्योग, जलस्रोत र पर्यटनको विकासमार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने पार्टीको लक्ष्य छ। दलाल पुँजीवाद, कालोबजारी, र मिटरब्याजी जस्ता आर्थिक अपराधलाई नियन्त्रण गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, खाना र छानामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने वैज्ञानिक समाजवादको आधार खडा गर्ने वाचा गरिएको छ। साथै, समाजमा विद्यमान छुवाछुत, छाउपडी, बोक्सी प्रथा लगायतका सबै प्रकारका वर्गीय, जातीय र लैंगिक विभेदको अन्त्य गर्ने प्रतिबद्धता जनाइएको छ।

राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताको रक्षाका लागि दृढतापूर्वक उभिने स्पष्ट पार्दै नेकपाले पञ्चशीलका सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने जनाएको छ। कुनै पनि विदेशी शक्तिको हस्तक्षेप अस्वीकार गर्दै छिमेकीलगायत सबै मुलुकसँग समानताका आधारमा सम्बन्ध राख्ने, असमान सन्धि सम्झौताहरू खारेज गर्ने र अतिक्रमित नेपाली भूमि फिर्ता गर्न पहल गर्ने विषयलाई अपिलमा प्राथमिकताका साथ उठाइएको छ।

### निर्वाचनबाट कुनै पार्टीको बहुमत आउँदैन : संयोजक दाहाल

नेकपाका संयोजक पुष्पकमल दाहालले आगामी निर्वाचनबाट कुनै पनि दलको बहुमत नआउने दाबी गर्नुभएको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा संयोजक दाहालले एकल पार्टीको बहुमत आउने सम्भावना नभएकाले फेरि पनि हङ पार्लियामेन्ट हुने उल्लेख गर्दै भन्नुभयो, 'निर्वाचनबाट एकल पार्टीको बहुमत आउने सम्भावना छैन। फेरि पनि हङ पार्लियामेन्ट हुन्छ। त्रिशंकु संसद् बन्छ।' यसपटक निर्वाचनमा चार पार्टी कांग्रेस, एमाले, नेकपा र रास्वपाबीच नै प्रतिस्पर्धा हुने दाबी गर्दै दाहालले भन्नुभयो, 'मिहिनेत गर्दा हाम्रो पार्टी अगाडि आउने सम्भावना छ।'

## रास्वपा जिल्ला ...

« पृष्ठ १ बाट क्रमशः

चौपत्तामा आयोजित चुनावी सभामा ठकुरीलाई कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले स्वागत गर्नुभएको हो। ठकुरी रास्वपाका संस्थापक जिल्ला सभापति पनि हुनुहुन्छ। तर, फागुन २१ को चुनावका लागि भएको टिकट वितरणलाई लिएर असन्तुष्ट रहनुभएको थियो। ठकुरीले २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा १२ हजार ४९९ मत प्राप्त गर्नुभएको थियो। चुनावको मुखमा ठकुरीले पार्टी छाडेर कांग्रेस प्रवेश गरिदिँदा रास्वपाले धक्का व्यहोर्नुपरेको छ। रास्वपाले त्यहाँ कांग्रेस लुम्बिनी प्रदेशका पूर्वमहामन्त्री विक्रम खनाललाई टिकट दिएको छ। यसअघि महेन्द्रका दाजु सुस्ता गाउँपालिकाका उपसभापति गुप्तसेनले रास्वपा छाडेको घोषणा गरिसक्नु भएको छ।

## चुनावको मुखमा ...

« पृष्ठ १ बाट क्रमशः

जानुभएको छ। पार्टी विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ समिति चयन भएपछि देउवा निष्क्रिय भएर बस्नुभएको थियो। 'जेन-जी' आन्दोलनमा देउवामाथि निवासमै कुटपिट भएको थियो। त्यसपछि उहाँले कात्तिक १० गते पत्नी आरजुसँग गएर सिंगापुरमै उपचार गराउनुभएको थियो। देउवा नियमित स्वास्थ्य जाँचका लागि सिंगापुर जानुभएको बताइएको छ। देउवा यसपटक उम्मेदवार पनि नभएकाले चुनावकै मुखमा विदेश प्रस्थान गर्नुभएको छ। देउवाले लगातार चुनाव जित्दै आएको डडेल्धुराबाट यसपटक कांग्रेसबाट नैनसिंह महरले टिकट पाउनुभएको छ। आसन्न चुनावको मतदानको दिनअघि नै देउवा काठमाडौं फर्किसक्ने निकट नेताहरूको दाबी छ।

## वामपन्थी र विचार ...

« पृष्ठ १ बाट क्रमशः

रहेको छ। मुलुक रूपान्तरणका लागि मत माग्न आएको हो। भ्रष्टाचारलाई कांग्रेसले स्वीकार गर्दैन। विचार नै नभएको, आन्दोलन तथा दृष्टिकोण नै नभएको दलदेखि वामपन्थीहरूसँग कांग्रेसले प्रतिस्पर्धा गर्न परेको छ।'

यता, कांग्रेस कर्णाली प्रदेशका उपसभापति विष्णुबहादुर खड्काले कर्णालीमा पार्टी एकढिक्का भएर चुनावी मैदानमा होमिएको दाबी गर्नुभएको छ। सुर्खेत-१ का उम्मेदवारसमेत रहनुभएका खड्काले सुर्खेतमा आयोजना गरेको चुनावी सभाको सम्बोधन गर्दै कर्णालीका १० वटै निर्वाचन क्षेत्रमा कांग्रेसप्रति जनलहर आएकाले सबैमा चुनाव जित्ने दाबी गर्नुभएको हो।

## साइबर ठगीमा संलग्न सात जना पक्राउ

**राजेन्द्र गौतम/भापा ।**

भापामा वित्तीय अपराध तथा साइबर ठगी (स्क्याम) को डरलाग्दो घटना भएको बाहिरिएको छ। सरकारी कागजात किर्ते गरी १२ करोडभन्दा बढीको ठगी भएको भापा प्रहरीले जनाएको छ। घटनामा संलग्न भएको आरोपमा प्रहरीले एक भारतीय महिलासहित सात जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा एक जना नेपाली र छ जना भारतीय छन्। प्रहरीले भारतीय नम्बर प्लेटका गाडीसमेत नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरी २ नम्बर गण भापाले उनीहरूलाई मेचीनगर-४ को आमडाँगी भन्ने स्थानबाट नियन्त्रणमा लिएको हो। त्यहाँबाट प्रहरीले २१ वटा टिनको बाकसमा लुकाइराखेको कागजी मुद्रा बरामद गरेको छ। सो समूहले नेपालमा व्यापार गरी कमाएको पैसा भारत लान कानुनी अड्चन भएको भिडियो सन्देश व्यापारीहरूलाई पठाएर ठगी गर्ने योजना बनाएको भापा प्रहरीले जनाएको छ।

### हकदावीको सूचना

वालिङ्ग नगरपालिका वडा न १४, बस्ने श्री चन्द्र बहादुर थापाको नाति, श्री मन बहादुर थापाको छोरा, फुल कुमारी मल थापाको श्रीमान वुद्धि बहादुर थापाको मिति २०८२/११/१२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०४१०५२५०२७९८४० को सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमति फुल कुमारी मल थापाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसै को हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. | शाखा कार्यालय, वालिङ्ग, स्याङ्जा | फोन नं: ०६३-४४१५७३/७४

### हकदावीको सूचना

बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. ६ बस्ने श्री कालु गिरीकी नातिनी, श्री पहलमान ज्योतिकी छोरी, श्री कान्छा गिरीकी बुहारी, श्री अमृत गिरीकी श्रीमती, श्री ईश्वर गिरीकी आमा देव कुमारी गिरीको मिति बि.सं. २०८२/१०/२८ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. १८३०५०८००३१५९२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको छोरा श्री ईश्वर गिरीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ/अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. | शाखा कार्यालय, पाँचपोखरी, सिन्धुपाल्चोक | फोन नं: ९८५१३३१७६१

### सिलबन्दी वोलपत्र प्रक्रियाद्वारा वन पैदावार बिक्रिको सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८२/११/१५)**

यस परियोजनाको स्विकृत कार्यक्रम अनुसार विभिन्न प्लटबाट आ.व. २०८२/८३ मा उत्पादन हुने तपसिल बमोजिमका खयर प्रजातिका गोलिया सिलबन्दि वोलपत्र (प्रस्ताव) प्रक्रियाद्वारा बिक्री गर्नु पर्ने भएकोले समितिको निर्धारीत दररेट भन्दा के कति बढीमा खरिद गर्ने हो? वन पैदावारमा आधारित ईच्छुक सूचिकृत उद्योग/सःमिल/भेनियर/प्लाईउड उद्योगले रितपुर्वकको स्थायी लेखा नं.(PAN) वा आयकर दर्ता तथा मु.अ.कर (VAT) मा दर्ता भएको नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सूचिकृत प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र यस परियोजना वा वन पैदावार विकास समिति, के.का., बबरमहल, काठमाण्डौमा सम्पर्क राखि वोलपत्र (प्रस्ताव) पत्र खरिद गरी ३१औं दिन भित्र वा सो दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरेको कार्यालयहरुमा सिलबन्दि बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारी वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, काठमाण्डौं वा परियोजना कार्यालय, सर्लाहीबाट लिन सकिने छ।

**तपसिलः**

| जात | विवरण | परिमाण (क्यू. फिट) | न्यूनतम रकम रु. (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| खयर | गोलिया | १७,४४५.२२ | ३१,४०१,३९६.०० | सिलबन्दि (प्रस्ताव) प्रक्रिया छपान मुल्याङ्कनको ५०% खडा रुख। |

**सम्पर्कः ९८५१०३३९१०**

**सागरनाथ वन विकास परियोजना, सागरनाथ, सर्लाही।**

Government of Gandaki Province
Ministry of Industry and Tourism &
Ministry of Social Development, Youth and Sports
**Office of Integrated Service**
Baglung

### Invitation for Online Bids

**Date of publication: 27th February 2026 (15th Phalgun 2082)**

1. **Office of Integrated Service Baglung** invites Electronic bids from eligible bidders for following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in the bidding.

| S. N. | Contract No. | Name of Contract | Bid Security Amount (Validity Period) | Bid Document fee | Bid submission Date and Time |
|---|---|---|---|---|---|
| 1 | OIS/BAGLUNG/ BPM/WORK/ NCB/03/2082-83 | Upgrading of BP Smriti Bhawan Ba Na Pa 3 | 50000 (beyond 90 Days) | 3000 | Last Submission Date: 2026-03-29 12:00 pm Bid Opening: 2026-03-29 13:00 pm |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the **Office of Integrated Service, Baglung** or may visit **PPMO website. www.bolpatra.gov.np/egp**
3. If the date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date. In such case validity period of bid security shall remain the same as specified for the orginal last date of bid submission.

**Office Chief**

नेपाल सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।

### विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति :- २०८२।११।१५)**

यस विभागबाट मिति २०८२।०८।२१ गतेको प्रकाशित सूचना अनुसार आ.ब ०८२/०८३ को लागि विद्युतिय बोलपत्र मार्फत तपसिलमा उल्लेखित सामानको आपूर्ति सम्बन्धमा यस विभागमा पेश हुँन आएका विद्युतिय बोलपत्रहरू माथि कारवाही हुँदा तपसिलका बोलपत्रदाताहरूले कबोल गरेको रकम (मू.अ.कर वाहेक) न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विभागको वेभसाइट ठेगाना : www.dftqc.gov.np मा समेत हेर्न सकिने छ ।

| सि. नं | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम मु.अ.क. वाहेक | कबोल गरेको रकम अक्षरमा | कै. |
|---|---|---|---|---|
| **DFTQC/NCB-01/2082/083 –A (DUMAS-based nitrogen analyzer)** | | | | |
| १. | जे.एच.एस. एनालिटिक ट्रेडर्स, वालुवाटार | ७४,४०,०००।- | चौहत्तर लाख चालिस हजार मात्र । | |
| **DFTQC/NCB-01/2082/083-B (Digital Balance (four digit) and ELISA plate reader and washer (For aflatoxin))** | | | | |
| १. | ल्याव्रोटरी ट्रेड कन्सर्न, नयाँवानेश्वर | ३४,५२,०००।- | चौतिस लाख बाउन्न हजार मात्र । | |
| **DFTQC/NCB-01/2082/083-C (Automatic crude fibre analyser and other 4 Equipment)** | | | | |
| १. | टेक्नो नेपाल इन्जिनियरिङ्ग सोलुसन, सानेपा | ६०,१९,०००।- | साठी लाख उन्नाइस हजार मात्र । | |
| **DFTQC/NCB-01/2082/083-D (Muffle furnace and other 11 Equipment)** | | | | |
| १. | जे.एच.एस.एनालिटिक ट्रेडर्स प्रा.लि., वालुवाटार | २६,४८,०००।- | छब्बिस लाख अठचालिस हजार मात्र । | |
| २. | ल्याव्रोटरी ट्रेड कन्सर्न, नयाँवानेश्वर | २९,६९,०००।- | उनान्तिस लाख उनान्सत्तरी हजार मात्र । | |

**त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८२/११/१५ गते)**

यस कार्यालयको मिति २०८२/०९/२९ गते प्रथम पटक र २०८२/१०/२३ गते दोस्रो पटक www.bolpatra.gov.np/egp तथा समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार देहायको कार्य गर्नको लागी रित पुर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू मध्ये तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी छनौट गरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो आशयको सूचना प्रकाशित गरीएको छ।

**तपशिल**

| क्र. स. | ठेक्काको नं. | ठेक्काको विवरण | शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मिति | छनौट भएको शिलबन्दी दरभाउपत्र को नाम र ठेगाना | स्वीकृत रकम रु. (पि.एस. बाहेक) |
|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/ SQ/GOODS/ 082/083/14 | Procurement and Supply of Sanitary Pads | Feb. 06, 2026 | M/S Angel Touch Hygiene Manufacturing Pvt.Ltd, Lalitpur SMC, Lalitpur. | 10,03,500.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Jaljala Rural Municipality**
**Office of the Rural Municipality Executive**
Lamakhet Parbat
Gandaki Province, Nepal

### Invitation for Electronic Bids

**Date Of First Publication:- 2082/11/15 (Feb 27th 2026)**

1. **Jaljala Rural Municipality** invites Electronic Bids from eligible bidders for following projects.

| Contract ID No | Name of Project | Estimate amount Without Vat and PS (NRS) | Bid Security Amount & Validity Period | Cost Of Bid Document (NRs) |
|---|---|---|---|---|
| JRM/NCB/ W/09/2082-83 | Salyan Sichai Kulo Marmat yojana jaljala -7, Parbat | NRs 1755061.13/- | NRs 50000/- & 120 Days | NRs 3000/- |
| JRM/NCB/ W/10/2082-83 | Bashkharka Orange Farming Irrigation Project through Pumping System Jaljala -1, Parbat | NRs 7920847.33/- | NRs 210000/-& 120 Days | NRs 3000/- |
| **Deadline for Bid Submission** | | 2082/12/15(March 29th 2026) Till 12:00 Noon | | |
| **Date,Time and Place of Bid Openning** | | 2082/12/15(March 29th 2026) 1:00PM At Jaljala RM Office, Lamakhet Parbat | | |
| **Account Number for Bid Document purchase** | | Name Of Bank:- Nepal Investment Megha Bank Ltd Account Name :- GA.1.1 JALJALA GA.PA. AANTARIK RAJSHWO KHATA Account No :- 06401400250078 | | |
| **Account Number for Bid Security Deposit** | | Name Of Bank:- Nepal Investment Megha Bank Ltd Account Name :- GA.3.1 JALJALA GA.PA. DHARAUTI KHATA Account No :- 06401400250023 | | |

2. Eligible Bidders may obtain further information at the **office of Rural Municipal Executive, Jaljala Rural Municipality, Parbat. Phone no. 069-522002**, **website: jaljamun.gov.np** or may visit **PPMO website www.bolpatra.gov.np**
3. Interested bidder shall register in e-GP system and shall submit their bid through **PPMO's e-GP system www.bolpatra.gov.np/egp** before deadline of bid submission.

**Chief Administrative Officer**

**छार्का ताङसोङ गाउँपालिका**
ཚ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
**Chharka Tangsong Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### RE-INVITATION FOR ELECTRONICS BIDS

***Second date of publication : 2082/11/15 (2026-02-27)***

1. The Chharka Tangsong Rural Municipality Kagkot Dolpa invites electronic bids from eligible bidders for the Procurement of following items under National Competitive Bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Work description/ Contract Identification No. | Estimated Amount With Vat and P.S | Bid Security Amount Nrs. | Bidding document fee Nrs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | Kagkot to Bharbunga Road Construction Project CTSRM/DOLPA/NCB/WORKS/ 01/2082/083 | 26,98,255.52 | 70,000 | 3,000 | In case of using online payment in local government portal buy bidding document fee otherwise not valid |

2. Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/ egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| Information to deposit the cost of bidding documents in Banks | Information for the cash deposit the bid security amount |
|---|---|
| **Name of the Bank :** Rastriya Banijya Bank **Account Name :** Chharka Tangsong Rural Municipality Kagkot, Dolpa **Account No. :** 4530100301010002 **Office Code No. :** 80661502001 **Revenue code :** 14229 | **Name of the Bank :** Rastriya Banijya Bank **Account Name :** Chharka Tangsong rural municipality Kagkot, Dolpa **Account No. :** 4530100303000002 **Office Code No. :** 80661502001 |

3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chharka Tangsong Rural Municipality, Dolpa, Chharka, Dolpa, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at chharka Tangsong Rural Municipality Kagkot, Dolpa are as follows .

| Pre-Bid Meeting Date | Last date and time of submission | Date and time of opening | Bid validity period | Bid security validity period |
|---|---|---|---|---|
| 2026-03-09 12:00 | 2026-03-15 12:00 | 2026-03-15 13:00 | 90 day counting from the day of bid opening | Minimum 30 days beyond bid validity period |

**Chief of Administrative Officer**

CMYK

## सम्पादकीय

# परिवर्तन कि निरन्तरता ?

परिवर्तनको अर्थ र यसको मर्यादा स्खलित भएको हो कि परिणामलाई सफलताको राजमार्गमा डोऱ्याउन नसकिरहेको राजनीतिक, प्रशासनिक, न्यायिक र अन्य सम्बन्धित क्षेत्रको लापर्बाही हो ? यो प्रश्न निरन्तर सान्दर्भिक भएर उठ्ने गरेको छ। देशले पछिल्ला केही दशकहरूमा राजनीतिक परिप्रेक्ष्यमा धेरै उतार-चढाव अनुभव गऱ्यो। संविधानसभाबाट लोकतान्त्रिक व्यवस्थापना हुँदै हालको संघीय संरचनामा आएको सुधारले जनताको अधिकार, प्रतिनिधित्व र लोकतान्त्रिक मूल्यहरूलाई बलियो बनाउने अपेक्षा राखेको छ। यद्यपि संघीयतालाई सबल गराउने अनेक कानुनहरू अझै निर्माण नभएको अवस्था छ। तरपनि, प्रत्येक निर्वाचनका बेला उठ्ने प्रश्न भनेकै, 'के हामी परिवर्तनतर्फ अग्रसर छौं वा पुरानै संरचना र प्रवृत्तिमा निरन्तरता देखाइरहेका छौं ?' नियमित प्रश्न भएको छ।

निर्वाचन एउटा जनमतको प्रतिनिधित्वमात्र होइन, यो राजनीतिक परम्परा र सामाजिक धारणाको पनि ऐना हो। मतदाताले आफ्नो निर्णयमार्फत सत्ता, नीति, नेतृत्व र विकासको दिशा निर्धारण गर्छन्। त्यसैले, हरेक निर्वाचनमा जनता परिवर्तनको आशा राख्छन्, नयाँ सोच, नयाँ नेतृत्व र नयाँ दृष्टिकोण।

तर, व्यावहारिक रूपमा हामी प्रायः देख्छौं कि परिवर्तन र निरन्तरताबीचको सन्तुलन जटिल हुन्छ। धेरै निर्वाचनमा पुराना राजनीतिक दल, पुराना नेतृत्व र परम्परागत संरचनाले आफ्नो प्रभुत्व कायम राख्ने प्रवृत्ति देखिन्छ। यसले समाजमा निरन्तरता र स्थिरता त ल्याउँछ तर नवप्रवर्तन र सुधारको गतिलाई सुस्त बनाउँछ।

उदाहरणका लागि, चुनावी रणनीति, प्रचारप्रसारका तरिका, राजनीतिक गठबन्धन र पार्टीहरूबीचको प्रतिस्पर्धा प्रायः हरेक निर्वाचनमा उस्तै देखिन्छ। यसले मतदातामा परिवर्तनको आशा र उत्साह कम गर्न सक्छ। तर अर्कोतर्फ, निरन्तरता पनि राज्य सञ्चालनमा स्थिरता, नीति कार्यान्वयन र दीर्घकालीन योजनाको लागि जरुरी छ।

यस सन्दर्भमा महत्त्वपूर्ण प्रश्न यो हो कि जनता के चाहन्छन्-नव नेतृत्व र नयाँ सोच जसले तत्काल सुधार ल्याउँछ, वा स्थिरता र परिचित नेतृत्व जसले क्रमिक विकासमा विश्वास राख्छ ? उत्तर स्पष्ट छैन, किनकि दुवै पक्षमा लाभ र चुनौती दुवै छन्। देशका विभिन्न क्षेत्रमा मतदाताको प्राथमिकता फरक-फरक देखिन्छ। शहरी क्षेत्रमा युवाहरू प्रायः आक्रामक परिवर्तनको पक्षमा हुन्छन्, नयाँ विचार र प्रविधिमूलक दृष्टिकोणको माग राख्छन्। ग्रामीण क्षेत्र वा परम्परागत संरचनामा आधारित समाजले निरन्तरता र अनुभवजन्य नेतृत्वलाई बढी मूल्य दिन्छ। यसले निर्वाचनमा मत परिणाममा विविधता ल्याउँछ।

केही दिनभित्रै हुने प्रतिनिधिसभा निर्वाचनमा पनि पुराना स्थापित नेताहरू र उदाउँदै गरेका नयाँ पुस्ताका नेताहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ। २०४७ सालको प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ मा सम्पन्न पहिलो आमनिर्वाचनदेखि निरन्तर सक्रिय रहेका केही नेताहरू अझै पनि चुनावी मैदानमा उत्रिएका छन्। तीन दशकभन्दा बढी समयदेखि दोहोरिँदै आएको नेतृत्व शैली र अनुहारप्रति मतदातामा परिवर्तनको चाहना बढेको संकेत यसपटक स्पष्ट देखिएको छ।

पुराना नेताहरू आफ्नो परम्परागत निर्वाचन क्षेत्र जोगाउन केन्द्रित देखिन्छन्। झापा-५ मा आफ्नै जनमत सुरक्षित गर्न केपी शर्मा ओली व्यस्त रहनुभएको छ भने अन्य वरिष्ठ नेताहरू पनि आफ्नै क्षेत्रमा सीमित देखिएका छन्। तर, नयाँ पुस्ताका उम्मेदवारहरू भने देशव्यापी अभियानमा सक्रिय छन्। आफ्नो क्षेत्रसँगै अन्य ठाउँमा पनि मतदातासँग प्रत्यक्ष संवाद गर्न उनीहरू अग्रसर देखिन्छन्। सामाजिक सञ्जाल, जनसभाहरू र युवा परिचालनमार्फत उनीहरूले व्यापक उपस्थिति जनाइरहेका छन्।

समग्रमा हेर्दा आगामी निर्वाचन पुराना र नयाँ पुस्ताबीचको प्रत्यक्ष प्रतिस्पर्धाका रूपमा उभिएको छ। विजयीको हुन्छ भन्ने निर्णय मतपेटिकाले गर्नेछ, तर परिणाम जस्तोसुकै आए पनि अबको संसद्मा नयाँ अनुहारहरूको उल्लेख्य उपस्थिति हुने संकेत बलियो छ। यस प्रतिस्पर्धाले देशव्यापी रूपमा उत्साह र प्रतीक्षा दुवै बढाएको छ।

नेपाली राजनीति अहिले निर्णायक मोडमा उभिएको छ। यो निर्वाचन केवल व्यक्तिहरूबीचको प्रतिस्पर्धामात्र होइन, राजनीतिक संस्कार, कार्यशैली र प्राथमिकताबीचको छनोट पनि हो। लामो समयदेखि सत्ता र शक्तिको केन्द्रमा रहेका नेताहरूले अनुभव, संगठन र संरचनाको बलमा आफ्नो प्रभाव कायम राख्न खोजिरहेका छन् भने नयाँ पुस्ताले पारदर्शिता, जवाफदेहिता र परिणाममुखी शासनको नारासहित मतदाताको मन जित्ने प्रयास गरिरहेका छन्।

लोकतन्त्रको सुन्दर पक्ष नै यही हो-अन्ततः निर्णय जनताकै हातमा हुन्छ। मतदाताले स्थायित्व रोज्ने कि परिवर्तन, अनुभव रोज्ने कि ऊर्जा, परम्परा रोज्ने कि नवीनता-यसको उत्तर मतपेटिकाबाट प्रकट हुनेछ। तर, जे परिणाम आए पनि अबको राजनीतिक यात्रामा पुस्तान्तरण, नीति-आधारित बहस र कार्यसम्पादनमुखी नेतृत्व अपरिहार्य भइसकेको छ।


यस निर्वाचनले केवल नयाँ सरकार बनाउने मात्र होइन, नेपालको राजनीतिक संस्कृतिलाई कुन दिशातर्फ मोड्ने भन्ने ऐतिहासिक निर्णय पनि गर्नेछ। त्यसैले यो प्रतिस्पर्धा परिणामभन्दा पनि भविष्यको मार्गचित्र तय गर्ने दृष्टिले बढी महत्त्वपूर्ण छ।

अन्ततः, निर्वाचनमा परिवर्तन वा निरन्तरता भन्ने प्रश्न जनताको सचेत विकल्प र राजनीतिक दलको उत्तरदायित्वमा निर्भर गर्दछ। यदि दलहरूले जनताको अपेक्षानुसार सुधार र नवप्रवर्तन देखाउँछन्, नागरिकहरू परिवर्तनतर्फ जान सक्छन्। यदि दल र नेतृत्व पुरानै सोच र प्रवृत्तिमा अडिग रहन्छन् भने, निरन्तरता जारी रहने सम्भावना उच्च हुन्छ। नयाँ दल र नयाँ अनुहारका नाममा नेपाली जनता अराजकतालाई स्वागत गर्नसक्दैनन् भन्ने पनि स्पष्ट छ।

सम्पूर्णमा भन्नुपर्दा, निर्वाचन भनेको केवल मतगणना र विजय-पराजयको विषयमात्र होइन। यो जनताको राजनीतिक चेतना, नेतृत्वको गुणस्तर र राष्ट्र निर्माणको दिशासँग गहिरो सम्बन्धित हुन्छ। आजको अवस्थामा हामीले चाहेको परिवर्तन र निरन्तरता बीचको सन्तुलनले मात्र लोकतन्त्रलाई बलियो र समृद्ध बनाउनेछ।

# कांग्रेसमा गगन लहर : बदल्ने देश हो कि प्रवृत्ति ?

**अनुहार र हस्ताक्षर बोकेर मत माग्न नसकिने उद्घोषकासाथ नेतृत्वमा पुगेका र उनीहरूलाई नेतृत्वको शीर्षस्थानमा पुऱ्याउन जीवन मरणको बाजी लगाउनेहरू पनि देउवाको मौनताको यज्ञशालाबाट उठ्नसक्ने धुवाँको बासना सुघ्न आतुर देखिन्छन्।**



● प्रा.पुरूषोत्तम दाहाल

सैद्धान्तिक विमति, नेतृत्वमा पुग्नेहरूका आचरण र व्यवहार तथा विभिन्न कारणले तटस्थ बसेका वा आलोचक भएकाहरू समेत यतिखेर कांग्रेसकै पक्षमा उभिएको देखिएकाले नेपाली कांग्रेसमा अकस्मात् र अविश्वसनीय एकता देखिएको छ। आफ्ना असहमतिलाई थाति राखेर देशभरका नयाँ पुराना सबै कांग्रेस समर्थक, शुभेच्छुक र सदस्यहरू गोलबद्ध भएको अवस्था छ। उम्मेदवारी दिएका र निकै पहिले अलग भएकाहरूबाहेक अरू सबै नै कांग्रेसको उम्मेदवारका विपक्षमा देखिँदैनन्। यसैलाई नवनेतृत्वले आफ्नो लहर र सफलता अनुभव गरेको छ भने अन्यथा हुँदैन। अब आसन्न निर्वाचनमा गगन कि अमरेश ? तुलना गर्नै पर्दैन र यो प्रश्न निरर्थक छ। यो प्रश्न जति निरर्थक छ त्यति नै निरर्थक छ अर्को प्रश्न केपी ओली कि बालेन ? यदि समय उल्टो गतिमा चलेको छैन भने मीना कि रवि भन्ने प्रश्न पनि आफैं निरर्थक अर्को हुनेछ। यतिखेर अर्को प्रश्न पनि छ, त्यो हो गम्भीर सैद्धान्तिक। जुन प्रश्नले सिंगो राजनीतिक प्रणालीको विकल्पमा बहस गराइरहेको छ। त्यो प्रश्न हो : धर्म कि अधर्म, राष्ट्रिय परिचय हो कि अराजकता ? राजसंस्था हो कि निरन्तर अस्थिर राजनीति ? यी प्रश्नसँगै देश खरानी बनाउने पक्ष कि निर्माण गर्ने पक्ष ? देशलाई व्यभिचारी यज्ञशाला बनाउने कि जागरणको, निर्माणको पाठशाला ?

### (क) चर्चामा तीन क्षेत्र :

निर्वाचनको नियत दिन जति नजिक हुँदैछ त्यति नै यस्ता अनेक प्रश्नहरूको वर्षा भइरहेको छ र दलहरूको गणितको धड्कन तेज छ। संघीय लोकतान्त्रिक गणतन्त्रको यो तेस्रो निर्वाचनमा धेरै अनुभवीहरू पाखा लाग्ने, मौन हुने, अनि नयाँ र ऊर्जावानुहरूको मल्लयुद्धले मैदान रोमाञ्चपूर्ण भएको रामरमिता छ। अहिले झापा ५, सर्लाही ४ र चितवन २ ले नेपालको समग्र ध्यान खिचेका छन्। थोरै रुकुम पनि छ। चतुर पुष्पकमल दाहाल अत्यन्त सुरक्षित अनुभव गर्दैछन्। तैपनि बुढो बाघलाई तन्नेरी हायनाहरूले पछार्दैनन् भन्ने छैन। युवा ऊर्जाकी धनी, बहुमत समुदायकी चेली कुसुम थापा मगरको प्रहार कमजोर देखिँदैन। चर्चा त १६५ स्थानमा नै छ। तर, अनेक कारणले यो पटक झापा ५, सर्लाही-४ र चितवन-२ नै केन्द्रमा देखिन्छ।

### (ख) एउटा अर्को अचर्चित चर्चा :

यी सबै चर्चामाथि भिन्न तर अनेक कोणबाट दृष्टिपात भइरहेको मौन अनुहार देखिन्छ। करिब साठी वर्ष एकलव्यभावले नेपालको लोकतन्त्रको संघर्षमा सक्रिय, अनेक दुःख र कष्टका दिन व्यहोर्दै विगत पैतीस वर्षयता सत्ता, शक्ति, पद, समृद्धि सबैको सुखानुभव गरेका शेरबहादुर देउवाको मौनताको चर्चा निर्वाचन चर्चाभित्र एक अर्को पाटो भएको छ। साठी वर्षको इतिहासमा देउवाकै कारण हजारौं युवाहरू लोकतान्त्रिक आन्दोलनको मियोमा जोडिए र शिखरमा पुगे, अनि देउवाकै कारण कतिले कांग्रेस पनि परित्याग गरे। एकप्रकारले देउवाका तिनै सन्तानले उनलाई यतिखेर माकुरो बनाएका छन्। भरखर जन्मेका आफ्नै सन्तानले आफ्नो खुट्टा चपाएर अघाएको, शरीर खोत्रो पार्दै हुर्कंदै गरेको दृश्य आमा माकुराले मृत्युपूर्व हेर्दै मरिरहेको हुन्छ। त्यही दृश्यका सामु देउवा मौन छन्। हुन त तुलना नगरौंभन्दा पनि उदाहरण बन्छ। कीर्तिको भारी बोके पनि गणेशमान सिंहले अन्तिममा रुँदैरुँदै कांग्रेस परित्याग गर्नुभयो, उहाँसँग पद थिएन, साहस र सामर्थ्य थियो, सम्पत्ति जोड्नु भएन करुणाको ढिकुटी थियो। कृष्णप्रसाद भट्टराईसँग सम्पत्ति थिएन तर यश थियो, इच्छाशक्ति थियो, विवेक थियो र सरलता थियो अनि त्याग गर्ने साहस थियो। तर उहाँ पनि पार्टीबाट अश्रुधारा चुहाउँदै बाहिरिनुभयो। अहिले देउवासँग पद थियो, शक्ति थियो, शक्तिको अहंकार थियो, पुनर्शक्तिको लोभ थियो,

## प्रतिनिधिसभा निर्वाचन-२०८२

योजना थियो, संमृद्धि निर्माणमा कुबेरको आशीर्वाद प्राप्त थियो तर लोभको पारो बढ्दै कीर्ति कमजोर भएकै कारण उहाँको अवस्था मातामाकुरोमा परिणत भएको छ।

### (घ) देउवाको पीडा र मौनता :

सन्तानले चिथोरेकी माकुरोकी आमा जस्तै भए पनि देउवाको महत्त्वको अन्त्य भएको देखिँदैन। उनी मौन हुनुका अनेक रहस्यको व्याख्या अनेक वृत्तबाट सुनिन्छ। शेरबहादुर देउवाको अनुहार र हस्ताक्षर बोकेर मत माग्न नसकिने उद्घोषकासाथ नेतृत्वमा पुगेका र उनीहरूलाई नेतृत्वको शीर्षस्थानमा पुऱ्याउन जीवन मरणको बाजी लगाउनेहरू पनि देउवाको मौनताको यज्ञशालाबाट उठ्नसक्ने धुवाँको बासना सुघ्न आतुर देखिन्छन्। मलाई लाग्छ अलिकति पनि गरिमा छ, स्वाभिमान बँचेको छ भने देउवा अब यसरी नै मौन रहनु उचित हुन्छ र कांग्रेस बदलेर नेपाल बदल्न आतुर पार्टी सदस्यहरूलाई पूर्ण जिम्मेदार हुन स्वतन्त्र छाड्नुपर्छ ता कि जय पराजयको श्रेय उनीहरूले नै लिनसकुन्। यद्यपि नवकांग्रेस नेतृत्वका सामु देउवाको मौनता एकातिर छ अर्कातिर वायुपंखी घोडाजस्तो भएर प्रकट बालेन र रविको प्रहारलाई छेक्नुछ। आन्तरिक पार्टी राजनीतिलाई छिनेर नेतृत्वमा पुग्ने दाबी र साहस गर्ने नयाँ नेताहरूलाई नेपाली कांग्रेसको असी वर्षको इतिहास जोगाउने चुनौती थपिएको छ। हुन त कांग्रेस बदलेको भनेपछि अब पुस २७ पछिको इतिहास निर्माण र त्यसैको

**एमालेका केपी ओली जत्तिकै अध्ययन, रवि र बालेनभन्दा निकै बढी सूचनामा पहुँच, वाक्कलामा प्रवीण, युवा जोश र सक्रियता, नवनेतृत्वको उत्साह र समर्थन, अनि विचार, दृष्टिकोण र प्रस्तुतिमा अत्यन्त स्पष्ट र कुशल गगनबाहेक प्रस्तावित सरकारनायकहरू अरू देखिएका छैनन्। यो सत्यलाई वर्तमानले स्वीकार गरेको देखिन्छ।**

मात्र सुरक्षा भने पनि हुन्छ।

००३ माघ १२ देखि पुस २०८२ अर्थात् करिब असी वर्षको इतिहास बदलेको दाबी अनुरूप अब कांग्रेसको नेतृत्वले नयाँ इतिहास, आदर्श, सिद्धान्त, कार्यक्रम र नीति निर्माण गर्नु आवश्यक छ। नेतृत्वमात्रै बदलेर कांग्रेस बदलिएको मानिँदैन। पदासीन हुने नयाँ अनुहार आउँछन् र जान्छन्। तर संस्था र संगठन बदलिएको मानिँदैन। त्यसमा समयलाई सम्बोधन गर्न र आवश्यकता अनुरूप सुधार गर्नु स्वाभाविक हुन्छ। जे भए पनि देउवाको मौनताले कांग्रेसको वर्तमान नेतृत्वलाई सहयोग जति पुग्छ त्योभन्दा बढी क्षति कांग्रेसका उम्मेदवार र समानुपातिकका लस्करलाई पुग्नेमा द्विधा छैन।

### (ङ.) चुनौतीको चाँङमा गगनको लहर :

गगनले कांग्रेसको नेतृत्व लिएपछि केही न केही आसा, उत्साह र लहर देखिएको छ। अरू पार्टीबाट कांग्रेस प्रवेश गर्नेहरूको लर्को लागेको छ भने सैद्धान्तिक रुपमा नै कांग्रेसविरुद्ध जीवन समर्पण गरेका अनेक बुद्धिजीवीहरू पनि गगन लहरको पक्षका व्याख्याता भएका छन्। यो सकारात्मक पक्ष हो। यद्यपि प्रत्येक दलहरूमा नेता होइन देवता छन्। अब बन्ने सरकार दलको होइन अमूक नेताको भन्ने नारा छ। त्यसमा सर्वाधिक प्रभावशाली नारा छ गगन थापाको। एमालेका केपी ओली जत्तिकै अध्ययन, रवि र बालेनभन्दा निकै बढी सूचनामा पहुँच, वाक्कलामा प्रवीण, युवा जोश र सक्रियता, नवनेतृत्वको उत्साह र समर्थन, अनि विचार, दृष्टिकोण र प्रस्तुतिमा अत्यन्त स्पष्ट र कुशल गगनबाहेक प्रस्तावित सरकारनायकहरू अरू देखिएका छैनन्। यो सत्यलाई वर्तमानले स्वीकार गरेको देखिन्छ। यद्यपि नयाँलाई छान्ने भन्ने रास्वपानाराको शंखनाद सुनामी भएर देखापरेको छ। देशभरीका मतदाताहरूका सामाजिक सञ्जालमा आएका क्रियाप्रतिक्रियामात्र हेर्ने हो भने नेपाली जनतामा नेतृत्व फेरिएपनि, नेता र रणनीति परिवर्तन भए पनि, नेपाली कांग्रेस, नेकपा एमाले र पुरानो माओवादी ( हालको नेपाली कम्युनिष्ट पार्टी) प्रति गहिरो आक्रोश र घृणाव्याप्त देखिन्छ। मधेस केन्द्रित दलहरूको हविगत पनि यस्तै छ। पुरानो दल भए पनि जोगिएको छ राष्ट्रिय प्रजातन्त्र पार्टी। राष्ट्रिय प्रजातन्त्र पार्टी सिद्धान्त र वर्तमान प्रणालीविरोधी भएको हुनाले पनि सायदै घृणा र प्रतिशोधमा परेको छैन। तर मतदाताको छनौटमा केही खास स्थानबाहेक कमै चर्चामा छ। केही भेगमा उज्यालो पार्टी र श्रमसंस्कृति पार्टीको प्रभाव निर्णायक हुने सम्भावना छ।

### (च) कांग्रेसको रणनीतिक कमजोरी :

गगन नेतृत्वले पार्टीभित्र गरेको विद्रोह र विशेष महाधिवेशनको औचित्य प्रमाणित गर्ने पहिलो चुनौती छ। अबका बार : सय पार भन्ने नारा सुरु भएको छ। तर राष्ट्रिय स्वतन्त्र पार्टीको रणनीतिक योजनाले कांग्रेसका सामु विशाल पर्खाल उभ्याएको स्पष्ट छ। विगत निर्वाचनहरूमा शान्त बस्ने, कसलाई किन मत दिने थाहा नपाएका जनता पनि यो पल्ट खुलेको देखिन्छ। खासगरी तराई मधेसका मतदातामा बालेन उपस्थितिले सबै दललाई चुनौती दिएको छ। रास्वपाबाट आगामी प्रधानमन्त्री बालेन भन्ने उद्घोष हुनासाथ हवाईजहाजबाट पहिलो पाइला टेक्न जनकपुर पुगेका बालेनले दुई शब्दमा आजसम्म तराईमधेसको अपूरो र दमित मनलाई एक्कासि प्रष्फुटित गराए। इतिहासमा नै पहिलो चोटी तराईमधेसको तपाईंहरूको छोरो प्रधानमन्त्री हुँदैछ र त्यसका लागि रास्वपाको चुनाव चिह्नमा मत दिनुपर्छ भन्ने वाक्यले तराईमधेसको विवेकलाई झक्झकाउने काम गरिदिएको छ। यो सन्देशको तीव्र कम्पन प्रदेश दुईमा मात्र होइन देशभरी परेको अवस्था छ। तैपनि रविको विवादास्पद चरित्र, व्यवहार र काम अनि स्वयं बालेनको अराजक प्रस्तुतिका कारण त्यो कम्पन विस्तारै शिथिल हुँदैछ र केही दिन यही अवस्था रहेका त्यस कम्पनका धमनीहरू पनि बन्द हुने लक्ष्यण छ।

कांग्रेस नेतृत्व यहीनेर चुकेको छ। गगनले आगामी सरकारको सपना देख्नु थियो भने आफू सभापति र पहिलो प्रधानमन्त्री तराई मधेसबाट दिने उद्घोष गर्न सकेको भए बालेन चुनौती टायटाय फिस्स हुने थियो। तर सबै पद आफूसँग भन्दै सर्लाही पुग्दा त्यहाँका जनताले मधेसी समुदायको पहिलो प्रधानमन्त्री बनाउने सोच बनाउँछन् कि पहाडी समुदायका युवालाई तराई पहाड्को मन जोड्नसक्ने सामर्थ्यवान् अनुभव गर्ने हुन् ? यो प्रश्नको उत्तर मतबाट मात्रै मिल्नेछ। जबकि निरन्तर संघर्ष गरिरहेका, लोकतन्त्रप्रति पूर्ण समर्पित र योग्य मधेस तराईका विमलेन्द्र निधि जस्ता उम्मेदवार नेपाली कांग्रेससँग नभएका होइनन्। यदि निधि वा अरू कोही अर्को योग्य थियो भने गगनले प्रधानमन्त्री हुने आफ्नो महत्त्वाकांक्षामाथि केही समयका लागि बिराम लगाउनुपर्ने थियो।

### (छ) झापा ५ ले सच्याउनसक्छ :

तर कांग्रेसको रणनीतिक कमजोरीलाई झापा ५ ले सच्याउन सक्छ। बालेनविरुद्ध एमालेको प्रतिष्ठा जोडिएको छ यहाँ। केपी ओलीको पहिलो दाबी र समर्थन देखिन्छ। पुराना एमालेहरूदेखि फरकधारका नेताकार्यकर्ता पनि ओलीको प्रचारमा जुटेका छन्। त्यहाँ नेपाली कांग्रेसकी महिला उम्मेदबार र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रभावशाली नेतादेखि श्रमसंस्कृति पार्टीका उम्मेदवार पनि प्रतिस्पर्द्धामा रहेको हुनाले जसले पनि कांग्रेस रणनीतिलाई सुधार हुने परिणाम दिनसक्छन्। अर्थात् यो भनेको कालेनबाहेक अरूको विजयमा सन्निहीत छ। यसै पनि भदौ २३ र २४ को दर्दनाक घटनाका राजनीतिक घाइते पहिलो नेकपा एमाले र दोस्रो नेपाली कांग्रेस नै भएका छन्। ओलीको विजय वा पराजय एमाले जीवनमा जति जीवनमरणको प्रश्न हुन्छ त्यति नै राष्ट्रिय राजनीतिमा समेत आयामिक हुनसक्छ।

चितवनमा रवि र तनहूँमा स्वर्णिमको पुरानो विरासत भत्कन लागेको छ। चितवनमा सर्मर्पित समाजसेवी, घरघरकी कतै आमा, कतै छोरी, कतै गुरु अनेक रूपमा सेवा गर्दै आएकी मीनाको शक्तिशाली दुर्गाप्रहारलाई विवादको भारी बोकिरहेका अनेक कुप्रवृत्तिका नायक जस्ता लाग्ने रविसँग थेग्नसक्ने सामर्थ्य देखिँदैन। तनहूँमा पनि स्वर्णिमले गत निर्वाचनको भ्रमबाट मुक्त भएका जनताको सामना गर्नुपर्ने देखिन्छ। तर पनि समानुपातिकका मतदातालाई विश्वस्त गराउन पुराना दलले अझै सकेका छैनन्। यो पक्ष कांग्रेसको नेतृत्वका लागि चेतावनी र चुनौती दुवै हो। सय पार भएन वा गगन सरकारको नारा असफल भएमा विशेष महाधिवेशनको औचित्य पुष्टि हुँदैन।

# निर्वाचनमा नयाँ र पुरानोको बहस

**गगन थापा उमेर कम भए पनि पुरानो पार्टीका पुराना नेता हुन्। नयाँ अधिवेशनपछि सभापति बनेर आएका छन्। हिजो पार्टीभित्र अल्पमतको कारण नाजुक अवस्था थियो भने अहिले सर्वशक्तिमान सभापति बनेर आएका छन्।**



● शम्भु कोइराला

नमागिएको सल्लाह

आगामी बिहीबार नेपालमा संसद्को तल्लो सदन प्रतिनिधिसभाको निर्वाचनका लागि मतदान हुँदैछ। निर्वाचन हुने र नहुने भन्ने संशयबीच हुनलागेको यो निर्वाचन अघिल्ला निर्वाचनभन्दा फरक हुने देखिएको छ। प्रतिनिधिसभाको कार्यकाल बाँकी रहेकै अवस्थामा जेन-जी आन्दोलनबाट यस निर्वाचनमा परम्परागत रूपमा स्थापित दलहरूको वर्चस्व रहन्छ कि नयाँ भनिएका शक्तिको जबरजस्त उदय हुन्छ भन्नेमा चासो छ।

### को नयाँ को पुरानो ?

निर्वाचन आयोगमा दर्ता भए पुरानो र नयाँ भन्ने कि यसलाई कसरी परिभाषित गर्ने बहसको विषय छ। विश्वको उदाहरण हेर्ने हो भने संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, भारत, जापानलगायत देशमा पुराना पार्टीहरू नै नयाँ नेतृत्व चयन गर्दै निर्वाचनमार्फत मुलुकको शासन व्यवस्था चलाइरहेका छन्। बंगलादेशमा २०२४ को जुलाईमा भएको विद्यार्थी विद्रोहपछि गतसाता भएको निर्वाचनमा नयाँ नेतृत्वसहितको पुरानो दल बंगलादेश नेसनलिष्ट पार्टी (बिएनपी) दुईतिहाइभन्दा बढी मतसहित विजयी भएको छ।

### अब नेपालको कुरा गरौं

नेपाली कांग्रेसको नेतृत्वमा २००७ सालको परिवर्तन भयो। राजाका अनेक जालझेल र नेताहरू त्यस्तो जालझेलमा फसेकाले लामो समयपछि २०१५ सालमा भएको निर्वाचनमा दुईतिहाइ बहुमतसहित नेपाली कांग्रेस निर्वाचित भयो तर तत्कालीन राजा महेन्द्रले सैन्यबल प्रयोग गरी सत्ता हातमा लिएर तीस वर्षसम्म पञ्चायती व्यवस्था नाम दिएर प्रत्यक्ष शासन गरे। ०३६ को जनमतसंग्रहमा पनि षड्यन्त्रात्मक परिणाम आए पनि जननायक बीपीले खेलको नियमका आधारमा स्वीकार गर्नुभयो।

भूराजनीतिक जटिलताका कारण उहाँ मुलुकमा द्वन्द्व सिर्जना गर्न अनिच्छुक हुनुहुन्थ्यो। २०४६ सालमा भएको आन्दोलनमा पनि कांग्रेसको नेतृत्वमा वामपन्थी दलहरू सहभागी थिए। २०४८ सालमा भएको संसद्को निर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गऱ्यो। सुरुका तीन वर्ष नेपालको आर्थिक विकासका लागि स्वर्णिम वर्ष रहे। माओवादी द्वन्द्वले देश आतंकित भयो। जीवनमा यस्तो भयको सिर्जना गरियो कि माओवादी भन्ने बित्तिकै सर्वसाधारण मानिसको श्वासप्रश्वास रोकिने अवस्था थियो। नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले माओवादी पार्टीलाई शान्ति प्रक्रियामा ल्याए र ज्ञानेन्द्रले आरम्भ गरेको निरंकुश सत्तासहित राजसंस्थाको अन्त्य भयो।

२०६४ मा भएको संविधानसभाको निर्वाचनमा माओवादी पार्टीले बहुमत प्राप्त गरेर पुराना भनिएका दललाई पाखा लगायो तर तत्कालीन सेनापति रुक्माङ्गत कटवाललाई हटाउने काममा तत्कालीन राष्ट्रपतिले साथ नदिँदा नेता प्रचण्ड नैतिक संकटमा परे। भावनामा बगेर राजीनामा दिए, त्यसपछि पार्टी क्रमशः कमजोर बन्दै गयो। अहिलेको निर्वाचनसम्म आइपुग्दा त्यो नेपाली कम्युनिष्ट पार्टी भएको छ।

पहिलो संविधानसभाले संविधान दिन सकेन। २०७० सालमा पुनः संविधानसभाको निर्वाचन भयो। नेपाली कांग्रेस पहिलो दल बन्यो। धेरै दबाबकाबीच संविधान जारी भएर २०७४ सालमा नयाँ संविधान बमोजिम भएको निर्वाचनमा नेकपा एमाले र माओवादी मिलेर नेपाली कांग्रेस प्रत्यक्षतर्फ २३ सिटमा खुम्चियो। दुईतिहाइ नजिकको जनादेशपछि प्रधानमन्त्री बनेका ओलीले पनि पार्टीभित्रको असन्तुष्टि र राजकीय असन्तुष्टि व्यवस्थापन गर्नुको साटो पटक-पटक संसद् विघटन गर्ने दुष्प्रयास गरे। संसदीय गणितमा कमजोर भएको अवस्थामा पनि सत्ताको चाबी कांग्रेस नेता शेरबहादुर देउवाकोमा गयो।

२०७९ को निर्वाचनमा गठबन्धन गर्दै कांग्रेस पहिलो दल त बन्यो तर संसदीय दलका नेता देउवा प्रधानमन्त्री बन्ने पालो कुर्दाकुर्दै जेन-जी आन्दोलनबाट प्रतिनिधिसभा विघटन भएर बनेको सुशीला कार्की नेतृत्वको सरकारले आगामी बिहीबार निर्वाचन गराउँदैछ।

### पुरानाले केही गरेनन् ? नयाँको सबै ठीक ?

सबै जिल्लाहरूमा सडक पुगेको छ। सदरमुकाममा मात्र होइन दुर्गम बस्तीमा सडक पुगेको छ। नगन्य जनतामात्र अँध्यारोमा बस्नुपर्ने अवस्था छ, विद्युत् सेवा सबैजसो घरमा पुगेको छ। मोबाइल फोन नबोक्ने जनसंख्या अत्यन्त कम छ। ठूलो जनसंख्यामा खानेपानीको सुविधा पुगेको छ। नयाँ अस्पताल, विश्वविद्यालय खुलेका छन्। सरकारी विद्यालयहरूमा निःशुल्क पढ्न पाइने अवस्था छ। साक्षरता प्रतिशत उल्लेख्य रूपमा बढेको छ। औसत आयुले फड्को मारेको छ , जति हुनुपर्ने हो त्यति नभएको मात्र हो। समस्या नेतृत्व तहले संरक्षित गरेको भ्रष्टाचारको मात्र हो।

### को हो नयाँ ?

नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगन थापाले अधिवेशन गरेर कांग्रेस बदलियो, अब देश बदल्छौं भन्ने नारा दिएका छन्। उनले भनेका छन् सबैभन्दा पछाडि अधिवेशन गरेर नयाँनीति र नेतृत्वसाथ आएको कांग्रेस नयाँ हो। हामीभन्दा नयाँ अरू कोही छैन।

### बालेन्द्र, रवि र गगन नयाँ हुन् ?

रवि लामिछाने छोटो समयका लागि भए पनि दुई पटक गृहमन्त्री भइसकेका हुन् र स्वदेश र विदेश अमेरिकामा समेत सर्वाधिक विवादमा छन्। प्रतिशोध साधियो भन्ने तर्कको कुनै तुक छैन। अहिलेको अदालती निर्णयले पनि उनको तर्कलाई गलत भनिरहेको अवस्था छ। बालेन्द्र साह काठमाडौं महानगरपालिकामा तीन वर्षभन्दा बढी मेयर भएर विगार्न सिपालु वनाउन असफल भएका हुन्। पुँजीगत खर्च र बेरुजु विवरण हेरे उनको काम स्पष्ट हुन्छ। यिनको सबल पक्ष भनेको आर्थिक भ्रष्टाचारमा प्रत्यक्ष नमुछिनु हो।

बालेनले मेयर पदलाई न्याय गरे ? उनले कार्यकाल नसकिँदै पदबाट राजीनामा दिए, कार्यकाल सुखद् रहेन। उनले उपमेयरलगायतको कुनै टिमसँग समन्वय गर्न सकेनन्, प्रशासकीय अधिकृतहरूसँग कहिल्यै राम्रो सम्बन्ध भएन। समयमा नगरसभा गर्न सकेनन्, संघीय सरकारसँग कहिल्यै राम्रो सम्बन्ध भएन, डम्पिङ साइटका जनताले एकपटक मेयरसावको दर्शन पाऊँ भनेर बिन्ती गर्दा पनि उनी उपलब्ध भएनन्। साहलाई शाह बनाए, आफ्नो लागि जनता चढ्न नमिल्ने छुट्टै लिफ्ट बनाए।

बाँकी रहे गगन थापा। उनी उमेर कम भए पनि पुरानो पार्टीका पुराना नेता हुन्। नयाँ अधिवेशनपछि सभापति बनेर आएका छन्। नेपाली कांग्रेसको सभापतिका रूपमा उनी नयाँ हुन्। उनको नेतृत्वको कांग्रेस नयाँ हो। उनले कांग्रेस सभापतिको रूपमा काम गरेको हेर्न बाँकी छ।

### गगनको विगत

उनी संसदीय सभापतिको भूमिकामा रहँदा र सांसदको रूपमा प्रभावकारी देखिए। कांग्रेस सत्तामा भएको अवस्थामा पनि आलोचक रहे। स्वस्थ्यमन्त्री भएको अवस्थामा गरिब जनतालाई राहत पुग्ने स्वास्थ्य बीमा कार्यक्रम सुरु गरे। पक्ष नलिई भन्नुपर्दा उनी संसदीय र कार्यकारिणी भूमिकामा प्रभावकारी रहे। उनीसँग जोडिएर आएको बाख्रापालन र उनलाई दिइएको संज्ञा 'मटनकाजी' सम्बन्धमा : सामाजिक सञ्जालमा उनलाई आलोचना गर्ने विषय बाख्रा हो। बाख्रासँगै मटन आएको हो। राजनीति गर्ने मानिसले राजनीतिलाई पेशा बनाउनु हुँदैन। अन्य पेशा पनि अपनाउनुपर्छ भन्ने सन्देश दिन र आर्थिकोपार्जनको पेशा बनाउन उनले बाख्रापालन सुरु गरे र संसदीय भूमिकाको कारण त्यसबाट अलग भए। अहिलेसम्म उनले कहीँ कतैबाट ऋण लिएको वा नतिरेको भन्ने आलोचना भएको छैन। बरू यस्तो छैन भनेर पुष्टि गरिएको छ। उनलाई बद्नाम गराउन त्रि-चन्द्र क्याम्पसको स्ववियुको विवाद बनाउन खोजेको देखिन्छ तर प्रमाण नभएकाले पानीको फोका झैं त्यो बिलीन भएर जान्छ।

यो सबै चर्चाको आशय हो, गगनलाई लगाइएका आरोपमा कुनै प्रमाण भेटिँदैन। सामाजिक सञ्जालमा ट्रोल गर्ने विषयमात्र हो। उनीमाथि आलोचनाको वर्षा हुनु अस्वाभाविक होइन। अहिले एमाले नेता रक्षात्मक भएको अवस्थामा रवि बालेनको चुनौती भनेको गगन नै हुन्। उनको शालीनता, विषयवस्तुको ज्ञान, त्यस ज्ञानलाई जनतामाझ पुऱ्याउन सक्ने कला, सभापति भइसकेपछि उनमा देखिएको जिम्मेवारी बोध, बेदाग विगत र वर्तमानमा आशा जगाउन सकेका कारण समयका अब्बल नेता हुन्। सभापतिको रूपमा उनको र समग्र कांग्रेसको काम हेर्न बाँकी रहेकाले उनी अरूभन्दा नयाँ हुन्। विगत पुराना पार्टीलाई भरोसा गर्ने जग हो भने वर्तमान उनीहरूलाई मूल्यांकन गर्ने समय हो। गौरवशाली विगतमा उभिएको र आशालाग्दो भविष्य देखाउन सक्नेलाई नयाँ मान्ने कि पुरानाले सबैथोक बिगारे हामीलाई पत्याउनुस् भन्नेलाई ? त्यो मतदाताको जिम्मामा छोडिदिऊँ।

CMYK

# काठमाडौं महाविहारद्वारा नुवाकोटका ऐतिहासिक धार्मिक स्थलको अवलोकन



**काठमाडौं ⁄ हिटा ।** काठमाडौं महाविहार संघले नुवाकोटस्थित ऐतिहासिक धार्मिक स्थलहरूको स्थलगत अवलोकन भ्रमण गरेको छ । नेपाल मण्डल काठमाडौं तथा अन्य क्षेत्रमा रहेका सम्पदा, बहाल-बहिहरूको संरक्षण-सम्बर्द्धन र शाक्य वंशको उत्पत्ति, ऐतिहासिक तथ्य तथा सांस्कृतिक परम्पराको जगेर्ना गर्ने उद्देश्यले स्थापित संघले हालै उक्त भ्रमण सम्पन्न गरेको हो ।

काठमाडौंका सबै महाविहारहरूबाट एक-एक जना प्रतिनिधि समावेश गरी विसं २०७१ सालमा गठन गरिएको संघले स्थापनाकालदेखि नै लोपोन्मुख अवस्थामा रहेको 'शाक्य संघायण' कार्यलाई पुनः सञ्चालनमा ल्याएको जनाएको छ । जिर्ण अवस्थामा रहेका काठमाडौंका विहारहरूको क्वापाःछेँ (गुठीघर) पुनर्निर्माणका लागि बजेट व्यवस्थापन गर्नुका साथै इन्द्र जात्राको प्रमुख आकर्षणका रूपमा रहेका परम्परागत कुमारी, गणेश र भैरवको छनोट प्रक्रियालाई मर्यादित र व्यवस्थित बनाएको संघको दाबी छ ।

संघले बौद्ध विहारसँग सम्बन्धित ताडपत्र, शिलालेख तथा अन्य ऐतिहासिक अभिलेखहरूको अनुसन्धान र संरक्षण कार्यलाई पनि निरन्तर अघि बढाउँदै आएको जनाएको छ । झट्ट हेर्दा जातीय संस्थाजस्तो देखिए पनि यसको मूल उद्देश्य देशभर रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्नुका साथै नयाँ पुस्तामा भाषा, संस्कार र संस्कृतिप्रति जागरण ल्याउनु रहेको संघको भनाइ छ ।

सोही अभियानअन्तर्गत संघको टोलीले नुवाकोटमा अवस्थित करिब १७ सय वर्ष पुरानो स्वयम्भू दुप्चेश्वर महादेव तथा सुगतपुर बुद्ध विहारको अवलोकन गरेको हो । सुगतपुर विहारमा आयोजित कार्यक्रममा वक्ताहरूले विश्वशान्तिका लागि बुद्ध दर्शन अपरिहार्य रहेको धारणा राखे । 'धूप-दीप बालेरमात्र धर्म प्राप्त हुँदैन, बुद्धको शिक्षा र दर्शनलाई जीवनमा उतार्न सकेमात्र साँचो अर्थमा धर्मको अनुभूति हुन्छ', उनीहरूको भनाइ थियो ।

संघका महासचिव संघरत्न शाक्यले बुद्धको दर्शनलाई बेवास्ता गर्दै ठूला राष्ट्रहरूले द्वन्द्व निम्त्याइरहेको र यसले सम्पूर्ण प्राणीलाई भयमुक्त रूपमा बाँच्न पाउने अधिकारबाट वञ्चित गरिरहेकोप्रति दुःख व्यक्त गर्नुभयो । कार्यक्रममा विहारका भन्ते शारड भन्तेले त्रिपिटकको मूल सारसंक्षेपमा धर्मदेशना गर्नुभयो ।

विहारका अध्यक्ष आनन्दरत्न शाक्यले विहार स्थापनाको उद्देश्यबारे प्रकाश पार्नुभयो भने नुवाकोटमै अवस्थित पुरानो चैत्यको पुनर्निर्माण तथा संरक्षण कार्यमा सक्रिय गौतममान सिंहले स्वयम्भू महाचैत्य क्षेत्रको ऐतिहासिकता र महत्त्वबारे व्याख्या गर्नुभयो । संघका अध्यक्ष शुभकाजी शाक्यले भ्रमणको महत्त्व र भावी योजनाबारे जानकारी गराउनुभयो भने कार्यक्रमको सञ्चालन संघका सदस्य मणिकर शाक्यले गर्नुभएको थियो ।

भ्रमणमा सहभागी सदस्यहरूले सुगतपुर विहार तथा स्वयम्भू चैत्य क्षेत्रको निर्माण तथा संरक्षणका लागि स्वेच्छिक आर्थिक सहयोगसमेत प्रदान गरेका थिए । सहयोगप्रति विहार पक्षले धन्यवाद ज्ञापन गरेको थियो । संघले विगत लामो समयदेखि देशका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलको स्थलगत अध्ययन, अन्वेषण तथा प्रचार-प्रसार गर्दै आएको जनाएको छ । स्थानीय समुदायसँग संस्कार-संस्कृतिको आदान-प्रदान, वैचारिक विमर्श तथा विश्वशान्तिको कामनालाई संस्थाले आफ्नो मूल अभियानका रूपमा अघि बढाउँदै आएको बताइएको छ ।

# पत्रकार पदम श्रेष्ठको निधन



**काठमाडौं ⁄ हिटा ।** भाषा, संस्कृति, सम्पदा, चाडपर्व र मौलिकताका संरक्षणमा लामो समय योगदान पुऱ्याएका वरिष्ठ पत्रकार तथा इतिहास खोज अनुसन्धानकर्ता पदम श्रेष्ठको निधन भएको छ । श्रेष्ठले पछिल्लो समय जाति, धर्म, इतिहास विषयमा खोज तथा पुस्तक प्रकाशन गर्दै आउनुभएको थियो । उहाँको बुधबार ५७ वर्षको उमेरमा मस्तिष्कघात (ब्रेन ह्यामरेज) का कारण आफ्नै निवास लाजिम्पाट निलसरस्वतीस्थित घरमा निधन भएको हो । उहाँका भाइ मदन श्रेष्ठका अनुसार, कम्प्युटरमा काम गर्दै गर्दा नै श्रेष्ठ ढल्नुभएको थियो ।

सन्ध्याकालीन महानगर दैनिकमा लामो समयसम्म आबद्ध रहनुभएका श्रेष्ठ पछिल्लो समय अनलाइन पत्रिका डबलीमा आबद्ध हुनुहुन्थ्यो । पत्रकारितामार्फत लोपालुमुख, मौलिकताका क्षेत्रमा कलम चलाउँदै आउनुभएका श्रेष्ठका चर्चित पुस्तकहरूमा नेपाल मण्डल सम्पदा, नेवारलगायत धेरै पुस्तक प्रकाशनमा छन् ।

२०२५ असोज ६ गते काठमाडौंमा जन्मिनुभएका श्रेष्ठ पछिल्लो समय दक्षिणकालि नगरपालिका, फर्पिंगमा बस्दै आउनुभएको थियो । सरल र सहयोगी व्यक्तित्वका धनी स्वर्गीय श्रेष्ठका दुई परिवारबाट एक छोरी र एक छोरा हुनुहुन्छ । स्वर्गीय श्रेष्ठको बुधबारनै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उहाँको निधनमा नेपाल पत्रकार माहासंघ हिमालय टाइम्स प्रतिष्ठान शाखाले दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारमा समवेदना व्यक्त गरेको छ ।

## काठ दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१५**

यस **सा.व.उ.स.को** आ.व. २०८०/०८१ मा उत्पादन भएको **साल** गोलिया **५१** थानको **५५२.३०** क्यू.फि. काठ र **१.५०** चट्टा दाउरा लिलाम बिक्री गर्नु पर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण सा.व.उ.स. को कार्यालयबाट लिन हुन सूचित गरिन्छ ।

**श्री चुरे हरियाली सा.व.उ.स.**
**मरिण गा.पा.- ५, सिन्धुली**

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

ओठे कामिको नाति, तूले कामिको छोरा, जाजरकोट जिल्ला, बारेकोट गा.पा. वडा नं. ९ बस्ने, यस बैंकको खलंगा शाखा कार्यालयको खातावाला खम्म बहादूर कामिको मिति २०८२/०८/२० मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती हिरा कली कामीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

शिवशंकर सुवेदीको बुहारी, दधि राज सुवेदीको पत्नी, मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ३ बस्ने, यस बैंकको बिराटनगर हनुमानदास शाखा कार्यालयको खातावाला मिना सुवेदीको मिति २०८१/११/२३ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा रुपक राज सुवेदीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**Bagmati Province Government**
**Forest Directorate**
**Ministry of Forest and Enviornment**
**Soil and Watershed Management Office**
**Sindhupalchok, Chautara**
**Sealed Quotation No.: SWMOSINDHU/SQ-2/2082-83**
**Date of Publication : 27 february 2026)**

This is to notify all the concerned bidders that addendum, has been issued for the Sealed Quotation Titled Construction of gabion Retaining wall at Bhadaure Bhattrai Tole Melamchi-05, Published on 25th February 2026 through PPMO's e-procurement portal **http://bolpatra.gov.np/egp.** The modified addendum can be downloaded from PPMO's e-procurement portal **"http://bolpatra.gov.np/egp".**

**Office Chief**

## वर्गीकृत डिस्प्ले

### माईग्रेशन सर्टिफिकेट हरायो

मिति २०८२/०९/२० गतेको दिन कोटेश्वरबाट पुतलीसडकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**Name: Anirudra Chaudhary**
**Regd. No.: 734826014**
**Migration No: 201729**
**School's Name: New Life Secondary School, Makar, Nawalparasi**
**Date of Issue: 2074/08/11 BS (2017/11/27 AD).**
**Contact No: 9802822623**

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौ : ०१-४५७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११
e-mail: hitanewz@gmail.com
Website : ehimalayatimes.com.np

# Sanjen Jalavidhyut Company Limited

**7th Floor, Chilime Tower, Dhumbarahi, Kathmandu**

## Letter of Intent (LOI)

**Date of Publication: 2082/11/15 (February 27, 2026)**

As per section 27(2) of Public Procurement Act, 2063 this is to notify to all concerned bidders that, we are going to award following contract as per **IFB No.: SJCL-82/83-MPR-NCB/1 (Manufacturing, Supply and Delivery of Forged Pelton Runner with HP-HVOF Coating)**, published in Rajdhani National Daily on 2082/09/28 (January 12, 2026), the following bidder is selected as substantially responsive lowest evaluated bid fulfilling the Evaluation and qualification criterion.

| S. N. | Contract ID No. | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT |
|---|---|---|---|
| 1 | SJCL-82/83-MPR-NCB/1 | M/S : MSIPL-GETAI J/V, Sinamangal, Kathmandu. | 85,807,791.87 |

༄། །སོད་རོང་པོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# Soluduhkunda Municipality

**Office of The Muncipal Executive**
**Salleri, Solukhumbu**
**Koshi Province, Nepal**

## Invitation For Re- Bids

***(Second date of Publication: 2082-11 -15)***

1. The Solududhkunda Municipality, Salleri Solukhumbu invites electronic bids from eligible bidder's accordance with the Public Procurement Act and Regulations of Nepal, using NCB and sealed quotation procedures.

| S. N. | Contract ID No. | Name of Assignment | Cost of Bid Document (Non-refundable) | Bid Security Amount (NRs.) | Last day of Bid Purchase and submission |
|---|---|---|---|---|---|
| 1 | 02-Goods-NCB-SDM-2082/83 | Supply, Delivery & Installation of ICT Equipment in Solukhumbu Multiple Campus (ICT E-Library) | NRs 3,000 | NRs. 4,10,000 | Bid submission: 2082-12-15, 12:00<br>Bid opening: 2082-12-15, 13:00 |
| 2 | 03-Goods-SQ-SDM-2082/83 | Pashu Aaushdhi Upkaran Ra Aadharbhut Veterinary Prayogsala Samagri Kharid | NRs 1,000 | NRs 30,000 | Bid submission: 2082-12-01, 12:00<br>Bid opening: 2082-12-01, 13:00 |

2. Specific additional Criteria for S.N. 1
   a) Relevant experience in similar work over the past 3-5 years" in Government sector
   b) Catalog/ Data sheet,
   c) Brand:
   d) Model no. and Country of Origin
   e) Manufacture Authorization Letter
3. All bidding documents must be download & submit electronically through PPMO e-GP system website http://bolpatra.gov.np/egp.
4. For further information, may contact in Solududhkunda Municipality, Mobile No. 9849655898 & 9866111270 during office hours.

**Chief Administrative Officer**

## छत्रकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३/११/१५**

यस कार्यालयद्वारा देहायका कार्यका लागि मिति २०८२/९/३० गतेको बुटवल टुडे पत्रिकामा तपसिलका कार्यका लागि प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तल उल्लिखित दरभाउपत्र दाताको बोलपत्र न्यूनतम सारभूतरुपमा प्रभावग्राही भइ स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | छनौट भएको फर्म | कबोल अंक(भ्याट र पि.एस्. समेत) | कैफियत |
|---|---|---|---|---|
| 1 | CRM/Gul/W/NCB-11/082-83, Construction of Maindada Slab Culvert,Chhatrakot 3 | श्री ओजस्वी निर्माण सेवा, सन्धिखर्क-१, अर्घाखाँची । | २२,३६,६८८.९१ (अक्षरेपी बाइस लाख छत्तिस हजार छ सय अठासी रुपैयाँ एकानब्बे पैसा मात्र | |
| 2 | CRM/Gul/W/NCB-12/082-83 Kharjyang Khola Tatabandha Nirman | श्री ओजस्वी निर्माण सेवा, सन्धिखर्क-१, अर्घाखाँची । | २३,२१,३६५.८५ (अक्षरेपी तेइस लाख एक्काइस हजार तिन सय पैसठ्ठी रुपैयाँ पचासी पैसा मात्र | |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल सरकार
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग**
**कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन कार्यालय, सप्तरी**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/१५ (27th February 2026)**

यस कार्यालयबाट मिति २०८२/०९/३० गतेको नेपाल समाचारपत्र दैनिक/विद्युतीय माध्यम (e–GP system) मा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार तपसिलका निर्माण व्यवसायीको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रवाभग्राही भई स्वीकृतिको लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृति सम्बन्धी ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र. स. | ठेक्का नं. | बोलपत्रदाताको नाम | कबोल रकम, रु. (पि.एस.र भ्याट सहित) |
|---|---|---|---|
| १. | KPCCIMO/DCS/LGIRMTP/NCB-10/2082-083 | Green Spa Engineering Construction Pvt. Ltd., Khadak Na. Pa. -05, Saptari | ५१,३४,६७७.१९ |
| २. | KPCCIMO/DCS/LGIRMTP/NCB-11/2082-083 | Gamhariya Prawaha Nirman Sewa Pvt. Ltd., Tokha Na.Pa -06, Kathmandu | ५२,१७,५५१.२१ |
| ३. | KPCCIMO/PCS/LGIRMTP/NCB-12/2082-083 | Ma Santoshi Construction, Tilathi Koiladi Ga. Pa. -01, Saptari | ५५,९४,८८५.०४ |
| ४. | KPCCIMO/PCS/LGIRMTP/NCB-13/2082-083 | Ma Santoshi Construction, Tilathi Koiladi Ga. Pa. -01, Saptari | ५१,९३,९१०.५५ |
| ५. | KPCCIMO/CCS/LGIRMTP/NCB-14/2082-083 | Nishu Construction Pvt. Ltd., Kathmandu -32, Kathmandu | ६६,१९,३८९.९९ |
| ६. | KPCCIMO/LGIRMTP/NCB-15/2082-083 | Shailendra Construction, Kalaiya-06, Bara | १२,७६,८६८.५९ |
| ७. | KPCCIMO/PHA/AMIS/NCB-05/2082-o83 | Gamhariya Prawaha Nirman Sewa Pvt. Ltd., Tokha Na.Pa -06, Kathmandu | २६,६६,२२९.०० |
| ८. | KPCCIMO/PHB/AMIS/NCB-06/2082-083 | Gamhariya Prawaha Nirman Sewa Pvt. Ltd., Tokha Na.Pa -06, Kathmandu | ४४,६६,३५८.०० |
| ९. | KPCCIMO/PHA/AMIS/NCB-07/2082-83 | Nepal Transformer & Allied Engineering Pvt. Ltd., Bhaktapur -02, Bhaktapur | ६८,९८,०६५.९६ |
| १०. | KPCCIMO/CCS/AMIS/NCB-08/2082-083 | Green Spa Engineering Construction Pvt. Ltd., Khadak Na. Pa. -05, Saptari | ३९,००,७१९.६७ |
| ११. | KPCCIMO/DTW/AMIS/NCB-09/2082-83 | New Reshma Construction & Drilling Sewa, Biratnagar-04, Morang | ५०,९४,५०२.८२ |
| १२. | KPCCIMO/DTW/AMIS/NCB-10/2082-83 | Prince Nirman Sewa, Budiganga Ga. Pa.-2, Morang | ४८,७०,४४४.१६ |

## भीमेश्वर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
चरिकोट दोलखा, बागमती प्रदेश, नेपाल ।

### निर्माण कार्य सम्बन्धि बोलपत्र आह्वानको सूचना ।

सूचना प्रकाशित मिति : २०८२/११/१५

यस नगरपालिकाको तपशिल वमोजिमको निर्माण कार्य गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रितपुर्वकको बोलपत्र विद्युतीय खरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धि कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document मा हेर्न र download गर्न सकिनेछ । बोलपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का / योजनाको नाम | लागत अनुमान (VAT र PS सहित) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BMP/NCB/WORKS/2082-83/E/04 | Jalabayu Anukulan Karyakram | ५८,९९,०३९/१६ | ३,०००/- | १,३७,०००/- | २०८२/१२/१५ गते १२ वजे भित्र | २०८२/१२/१५ गते १ वजे |
| २ | BMP/NCB/WORKS/2082-83/E/05 | Krishi Upaj Bazar Kendra Sthapana | १,४७,७५,३७५/८१ | ३,०००/- | ३,५०,०००/- | २०८२/१२/१५ गते १२ वजे भित्र | २०८२/१२/१५ गते १ वजे |

## विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२।११।१५ गते**

यस बिश्रामपुर गाउँपालिकाको कार्यालयबाट मिति २०८२।०९।३० गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्र आव्हनको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये निम्न लिखित बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.स. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र पि.एस सहित ) |
|---|---|---|---|---|
| १ | BSHRM/NCB/ WORKS /05/ 2082/083 | Construction of 4 Room Rcc School Building Works With (Toilet, Wash Room, Changing Room And Book Corner) at Shree Dindayal Aa.Vi.Kalyanpur | श्री अनमोल कन्स्ट्रक्सन फेटा गा.पा. ३ बारा | ६१,७८,२४७९४ |

**प्रमुख प्रशासकीय अधिकृत**

## लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/१५**

यस कार्यालयबाट मिति २०८२/०९/११ गते प्रभाब रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित ठेक्का आव्हान सम्बन्धी सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको निर्णयानुसार देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|
| LRM/NCB/GOODS/ 2082/83-10 | Supply, Delivery, Installation and Commissioning of Hospital Equipment at Likhu Rural Municipality, Yasam, Okhaldhunga | Nirijama Medico Suppliers, Madhyapur Thimi - 6, Bhaktapur Nepal | NRs. 84,23,472.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## KIRTIPUR MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVES
KIRTIPUR, KATHMANDU
BAGMATI PROVINCE, NEPAL

### Invitation for Bids

**Date of publication: 2082/11/15**

Kirtipur Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ 16/2082/083 | Construction of Bishnudevi Hospital Building at Kirtipur Ward 01 | 63,36,207.13 | 1,40,000.00 | 3,000.00 |
| 2 | KRM/NCB/ 17/2082/083 | Blacktop work of Balkumari Healthpost-Telmill-Adhikari Gaun Road at Kirtipur ward 05 | 33,13,865.88 | 80,000.00 | 3,000.00 |
| 3 | KRM/NCB/ 18/2082/083 | Blacktop work of Chhyaka Lho-Chithu Bihar Chowk Road at Kirtipur ward 10 | 33,01,842.42 | 80,000.00 | 3,000.00 |

| Code | Name of the Bank, Office Account no. | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 801033503 Rajashwa Shirshak no. 14229 | Agricultural Development Bank, Kirtipur Branch (आन्तरिक राजश्व खाता) (for bid fee) 0211100047277011 (for bid security) धरौटी खाता (GA-3)021100047277125 | Kirtipur Municipality Office at 1:00 PM, 2082/12/05 | on or before 12:00 Noon on 2082/12/16 | 2082/12/16 at 1:00 PM, at the office of Kirtipur Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Kirtipur Municipality, Kirtipur or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## ‘काव्या’ निर्माण गर्दै गीता



**हिमालय टाइम्स**
काठमाडौं, १४ फागुन

नेपाली टेलिचलचित्र क्षेत्रमा निरन्तर सक्रिय रहँदै आउनुभएकी कलाकार तथा निर्देशक गीता नेपाल ले नयाँ टेलिचलचित्र ‘काव्या’ निर्माण गर्ने घोषणा गर्नुभएको छ। यसअघि ‘सन्ध्या’ र ‘मेरो कथा’ जस्ता सामाजिक कथावस्तुमा आधारित टेलिचलचित्रमार्फत दर्शकको मन जित्न सफल नेपाल यसपटक अझ फरक र सशक्त कथासहित प्रस्तुत हुन लाग्नुभएको हो। निर्वाचनलगत्तै छायांकनमा जाने तयारीमा रहेको ‘काव्या’ जय एण्ड नेवी प्रोडक्सनको प्रस्तुति रहनेछ भने यसको निर्माण चक्रध्वज भण्डारी ले गर्नुभएको हो।

निर्देशक नेपालका अनुसार ‘काव्या’ अन्तरजातीय विवाहपछि समाजले गर्ने अपहेलना, तिरस्कार र त्यसबाट बाहिर निस्कन पात्रहरूले गर्नुपरेको पीडादायी संघर्षको कथामा केन्द्रित हुनेछ। समाजमा अझै विद्यमान जातीय विभेद र पारिवारिक अस्वीकारका कारण उत्पन्न मानसिक, सामाजिक र आर्थिक समस्यालाई टेलिचलचित्रले संवेदनशील ढंगले उठान गर्ने बताइएको छ।

त्यसैगरी, पछिल्लो समय ग्रामीण तथा शहरी क्षेत्रमा बढ्दो ‘मिटर ब्याज’ समस्याका कारण परिवारहरूले भोग्नुपरेको आर्थिक तथा सामाजिक संकटलाई पनि कथामा समेटिएको छ। निर्देशक नेपालले हालसम्म प्रस्तुत भएका कथाभन्दा भिन्न र सशक्त विषयवस्तुमा आधारित भएर ‘काव्या’ निर्माण गर्न लागेको दाबी गर्नुभएको छ।

यस टेलिचलचित्रमा मोहन निरौला, आरपी पन्त, विद्या कार्की, गोपाल ढकाल ‘छन्दे’, स्वयं निर्देशक गीता नेपाल, जेवी डिसी, किसन अर्याल, सन्दीप कँडेल, सुपा खनाल, सुगत करञ्जीत, निर्माता चक्रध्वज भण्डारी तथा आरजुलगायतका कलाकारको अभिनय रहनेछ। कलाकारहरूको विविध अनुभव र प्रस्तुति शैलीले टेलिचलचित्रलाई थप प्रभावशाली बनाउने अपेक्षा गरिएको छ।

टेलिचलचित्रको कथा तथा पटकथा लेखन सुशील देवकोटाले गर्नुभएको हो भने छायांकन राहुल राई ले सम्हाल्नुहुनेछ। सामाजिक विषयवस्तुमा गहिरो अध्ययनसहित दृश्य संयोजन गरिने निर्माण टिमको भनाइ छ।

लामो समयदेखि अभिनयमा सक्रिय रहँदै पछिल्लो समय निर्देशन र निर्माणमा समेत व्यस्त रहनुभएकी गीताले ‘काव्या’मा आफ्ना अघिल्ला प्रस्तुतिहरूको सफलतालाई निरन्तरता दिने विश्वास व्यक्त गर्नुभएको छ। उहाँका अनुसार, समाजमा विद्यमान जटिल यथार्थलाई कलात्मक ढंगले प्रस्तुत गर्दै सचेतना र बहस सिर्जना गर्नु नै टेलिचलचित्रको मुख्य उद्देश्य रहनेछ। सामाजिक सरोकारका विषयलाई केन्द्रमा राखेर निर्माण हुनलागेको ‘काव्या’ले दर्शकमाझ कस्तो प्रभाव पार्छ भन्ने प्रतीक्षा छ।

## विराट फिल्म एण्ड म्युजिक अवार्डको चौथो संस्करण सम्पन्न
### शुभाष गजुरेललाई दीर्घसाधना सम्मान



**हिमालय टाइम्स**
काठमाडौं, १४ फागुन

नेपाली गीतसंगीत तथा चलचित्र क्षेत्रका स्रष्टालाई अवार्ड र सम्मान प्रदान गर्ने उद्देश्यले आयोजना हुँदै आएको ‘विराट फिल्म एण्ड म्युजिक अवार्ड’को चौथो संस्करण सम्पन्न भएको छ। चलचित्र विकास बोर्डको हलमा आयोजना गरिएको अवार्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाको प्रमुख आतिथ्यता तथा दिनेश डिसीको विशेष आतिथ्यतामा सम्पन्न भएको हो। चलचित्र र गीतसंगीतका गरी ३५ विधामा अवार्ड प्रदान गरिएको थियो। कार्यक्रम संयोजक सुरज पौडेलका अनुसार यसवर्ष संगीततर्फ २४ र चलचित्रतर्फ १२ गरी कुल ३६ विधामा अवार्ड प्रदान गरिएको हो।

सेलिब्रेटी नेपाल प्रतिष्ठानको आयोजनामा सम्पन्न अवार्डमा २०८१ सालमा प्रदर्शन भएका चलचित्र तथा सार्वजनिक गीत-संगीतलाई समावेश गरिएको थियो। कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष रघुनाथ सापकोटाको अध्यक्षता रहेको थियो।

अवार्डमा लाइफ टाइम अचिभमेन्ट अवार्ड कलाकार तथा निर्देशक शुभाष गजुरेललाई नगद २५ हजार ५५५ सहित प्रदान गरिएको थियो। पत्रकारिता पुरस्कार पत्रकार श्रीकृष्ण भट्टराईलाई नगद ११ हजार १११ सहित प्रदान गरिएको थियो। कार्यक्रममा लेखक-निर्देशक काजी लिम्बु, कलाकार श्रेया दुलाल, निर्माता सुनीता सापकोटा, राम नारायण उपाध्याय र विज्ञान श्रेष्ठलाई पनि सम्मान गरिएको थियो।

अवार्डको जुरी टोलीमा रक्षा सिंह राणा, शिव ढकाल, प्रमोद ढुंगाना, ऋषि लामिछाने, अमरदीप सापकोटा र नविनकुमार पौडेल रहनुभएको थियो।

समारोहमा उत्कृष्ट चलचित्र ‘सतीदेवी’ घोषित भयो। उत्कृष्ट निर्देशकतर्फ मिलन चाम्स (‘अञ्जिला’), उत्कृष्ट अभिनेतातर्फ विजय बराल (‘पूर्ण बहादुरको सारंगी’) तथा उत्कृष्ट अभिनेत्रीमा केकी अधिकारी (‘बोक्सीको घर’) पुरस्कृत भए।

सह-अभिनेत्रीमा सिर्जना अधिकारी (‘सतीदेवी’),सह-अभिनेता कामेश्वर चौरसिया (‘फेरि रेशम फिलिली’), छायाँकार पुरूषोत्तम प्रधान (‘पिताम्बर’), सम्पादक सन्देश शाह (‘ज्वाइँ साव’), संगीतकार आशिष अविरल रैयाँ चाँदीको (‘पूर्ण बहादुरको सारंगी’), पटकथा संवाद लक्ष्मण सुवेदी (‘सतीदेवी’) र रंग संयोजन राजेन्द्र मोक्तान (‘अञ्जिला’) पुरस्कृत भए। यस्तै, बाल कलाकारतर्फ ‘सतीदेवी’का मञ्जिला बानियाँ र हर्षिका ओलीलाई इन्करेजमेन्ट अवार्ड प्रदान गरिएको थियो।

यस्तै, संगीततर्फ आधुनिक गायनमा उत्कृष्ट गायक रुद्र शेखर शर्मा (‘के छ सान्नानी’) र उत्कृष्ट गायिकामा अञ्जु पन्त (‘थाहै थिएन दिल’) पुरस्कृत हुनुभयो। उत्कृष्ट संगीतकार मनोज चौलागाईं र उत्कृष्ट आधुनिक गीतकार प्रतिमा गुरुङ (‘न जिउन सकें न मर्न सकें’) घोषित हुनुभयो।

मोडल आधुनिक मेलमा माधव केसी (‘अजम्बरी माया’) र मोडल आधुनिक फिमेलमा नेहा गौतम (‘तिम्रो झझल्को’) उत्कृष्ट घोषित हुनुभयो। म्युजिक भिडियो निर्देशकमा राजेन्द्र बस्नेत (‘मेरो घरको मुन्तिर’) र छायाँकारतर्फ मदन काश्यप घिमिरे (‘अजम्बरी माया’) पुरस्कृत हुनुभयो।

त्यसैगरी, लोक गायनतर्फ चन्द्र लामा (‘मुटुमा बसेकी माया’), लोक-पप गायक दिनेश भारती (‘चन्द्रकुमारी’), गजल गीतकार तुलाराम लामिछाने (‘समय खराब छ’) र पप गीतकार अनुप महर्जन (‘अँध्यारो रातमा’) उत्कृष्ट घोषित हुनुभयो।

भाषाभाषी चलचित्र ‘तलास’बाट राजकुमार लिङ्देन उत्कृष्ट अभिनेता तथा ‘दुस्प्रयास’बाट दिनेश लिङ्देन उत्कृष्ट निर्देशक घोषित हुनुभयो। भाषाभाषी गीततर्फ विपना आंगवुहांग (‘सुंगुरको मासुमा’) उत्कृष्ट मोडल बन्नुभयो।

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
## Project of Urban Development and Building Construction
Manthali, Ramechhap

### LETTER OF INTENT

Date of publication: 2082/11/15

This is to notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

| IFB No. | Project Description | Name and address of the bidder | Bid Amount (including PS and VAT) |
|---|---|---|---|
| PUDBC/ RAMECHAP/NCB/ WORKS-11/082/83 | Construction of Dolakha Sabha hall in Dolakha District (Including Retrofit and Second Phase) | Shankhadevi Construction (Banasthali, Kathmandu) | NRs. 3,38,91,598.36 |

CMYK

# राष्ट्रिय लिग फुटबल : पुलिसको दोस्रो जित

**हिमालय टाइम्स**

काठमाडौं, १४ फागुन



विभागीय टोली नेपाल पुलिस क्लबले राष्ट्रिय लिग फुटबलमा दोस्रो जित हात पारेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार बिहान भएको पहिलो खेलमा पुलिसले बाराको नव जनजागृति युवा क्लबलाई सात-शून्यको फराकिलो अन्तरले पराजित गरेको हो। यो राष्ट्रिय लिगकै सबैभन्दा फराकिलो जित हो।

पुलिसका लागि धिरेन्द्रबहादुर शाह र सञ्जीव लामाले दुई-दुई गोल गर्नुभयो भने दशरथ गिरी, भरत साह र विजय उराउले एक-एक गोल गर्नुभएको थियो।

३६औं मिनेटमा धिरेन्द्रले गोल गर्दै पुलिसलाई अग्रता दिलाउनुभएको थियो। ४२औं मिनेटमा दशरथले गोल गर्दै अग्रता दोब्बर पार्नुभयो।

४५औं मिनेटमा भरत साहले गोल गर्नुभयो। इन्जुरी समयमा सञ्जीवले दुई गोल गरेपछि पहिलो हाफमै पुलिस पाँच-शून्यले अगाडि रह्यो। दोस्रो हाफको ४८औं मिनेटमा धिरेन्द्रले व्यक्तिगत दोस्रो गोल गर्नुभयो। ६१औं मिनेटमा विजयले गोल गरेपछि पुलिस सात-शून्यले विजयी भयो।

दोस्रो जितपछि सात खेलबाट सात अंक जोडेको पुलिस अंकतालिकामा १०औं स्थानमा उक्लेको छ। नव जनजागृतिको भने यो लगातार सातौं हार हो र अहिलेसम्म अंकविहीन रहेको यो टोली पुछारमा छ।

## प्लानिङलाई एनआरटीले रोक्यो

न्युरोड टिम (एनआरटी) फुटबल क्लबले राष्ट्रिय लिगमा प्लानिङ ब्वाइज युनाइटेडलाई बराबरीमा रोकेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार सम्पन्न खेलमा प्लानिङ ब्वाइज र एनआरटीले एक-एकको बराबरी खेलेका हुन्। प्लानिङको यो दोस्रो बराबरी हो। लिगमा आठ खेल खेलेको प्लानिङले १७ अंक जोडेको छ।

एनआरटीको भने यो तेस्रो बराबरी हो। समान खेलबाट एनआरटीको १५ अंक रहेको छ। खेलको नवौं मिनेटमा प्लानिङका रोमन भुजेलको फ्रिकिक गोल पोस्टको दायाँ भएर बाहिरियो।

३४औं मिनेटमा एनआरटीका अञ्जन विष्टको पासमा ओमोलजा करिमको हेडरलाई प्लानिङका गोलकिपर योगेश धिमालले उत्कृष्ट बचाउ गर्दै संकटलाई टार्नुभयो। ४०औं मिनेटमा कप्तान प्रतापसिंह राईको गोलमा प्लानिङले सुरुआती अग्रता लिनुभयो। तर, प्लानिङले आफ्नो अग्रता धेरै बेर टिकाउन सकेन।

पहिलो हाफको इञ्जुरी समयमा टिमोथी चिमेरी ओकेरेकेको गोलमा एनआरटी खेलमा फर्कियो। ७३औं मिनेटमा प्लानिङका पापा इबू केबेले पेनाल्टी बक्स भित्रबाट गरेको प्रहारले गति लिन सकेन। ८६औं एनआरटीका करिमले पहेंलो कार्ड पाउनुभयो। त्यसको केही समयपछि सिधै रातो कार्ड पाउँदै उहाँ मैदानबाट बाहिरिनुभयो। त्यसपछि एनआरटी १० खेलाडीमा सीमित भए पनि प्लानिङले फाइदा उठाउन सकेन।

# आयोजक श्रीलंका सेमिफाइनल दौडबाट बाहिरियो



**एजेन्सी**

कोलम्बो, १४ फागुन

आयोजक श्रीलंका आइसिसी टी-२० विश्वकपको सुपर आठ चरणबाट बाहिरिएको छ। सुपर आठमा बुधबार राती न्युजिल्याण्डसँग ६१ रनले पराजित हुँदै श्रीलंका सेमिफाइनल दौडबाट बाहिरिएको हो। न्युजिल्याण्डले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १६८ रनको चुनौतीपूर्ण स्कोर खडा गरेको थियो। श्रीलंकाले २० ओभरमा ८ विकेट गुमाएर मात्र १०७ रन बनाउन सक्यो। श्रीलंकाको सुरुवात नै खराब रह्यो। न्युजिल्याण्डका बलरहरूको सटिक बलिङअगाडि श्रीलंकाका ब्याटरहरू टिक्न सकेनन्।

यो हारसँगै श्रीलंकाको सेमिफाइनल पुग्ने सबै ढोकाहरू बन्द भएका छन्। सुपर-आठको ग्रुप दुईबाट श्रीलंका अब औपचारिक रूपमै विश्वकपको दौडबाट बाहिरिएको छ। यो जितले न्युजिल्याण्डलाई अंक तालिकामा मात्र फाइदा पुऱ्याएको छैन, बरु उनीहरूको सेमिफाइनल पुग्ने सम्भावनालाई निकै बलियो बनाएको छ। अब आउने खेलहरूमा न्युजिल्याण्डको स्थिति अन्य टोलीको तुलनामा सुरक्षित देखिएको छ।

श्रीलंका यसअघि इंग्ल्याण्डसँग पराजित भएको थियो। लगातार दुई हारपछि ग्रुप दुईमा श्रीलंका अंकविहीन छ। सन् २०१४ मा टी-२० विश्वकप जितेपछि श्रीलंका अहिलेसम्म सेमिफाइनल पुग्न सकेको छैन। यससँगै इंग्ल्याण्ड समूह दुईबाट नकआउट चरणमा छनोट भएको छ। इंग्ल्याण्डले समूह दुईमा चार अंकसहित सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ। अब, न्युजिल्याण्डविरुद्धको अन्तिम खेल जितेर टोली आफ्नो समूहमा नम्बर १ मा पुग्न सक्छ। यदि न्युजिल्याण्डले इंग्ल्याण्डलाई पराजित गऱ्यो भने पाकिस्तान पनि बाहिरिनेछ। यदि पाकिस्तान छनोट हुन चाहन्छ भने उसले श्रीलंकाविरुद्धको अन्तिम खेल जित्नुपर्नेछ र अन्तिम खेलमा न्युजिल्याण्डको हारका लागि पनि प्रार्थना गर्नुपर्नेछ। उनीहरूले न्युजिल्याण्डभन्दा राम्रो रनरेट पनि कायम गर्नुपर्नेछ।

# इम्बार्क मास्टर्स कप आजदेखि

**हिमालय टाइम्स**

काठमाडौं, १४ फागुन

आज (शुक्रबार) इम्बार्क एथलेट्स र इको सर्कलको संयुक्त आयोजनामा इम्बार्क मास्टर्स कप २०२६ आयोजना हुने भएको छ। यो प्रतियोगिता मास्टर्स तहका विद्यार्थीहरूका लागि विशेष रूपमा डिजाइन गरिएको प्रतिष्ठित अन्तर-कलेज फुटसल टुर्नामेन्ट हो। यो प्रतियोगिता धन्वन्तरी फुटसल, धुम्बाराही, काठमाडौं, नेपालमा आयोजना हुनेछ।

यो प्रतियोगितामा इम्बार्क कलेज, किङ्स कलेज, एस इन्टरनेसनल बिजनेस स्कुल, द ब्रिटिस कलेज, नेसनल एकेडेमी अफ टुरिजम एण्ड होटेल म्यानेजमेन्ट (नाथम) र एस इन्स्टिच्युट अफ म्यानेजमेन्टले सहभागिता जनाएका छन्।




प्रतियोगितामा शुक्रबार राउण्ड-रोबिन ढाँचामा लिग खेलहरू आयोजना हुनेछन् (१५ मिनेटका खेलहरू, ७.५ मिनेटका दुई हाफ)। शनिबार प्लेअफ खेलहरू हुनेछन् जसमा २० मिनेटका खेलहरू (१० मिनेटका दुई हाफ) हुनेछन् र च्याम्पियन निर्धारण गरिनेछ।

इम्बार्क मास्टर्स कप काठमाडौंका विभिन्न कलेजका स्नातकोत्तर विद्यार्थीहरूलाई एकसाथ ल्याउने एउटा महत्त्वपूर्ण मञ्च हो। यो प्रतियोगिताले विद्यार्थीहरूलाई आफ्नो फुटबल सीप, टिमवर्क र नेतृत्व क्षमता प्रदर्शन गर्ने प्रतिस्पर्धी र ऊर्जावान वातावरण प्रदान गर्दछ। यसले मास्टर्स तहका विद्यार्थीहरूलाई शैक्षिक गतिविधिभन्दा बाहिरका क्षेत्रमा संलग्न हुन, नेटवर्क निर्माण गर्न र जीवन्त खेलकुद वातावरणमा स्वस्थ प्रतिस्पर्धा गर्ने अवसर सिर्जना गर्ने विश्वास गरिएको छ।


## Kaligandaki Rural Municipality
## Office of the Rural Municipal Executive
**Purtighat, Gulmi**

**Invitation for Online Bids**

**Date of publication: 26th February 2026 (2082-11-14)**

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the **below mentioned work** under National Competitive Bidding Procedures.The details of the project is as follows:

| S. N. | Contract No. | Contract Name | Estimated Amount (NRs) (Inclusive of VAT) | Bid Security Amount (NRs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/ GOODS/ 2082/2083/12 | Procurement of Materials and Transportation up to Road Head Site (KRM-02, Arbeni) | 12,37,805.41 | 35,000.00 | 13-03-2026 12:00 PM | 13-03-2026 14:00 PM |
| 2 | KRM/SQ/ WORKS/ 2082/2083/04 | Ghaumaune Chapchaur Bareng Sadak Istarunnati and Hume Pipe Culvert Nirman (Kaligandaki RM-06, 07) | 10,99,349.20 | 30,000.00 | 13-03-2026 12:00 PM | 13-03-2026 14:00 PM |

2. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857067925/9857089605, website https://kaligandakimungulmi.gov.np/ or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तकसेरा, रुकुम (पूर्वी भाग)**
**लुम्बिनी प्रदेश,नेपाल**

**बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०८२/११/१४)**

पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट मिति २०८२/१०/०४ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८२/११/०५ गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| ठेक्का नं. | कामको विवरण | ठेक्का स्वीकृत भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.र र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/PURMO/NCB/ LISP/WORKS/ROAD/ 2082/83-17 | Improvement and Upgrading of Dikhiu Connecting Takasera Road at Ward No. 11 and 10 | M/S : Jalaki Nirman Sewa | रु ५९,५४,१२०.७५/- ( अक्षरुपी उनान्सट्ठि लाख चौवन्न हजार एक सय बिस रुपैया र पचहत्तर पैसा मात्र) | ४१.७३% घटि |
| EGP/PURMO/NCB/ LISP/WORKS/ROAD/ 2082/83-16 | Improvement and Upgrading Works of Gara Ranma Road From Ward no. 05 to Ward no. 03 | M/S : Gemi Takasera Builders Pvt. Ltd. | रु १९,५०,७३३.९५/- (अक्षरपी: उनान्सय लाख पचास हजार सात सय तेतिस रुपैया र पन्चानब्बे पैसा मात्र) | ८.९% घटि |
| EGP/PURMO/NCB/ WORKS/FT/ 2082/83-15 | Construction of Satipole/ Jusmar/ Lahartiyang-Farkambang-Gurilla Padmarg (Foot Trail) | M/S : U.A. Builders Pvt. Ltd. | रु ११,७६,४५५.६२/- ( अक्षरुपी एघार लाख छयहत्तर हजार चार सय पैतालिस रुपैया र बासट्ठि पैसा मात्र) | ५२.१३% घटि |

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Electronic Bids**

**First Date of Notice Publication: 2082-11-15 (27th Feb. 2026)**

Nepal Water Supply Corporation, Branch office Birgunj invites only electronic bids/sealed quotation from the qualified eligible bidders for the supply and delivery of following item under National Competitive Bidding, Single Stage, Single Envelope Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's **website: www.bolpatra.gov.np/egp.**

| S.N. | Project Title | Contract Identification No. | Estimated Cost Excluding VAT (NRs.) | Cost of Bidding Document (NRs.) | Bid Security Amount (NRs.) | Bid security validity period. | Last Date of Bid Submission. | Bid Opening Date. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of 15mm Dia. AMR Compatible Volumetric Type Water Meter. | **NWSC-BRJ-GOODS-01-2082/083** | - | **3000.00** | **64000.00** | **120 days from bid opening.** | **2082-12-16 (30th Mar. 2026) 12:00 Noon** | **2082-12-16 (30th Mar. 2026) 13:00 PM** |
| 2 | Supply and Delivery of HDPE Pipe,NS:40 ,2079 | **NWSC-BRJ-GOODS-02-2082/083** | - | **3000.00** | **337000.00** | **120 days from bid opening.** | **2082-12-16 (30th Mar. 2026) 12:00 Noon** | **2082-12-16 (30th Mar. 2026) 13:00 PM** |
| 3 | Supply and Delivery of Fittings. (Procurement of Fittings) | **NWSC-BRJ-GOODS-SQ-03-2082/083** | - | **1000.00** | **50000.00** | **75 days from bid opening.** | **2082-12-02 (16th Mar. 2026) 12:00 Noon** | **2082-12-02 (16th Mar. 2026) 13:00 PM** |
| 4 | Bank Account Details for Bid Document Fee and bid security. | Name of the Bank: **Nabil Bank Ltd. Birgunj.** Account no.**: 0501017501284** | Account Holder's Name: **Nepal Water Supply Corporation** | | | | | |
| 5 | The purchaser reserves the right to accept or reject, wholly or partly any or all procurement of works without assigning any reason, what so ever. | | | | | | | |
| 6 | Other procurement process remains as per the Public Procurement Act, 2063 and Public Procurement regulation, 2064. | | | | | | | |

**Nepal Water Supply Corporation**
**Branch Office, Birgunj**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**पशु क्वारेन्टाईन कार्यालय, जनकपुरधाम, धनुषा**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**सूचना नं.: ०१-८२/८३, प्रकाशित मिति : २०८२/११/१५**

यस कार्यालय अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नु पर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन (मिति २०८२।१२।१५ गते) को १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट Web Portal: www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost (W/O VAT ) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1. | AQO/JNK/ WORKS/ NCB/01/082-83 | Construction of Boundary Wall at Animal Quarantine Office, Janakpurdham, Dhanusha | 20,90,340.16 | 60,000.00 | 3,000.00 |

**कार्यालय प्रमुख**

## छत्रकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको लागि आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/११/१५**

यस कार्यालयद्वारा देहायका कार्यका लागि मिति २०८२/१०/७ गतेको मध्यान्ह दैनिक पत्रिकामा तपसिलका कार्यका लागि प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तल उल्लिखित दरभाउपत्र दाताको बोलपत्र न्यूनतम सारभूतरुपमा प्रभावग्राही भइ स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन समेत) को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | छनौट भएको फर्म | कबोल अंक(भ्याट र पि.एस्. समेत) | कैफियत |
|---|---|---|---|---|
| 1 | CRM/Gul/W/NCB-14/082-83, Finishing Work of Manvak Health Post,Chhatrakot 5 | श्री अर्घा कन्ट्रक्सन, अर्घाखाँची | ३१,११,७८३.९५ (अक्षरेपी एकतिस लाख एघार हजार सात त्रियासी रुपैयाँ पन्चानब्बे पैसा मात्र ) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# ऋषि धमलाको उपस्थितिले रौतहट-४ को प्रतिस्पर्धा रोचक

**चञ्चलकुमार झा/हिटा**

रौतहट, १४ फागुन



लामो समयदेखि पत्रकारितामा सक्रिय रहनुभएका ऋषि धमला यसपटक प्रतिनिधिसभा निर्वाचनमा रौतहट क्षेत्र नम्बर ४ बाट उम्मेदवार बन्नुभएको छ। धादिङ घर हुनुभएका धमला प्रभु साह नेतृत्वको आमजनता पार्टीबाट मोबाइल फोन चुनाव चिह्न लिएर चुनावी मैदानमा हुनुहुन्छ। विभिन्न दलका उम्मेदवारहरू मतदाताको मन जित्न घरदैलोमा व्यस्त रहेका बेला पूर्वसञ्चारकर्मी धमलाको प्रचार शैलीले भने सामाजिक सञ्जाल तताएको छ। धमला अहिले चुनावी मैदानमा उत्रिएपछि मतदाता रिझाउन नयाँ-नयाँ शैली अपनाइरहनुभएको छ। उहाँको चुनावी अभियानका दृश्यहरू यतिबेला फेसबुक, टिकटक र युट्युबजस्ता प्लेटफर्ममा व्यापक रूपमा भाइरल भइरहेका छन्। धमलाको प्रचारको सबैभन्दा चर्चित पक्ष मतदातासँगको भावनात्मक मिलन बनेको छ। गाउँका वृद्धवृद्धा र सर्वसाधारणलाई भेट्दा उहाँ भावुक हुँदै अंकमाल गर्ने र रुने गरेका भिडियोहरू छ्याप्छ्याप्ती देखिएका छन्। चुनावी प्रचारका क्रममा उहाँ कतै खेतमा पुगेर किसानसँगै उखु काटिरहेको देखिनुहुन्छ भने कतै जेरी पकाउने त कतै बिरामी बोक्ने गर्नुहुन्छ। यस्ता कारणहरूले पनि यस क्षेत्रमा उहाँ बढी चर्चामा हुनुहुन्छ।

आमजनता पार्टीका लागि यो पहिलो प्रतिनिधिसभा निर्वाचन हो। यसअघि २०६४, २०७० र २०७४ को निर्वाचनमा रौतहट-३ बाट तत्कालीन नेकपा (माओवादी केन्द्र) का तर्फबाट विजयी हुँदै आउनुभएका प्रभु साह २०७९ मा भने स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो। एमाले र माओवादीबीच एकता भंग भएपछि उहाँ एमालेमा रहनुभएको थियो। स्थायी कमिटी सदस्यसमेत रहनुभएका साहले २०७९ को निर्वाचनमा एमालेबाट टिकट लिए पनि स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो, जसका कारण एमाले उम्मेदवारविहीन बनेको थियो। साहकी श्रीमती रिनाकुमारी साह मौलापुर नगरपालिकाकी मेयर हुनुहुन्छ। मौलापुरका वडाहरू रौतहट-२ र ३ मा पर्छन्। त्यसैले रौतहटका विभिन्न क्षेत्रमा साहको प्रभाव रहनु स्वाभाविक मानिन्छ।

### दोहोरिएर जित्न कठिन मानिने क्षेत्र

रौतहट-४ लामो समयसम्म एउटै नेताले दोहोऱ्याएर चुनाव नजित्ने क्षेत्रका रूपमा परिचित थियो। तर, २०७४ र २०७९ मा कांग्रेसका देवप्रसाद तिमिल्सिना विजयी भएपछि उक्त 'रेकर्ड' तोडिएको थियो। २०७९ को निर्वाचनमा तिमिल्सिनाले एमालेका उद्धवप्रसाद रेग्मीलाई पराजित गर्नुभएको थियो। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ नेपाली कांग्रेसले १४ हजार २१८ मत ल्याएर अग्रस्थान हासिल गरेको थियो। नेकपा एमालेले ११ हजार २३१ मत प्राप्त गरेको थियो। त्यसैगरी नेकपा माओवादी केन्द्रले नौ हजार ३१९ र नेकपा एकीकृत समाजवादीले नौ हजार १७९ मत ल्याएका थिए। जनता समाजवादी पार्टी नेपालले ६ हजार २०८ र राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच हजार ७०७ मत प्राप्त गरेका थिए। गत निर्वाचनमा समानुपातिकतर्फ तेस्रो र चौथो स्थानमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादी अहिले एकीकृत भई नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बनेका छन्। त्यतिबेलाको मत परिणामलाई आधार मान्ने हो भने नेकपाको मतसंख्या सबैभन्दा धेरै देखिन्छ।

### यसपटकका मुख्य प्रतिस्पर्धी

यसपटक रौतहट-४ मा आमजनता पार्टीका ऋषि धमलासँगै कांग्रेसका देवप्रसाद तिमिल्सिना पुनः मैदानमा हुनुहुन्छ। एमालेबाट रामजी साह उम्मेदवार हुनुहुन्छ भने नेकपाबाट रामकुमार भट्टराई प्रतिस्पर्धामा हुनुहुन्छ। भट्टराई २०७० मा एमालेबाट निर्वाचित हुनुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पौडेल उम्मेदवार हुनुहुन्छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने यो क्षेत्र भएकाले रास्वपाले शहरी तथा युवा मतदातामाझ प्रभाव विस्तार गर्ने प्रयास गर्ने आँकलन गरिएको छ।

### स्थानीय तहको समीकरण

रौतहट-४ अन्तर्गत चन्द्रपुर र वृन्दावन नगरपालिका पूर्णरूपमा पर्छन्। साथै गरूडा नगरपालिकाका वडा नम्बर २, ३, ४, ८ र ९ तथा गढीमाई नगरपालिकाका वडा नम्बर १ देखि ५ सम्म समेटिएका छन्। २०७९ को स्थानीय तह निर्वाचनमा चन्द्रपुर नगरपालिकाको प्रमुख र उपप्रमुख दुवै पद कांग्रेसले जितेको थियो। १० मध्ये पाँच वडामा कांग्रेस, तीनमा माओवादी केन्द्र र दुईमा एमाले विजयी भएका थिए। वृन्दावन नगरपालिकामा प्रमुख र उपप्रमुख दुवैमा एकीकृत समाजवादी विजयी भएको थियो। नौमध्ये पाँच वडामा एकीकृत समाजवादी, दुईमा माओवादी केन्द्र र एकमा एमाले विजयी भएका थिए। गढीमाई र गरूडा नगरपालिकाका वडाहरूमा कांग्रेस, एकीकृत समाजवादी, माओवादी केन्द्र, जसपा नेपाल र लोसपाको मिश्रित प्रभाव देखिएको थियो।

### धमलाको चुनौती र अवसर

पत्रकारिताबाट राजनीतिमा प्रवेश गर्नुभएका ऋषि धमलाका लागि यो निर्वाचन व्यक्तिगत तथा पार्टी दुवै हिसाबले पहिलो ठूलो परीक्षा हो। स्थापित दल र दोहोऱ्याएर जितिसकेका उम्मेदवारको बीचमा नयाँ राजनीतिक शक्तिका प्रतिनिधिका रूपमा उहाँ मैदानमा हुनुहुन्छ। धमलाले आफू मन्त्री पदको लोभ त्यागेर निर्वाचनको मैदानमा उत्रिएको दाबीसमेत गर्नुभएको छ। बिहीबार रौतहटको चन्द्रनिगाहपुरमा स्थानीय पत्रकारसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले आफ्नो राजनीतिक यात्रा सत्ताका लागि नभई देश परिवर्तनका लागि भएको स्पष्ट पार्नुभएको छ। आफूलाई शक्ति र पदको कुनै लालसा नरहेको र केवल विकासका लागि रौतहट आएको उहाँले बताउनुभयो। रौतहटको गरिबी र अशिक्षा हटाउन आफूले सक्रिय भूमिका खेल्ने र देशलाई नयाँ दिशा दिने उहाँको दाबी छ। बिहानदेखि मध्यरातसम्म जनताको घरदैलोमा पुगेर उनीहरूका समस्या सुन्दै आएको उहाँले सुनाउनुभयो।


Karnali Province Government
**Ministry of Industry, Tourism and Forest and Environment**
**Province Forest Directorate**
**Soil and Watershed Management Office, Jumla**

**Letter of Intent (LOI)**

**Date of Publication: 2082/11/15 (2026/02/27)**

**As per section 27(2) of Public Procurement Act, 2063** this is notify to all concerned bidders that, we are going to award following contracts as per IFB No: SWMO/JUM/W/NCB/1/2082/083 Published in Nepal news Times Daily on 2082/09/14 B.S to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the Evaluation and Eligibility criteria as specified in Section –III of Bidding Documents.

| S. N. | Contract ID/ Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Price Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | SWMO/JUM/W/NCB/01/2082/083, Construction of Simchaur Flood and Landslide control, Jagdulla-5, Dolpa | Shree K and P construction and suppliers, Dolpa | 65,39,169.92 |

*Office Chief*

सुवर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कवहीगोठ, बारा
मधेश प्रदेश, नेपाल

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/११/१५ गते**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०८/०८ गते प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचनाअनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये तल उल्लेखित दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण नाम र ठेगाना | छनोट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. बाहेक) रु. |
|---|---|---|---|---|
| १ | SRM/SQ/G/ 2082-083/04 | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | गढीमाई मेडिहेल्थ प्रा. लि., ललितपुर | ७,९३,४९४/- |

प्रमुख प्रशासकीय अधिकृत

WATER SUPPLY CORPORATION NEPAL 2046

**Nepal Water Supply Corporation**
**Kalaiya Office, Kalaiya**

**Invitation for Bids**

**Date of Publication 2082-11-15 (2026-02-27)**

Nepal Water Supply Corporation (NWSC), Kalaiya Office, invites only e-bidding as listed below: Details of work and qualification requirements

| S. No | Contract Number | Contract Name | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) |
|---|---|---|---|---|
| 1 | NWSC-KLY-GOODS-05-2082/083 | Supply and Delivery of 15mm Dia AMR Compatible Volumetric Type Water Meter. | 51,000.00 | 3,000.00 |

**Details:**

1. Account number for Bid security/Fee: - Nabil Bank Ltd, Kalaiya, Branch
2. Account No: - 25801017500251
3. Account Name: - Nepal Khanepani Sansthan
4. Date of Publication :2082-11-15(27-02-2026)
5. Last date of Bid submission: - 2082-12-15(29-03-2026) 12:00 Hr.
6. Date of Bid opening: - 2082-12-15(29-03-2026) 13:00 Hr.
7. Note: for Further Details Downloading of tender documents, please visit www.bolpatra.gov.np/egp and feel free to contract 9855049428 with in office hour

Branch Manager


# कालीकोटमा बहुकोणीय प्रतिस्पर्धा



**नगेन्द्र शाही–एमाले**
एमाले



**महेन्द्रबहादुर शाही**
नेकपा



**प्रकाण्ड**
नेकपा माओवादी

**मानबहादुर विश्वकर्मा/हिटा**

कालीकोट, १४ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरसँगै कालीकोटमा पनि चुनावी माहोल निकै नै तातिएको छ। मुख्य प्रतिस्पर्धामा रहेका तीन चर्चित अनुहार यतिबेला घरदैलो अभियानमा व्यस्त छन्। २०७९ को निर्वाचनमा पराजित हुनुभएका नगेन्द्र शाही (नेसनल) यसपटक पुनः प्रतिस्पर्धामा उत्रिनुभएको छ भने वर्तमान प्रतिनिधिसभा सदस्य महेन्द्रबहादुर शाही चौथो जितको खोजीमा हुनुहुन्छ। करिब १८ वर्षपछि संसदीय चुनावमा फर्किनुभएका खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' पनि बलियो दाबेदारीसहित यतिबेला चुनावी मैदानमा हुनुहुन्छ।

### नगेन्द्र शाही : पराजयको बदला र 'विकल्प' को दाबी

नेकपा एमालेका केन्द्रीय सदस्य तथा कालीकोट जिल्ला पार्टी इन्चार्ज नगेन्द्र शाही विद्यार्थी राजनीतिबाट उदाउनुभएको नेता हो। २०३६ साल भदौ १२ गते रास्कोट नगरपालिका विजयपुरमा जन्मिनुभएका उहाँ २०४९ सालदेखि राजनीतिमा सक्रिय हुनुहुन्छ। अनेरास्ववियु हुँदै एमाले जिल्ला अध्यक्ष, प्रदेश कमिटी सदस्य, नेकपा कालीकोट जिल्ला सचिव हुँदै केन्द्रीय सदस्यसम्मको यात्रा तय गर्नुभएका शाहीलाई एमालेभित्र बौद्धिक नेताका रूपमा चिनिन्छ। द्वन्द्वकालमा मानव अधिकारकर्मीका रूपमा सक्रिय रहनुभएका उहाँले द्वन्द्व रूपान्तरण र कर्णाली विकासका विषयमा चार पुस्तकसमेत प्रकाशित गर्नुभएको छ। २०७९ को निर्वाचनमा उहाँले १६ हजार ७१८ मत ल्याए पनि महेन्द्रबहादुर शाहीसँग पराजित हुनुभएको थियो। यसपटक उहाँ विगतको पराजयलाई सुधार्ने र 'नयाँ विकल्प' स्थापित गर्ने अभियानमा हुनुहुन्छ। शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता उहाँले जनतामाझ दोहोऱ्याइरहनुभएको छ।

### महेन्द्रबहादुर शाही : अनुभव, संगठन र चौथो जितको खोजी

कर्णाली प्रदेशका पहिलो मुख्यमन्त्री बन्नुभएका महेन्द्रबहादुर शाही दसवर्षे सशस्त्र संघर्षका एक कमाण्डरका रूपमा चिनिनुहुन्छ। १५ माघ २०३३ मा पचालझरना गाउँपालिका-९ मा जन्मिनुभएका शाही २०४८ सालदेखि कम्युनिष्ट राजनीतिमा सक्रिय हुनुहुन्छ। जनयुद्धकालमा 'प्रज्ज्वल' उपनामले चिनिने शाही माओवादी जनमुक्ति सेनामा डिभिजन कमाण्डरसम्म पुग्नुभएको थियो। शान्ति प्रक्रियापछि उहाँ संविधानसभा सदस्य, ऊर्जामन्त्री हुँदै २०७४ मा कर्णाली प्रदेशको मुख्यमन्त्री बन्नुभयो। ०७९ को निर्वाचनमा २३ हजार ७२७ मतसहित विजयी हुनुभएका शाही यसपटक पनि नेकपाका तर्फबाट उम्मेदवार हुनुहुन्छ। उहाँले आफ्नो कार्यकालमा सुरु भएका अधुरा एजेण्डा पूरा गर्ने र संघीय सरकारसँग जिल्लाका मुद्दा जोड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। तर, शाहीलाई पटक-पटक अवसर लिएको आरोप र नयाँ अनुहारको खोजीको लहर उहाँका लागि चुनौती बनेको छ।

### खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' : बहिष्कारबाट निर्वाचनमा

दलित समुदायका प्रभावशाली नेता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' १८ वर्षपछि संसदीय चुनावमा फर्किनुभएको छ। नरहरिनाथ गाउँपालिकाका स्थायी बासिन्दा ५७ वर्षीय प्रकाण्ड २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा २७ हजार ६२९ मत ल्याएर विजयी हुनुभएको थियो। त्यसपछि महिला, बालबालिका तथा समाज कल्याणमन्त्री र पर्यटन तथा नागरिक उड्डयनमन्त्री समेत बन्नुभयो। तर, पार्टी विभाजन र चुनाव बहिष्कारको नीतिका कारण उहाँ लामो समय निर्वाचन प्रक्रियाबाट बाहिर रहनुभयो। यसपटक भने नेकपा (माओवादी)का तर्फबाट उम्मेदवार बन्नुभएका उहाँ 'जनमत नै सर्वोच्च' भन्दै मतदाताको घरदैलोमा पुग्नुभएको छ। दलित प्रतिनिधित्व, स्थानीय मुद्दाको पहिचान र परिवर्तनको एजेण्डा उहाँको मुख्य नाराका रूपमा प्रस्तुत गरिएको छ। यद्यपि विगतको चुनाव बहिष्कार र कमजोर संगठन संरचना चुनौतीका रूपमा छन्।

### बहुआयामिक प्रतिस्पर्धा

कालीकोटमा यसपटक दुई शाही पुनः आमनेसामने भएका छन् भने प्रकाण्डको पुनरागमनले त्रिपक्षीय प्रतिस्पर्धालाई रोचक बनाएको छ। अनुभव, विकल्प, पुराना नेतृत्व परिवर्तनको लहर र संगठनात्मक शक्ति व्यक्तिगत छविको प्रतिस्पर्धा- यी सबै आयामले कालीकोटको चुनावी परिणामलाई निर्णायक बनाउने देखिन्छ।

# जुम्लामा दश उम्मेदवारमध्ये सात जनाले खोले बैंक खाता

**विजय रावत/जुम्ला।** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि छ दिनमात्र बाँकी रहँदा जुम्लामा सात जना उम्मेदवारले मात्रै चुनावी बैंक खाता खोलेका छन्। यहाँको एकमात्र निर्वाचन क्षेत्र रहेको जिल्लामा उम्मेदवारी दिएका राजनीतिक दल तथा स्वतन्त्र गरी जम्मा दश जना उम्मेदवारमध्ये हालसम्म सात जना उम्मेदवारले मात्रै बैंक खाता खोलेको कोष तथा नियन्त्रण कार्यालय जुम्ला प्रमख तथा जिल्ला निर्वाचन आचारसंहिता अनुगमन अधिकृत मीनबहादुर घर्तीमगरले जानकारी दिनुभयो। निर्वाचनका लागि चुनावी मैदानमा होमिएका दश जना उम्मेदवारमध्ये नेकपा एमालेका शान्तिलाल महत, नेपाली कम्युनिष्ट पार्टीका नरेश भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टीका विनिता कठायत, प्रगतिशील लोकतान्त्रिक पार्टीका मनऋषि धिताल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ज्ञानेन्द्र शाही, नेकपा (माओवादी) का बिर्खबहादुर शाही र स्वतन्त्र उम्मेदवार भक्तबहादुर रावलले चुनावी बैंक खाता खोलेको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत घर्तीमगरले बताउनुभयो। नेपाली कांग्रेसका उम्मेदवार दिपबहादुर शाही र नेपाल जनता पार्टीका रनिल विक्रम शाहीले सिफारिसमात्र लिनुभएको छ। कांग्रेसका उम्मेदवार शाहीले खाता खोलेको जानकारी दिए पनि अहिलेसम्म खाताको विवरण कार्यालयमा नदिएको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत घर्तीमगरको भनाइ छ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का उम्मेदवार बिर्खबहादुर रावतले बैंक खाता खोल्नका लागि सिफारिससमेत नलिएको निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको कार्यालयले जनाएको छ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिएको आर्थिक सहायता र तोकिएको खर्चको सीमाभित्र रहेर खर्च गर्नुपर्ने नियमको कार्यान्वयन गर्नका लागि उम्मेदवारले छुट्टै बैंक खाता खोली सोहीमार्फत् आम्दानी खर्च बुझाउनुपर्ने निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलले जानकारी दिनुभयो।

# ‘एसएमई भिलेज समुन्नत नवलपरासीको आधार बन्न सक्छ’

**प्रकाश न्यौपाने/हिटा**

नवलपरासी, १४ फागुन



निजी क्षेत्रका लगानीकर्ताहरूले बर्दघाट एसएमई भिलेज समुन्नत नवलपरासीको आधार बन्ने बताएका छन् । नेपाल उद्योग परिसंघ(सिएनआई)को आयोजना तथा बर्दघाट उद्योग वाणिज्य संघ, उद्योग व्यापार संघ बर्दघाट र नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चको सहआयोजनामा बर्दघाटमा आयोजित अन्तरक्रियामा उनीहरूले यस्तो बताएका हुन् । सिएनआईका कार्यवाहक अध्यक्ष निर्वाण चौधरीले सिएनआई उद्यमशीलता प्रवर्द्धन गर्न सधैं तत्पर रहेको उल्लेख गर्दै बर्दघाट एसएमई भिलेजलाई मोडल ग्राम बनाउन पाइलट प्रोजेक्टका रूपमा अगाडि बढाउनुपर्ने बताउनुभयो । उहाँले बर्दघाट एसएमई ग्राममार्फत् यस क्षेत्रमा साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न सकिने बताउनुभयो । उद्योग स्थापना गर्दा लाग्ने लगानीमध्ये एक तिहाइ जग्गामा गर्नुपर्ने बाध्यता रहेकाले औद्योगिक ग्रामको विकास आवश्यक रहेको उहाँको भनाइ थियो ।

चौधरीले नवलपरासी जिल्लामा ठूला उद्योगहरू स्थापित भइसकेका, सडक पूर्वाधार बनेका लगायतका कारण पनि यस क्षेत्रमा साना तथा मझौला उद्योगको विकास गर्न सकिने बताउनुभएको थियो । उद्योग विकास गर्नुपर्छ भन्ने स्पष्ट दृष्टिकोण भएका नेतृत्वकर्ताका कारण यस क्षेत्रमा उत्पादनमूलक उद्योगहरू बढ्नेमा आफू विश्वस्त रहेको पनि उहाँले बताउनुभयो । कार्यवाहक अध्यक्ष चौधरीले सिएनआईले मेक इन नेपाल स्वदेशी अभियान सञ्चालन गरिरहेको भन्दै बर्दघाट एसएमई ग्रामको विकासका लागि पनि आवश्यक भूमिका खेल्ने बताउनुभएको थियो ।

नेपाल सरकारका पूर्वसचिव अर्जुन पोखरेलले एक पालिका, एक औद्योगिक ग्राम अवधारणाअनुसार बर्दघाट एसएमई भिलेज अगाडि बढाइएको बताउनुभयो । निजी क्षेत्रसँगको सहकार्य तथा सहयोगबिना औद्योगिक ग्राम सफल हुन नसक्ने उहाँको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले उद्योग ग्रामले औद्योगीकरणमा टेवा दिने भन्दै गोल्छा ग्रुप यस क्षेत्रमा उद्योग ल्याउने सन्दर्भमा सकारात्मक रहेको समेत बताउनुभयो । देशमा रोजगारीको ठूलो समस्या रहेको, रोजगारी नभएकै कारण ठूलो संख्यामा युवा जनशक्ति विदेशिएको भन्दै उहाँले रोजगारी निजी क्षेत्रले दिने भएकाले उद्योग स्थापना अनिवार्य रहेको बताउनुभयो । उद्योग स्थापना हुँदा धुलो, धुवाँ आउन सक्ने भएकाले त्यसलाई सामान्य रूपमा लिन सक्नुपर्ने उहाँको भनाइ थियो ।

सिएनआईका पूर्वअध्यक्ष विष्णुकुमार अग्रवालले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा उत्पादनमूलक उद्योगहरूको योगदान घटेर पाँच प्रतिशतमा आइसकेको भन्दै जिडिपीमा उद्योगहरूको योगदान कसरी बढाउन सकिन्छ भन्नेतर्फ लाग्नुपर्ने बताउनुभयो । बंगलादेश तथा भारतले सफल रूपमा औद्योगिक पार्क सञ्चालन गरेर अर्थतन्त्रमा योगदान दिइरहेको भन्दै उहाँले नेपालमा पनि ती देशहरूले दिएको जस्तो सुविधा दिएर औद्योगिक पार्क/ग्राम सफल बनाइनुपर्ने बताउनुभयो ।

उद्योग विकासका लागि स्थानीय नेतृत्वकर्ताको स्पष्ट दृष्टिकोण/मनस्थितिले ठूलो काम गर्ने भएकाले नवलपरासीमा उद्योगको संख्या बढिरहेको अग्रवालको भनाइ थियो । यस क्षेत्रमा पनि एमएडब्लू स्किल एकेडेमी विस्तार गर्न इच्छुक रहेको उहाँले बताउनुभएको थियो । सिएनआई उपाध्यक्ष रोहित गुप्ताले स्थानीयको सहयोगका कारण एक वर्षभित्रै आफूले बर्दघाटमा कजारिया टायल उद्योग स्थापना गर्न सफल भएको बताउनुभयो । उहाँले यस क्षेत्रमा ठूला उद्योगसँगै साना तथा मझौला उद्योग पनि चाहिने भएकाले बर्दघाट एसएमई भिलेजलाई सफल बनाउनुपर्ने बताउनुभएको थियो । ठूला उद्योगसँगै साना उद्योग स्थापना गर्न सकिए त्यसले मूल्य अभिवृद्धि गर्न, ठूला उद्योगको लागत घटाउन पनि सहयोग गर्ने र रोजगारी सिर्जनामा मद्दत गर्ने उहाँको भनाइ थियो ।

बर्दघाट उद्योग वाणिज्य संघका अध्यक्ष लेखनाथ न्यौपानेले साना उद्योग प्रवर्द्धनका लागि औद्योगिक ग्रामको आवश्यकतामा जोड दिँदै स्थानीय उत्पादनसँगै राष्ट्रियस्तरमा स्थापित उद्योगहरूले यस क्षेत्रमा उद्योग स्थापना गर्ने विश्वास व्यक्त गर्नुभयो । उद्योग व्यापार संघ बर्दघाटका उपाध्यक्ष लिलाहरि पौडेलले बर्दघाटको भौगोलिक पहुँच उद्योग स्थापनाका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो । भारतसँगको सिमाना नजिक रहेकाले कच्चा पदार्थ आयात तथा उत्पादित वस्तु निर्यातमा सहजता रहेको भन्दै उहाँले विद्युत्, यातायात सञ्जाल, दक्ष तथा अर्धदक्ष जनशक्तिको उपलब्धताले लगानीकर्तालाई आकर्षित गर्ने विश्वास व्यक्त गर्नुभयो । यस क्षेत्रमा कृषि तथा कृषिमा आधारित उद्योग, लघु तथा साना उद्योग, पर्यटन तथा धार्मिक पर्यटन, गोदाम, ढुवानी तथा लजिष्टिक सेवा, ऊर्जा तथा हरित उद्योगका लागि उपयुक्त रहेको पौडेलको भनाइ थियो ।

सिएनआई लुम्बिनी प्रदेशका अध्यक्ष एजाज आलमले यस क्षेत्र रूपन्देहीसँग नजिक रहेको, सडक पूर्वाधार, विद्युत्लगायतका पूर्वाधारका कारण नयाँ उद्योगहरू सञ्चालन गर्न सहज हुने भएकाले बर्दघाट एसएमई भिलेजमा ठूला उद्योगसमेत ल्याउन सक्ने गरी अगाडि बढ्नुपर्ने बताउनुभयो । नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले यस क्षेत्र कृषि, पर्यटनसँगै ठूला उद्योगका लागि राम्रो सम्भावना देखिएको बताउनुभयो । दुई सय ५० भन्दा बढी वित्तीय संस्थाहरूको उपस्थिति यस क्षेत्रमा रहेकाले वित्तीय पहुँच सहज रहेको उहाँको भनाइ थियो । सिएनआई युवा उद्यमी मञ्च लुम्बिनीका अध्यक्ष राजन कसजूले देशमै केही गर्छु भनेर युवाहरूले उद्यम गरिरहेको भन्दै त्यस्ता उद्यमी युवालाई प्रोत्साहित गर्नुपर्ने बताउनुभएको थियो ।

> दायर मुद्दामध्ये तेल तथा घ्यूजन्य पदार्थका १३, दूध तथा दुग्ध पद(ार्थका छ, फलफूल तथा सागप(ातजन्य चार, खाद्यान्न/दलहनका नौ, मसलाका दुई, नुनको एक, चिया/कफीका दुई, प्रशोधित पिउने पानीका पाँच र गुलियो पदार्थका २० वटा रहेका छन् ।

# आइएमई रेमिट र साउदीको टिक्मोबीच सम्झौता




काठमाडौं । रेमिट्यान्स सेवा प्रदायक आइएमई र साउदी अरबको डिजिटल वालेट ‘टिक्मो’बीच डिजिटल कारोबार विस्तारका लागि सम्झौता भएको छ । साउदी अरबको राजधानी रियादमा आयोजित एक विशेष समारोहबीच आइएमईका अध्यक्ष हेमराज ढकाल र टिक्मोका प्रबन्ध निर्देशक अब्दुल अजीज अज्लान अल्अज्लानले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो ।

कम्पनीका अनुसार, साझेदारीले दुई देशबीच एक ‘डिजिटल वित्तीय कोरिडोर’ निर्माण गर्ने लक्ष्य राखेको छ, जसले परम्परागत रकम पठाउने माध्यमलाई आधुनिक र डिजिटल प्रविधिमा रूपान्तरण गर्नेछ । कार्यक्रममा साउदीका लागि नेपालकी कार्यवाहक राजदूत सिर्जना अधिकारीलगायतको उपस्थिति थियो । साउदी अरबको ‘भिजन २०३०’ अन्तर्गतको नगदरहित समाज बनाउने अभियान र नेपालको बढ्दो डिजिटल वित्तीय पहुँचलाई सम्झौताले थप बल पुऱ्याउने विश्वास लिइएको छ । टिक्मोसँगको सहकार्यले साउदीको जुनसुकै कुनाबाट पनि सुरक्षित र सहज रूपमा नेपालमा रकम पठाउन सुनिश्चितता प्रदान गरेको छ । सम्झौताकै अवसरमा आइएमईले ‘टिक्मोमार्फत् आइएमई गरौं, उपहार जितौं’ नामक प्रवर्द्धनात्मक योजना पनि सार्वजनिक गरेको छ । चैत १७ गतेसम्म सञ्चालन हुने योजनाअन्तर्गत साउदीमा रहेका नेपालीहरूले टिक्मो एप प्रयोग गरी आइएमईमार्फत् पैसा पठाउँदा विभिन्न आकर्षक उपहार जित्ने अवसर पाउने बताइएको छ ।

# इन्भेष्टमेन्ट मेगा बैंकको ४०औं वार्षिकोत्सव




**काठमाडौं** । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ४१औं वर्षमा प्रवेश गरेको छ । ४०औं वार्षिकोत्सवका अवसरमा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेले बैंकको सफल यात्रामा साथ दिने सबैप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझ पारदर्शी, जिम्मेवार र नवप्रवर्तनमुखी बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो भने बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले डिजिटल रूपान्तरणलाई तीव्रता दिँदै ग्राहक अनुभव अझ सरल, सुरक्षित र प्रभावकारी बनाउने दिशामा बैंक अग्रसर रहने बताउनुभयो । वार्षिकोत्सवमा विगत आठ वर्षदेखि वित्तीय साक्षरतामा आधारित चित्रपुस्तक प्रकाशन गर्दै आएको बैंकले यस वर्ष आठौं संस्करण ‘३ आर सुन्दर संसार’ नामक चित्रकथा पुस्तक सार्वजनिक गरेको छ । पुस्तकमा वातावरणीय प्रदूषण, प्राकृतिक स्रोत संरक्षण र ग्लोबल वार्मिङजस्ता विषयलाई सरल, रोचक र ज्ञानवर्द्धक शैलीमा प्रस्तुत गरिएको बैंकले जनाएको छ । वातावरणमा भइरहेको तीव्र परिवर्तनले स्वास्थ्य, भविष्य र पृथ्वीलाई गम्भीर चुनौती दिइरहेको सन्दर्भमा सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत बालबालिकामा चेतना अभिवृद्धि गर्न पुस्तक प्रकाशन गरिएको बैंकले जनाएको छ । सोही अवसरमा बैंकले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा रक्तदान कार्यक्रमसमेत आयोजना गरेको छ ।

## उद्घाटन नहुँदै भासिएको जब्दीघाट पुल नौ वर्षदेखि अलपत्र

# चुनावमा मात्रै चर्किन्छ पुनर्निर्माणको एजेण्डा



**अफजल खान/हिटा**

बर्दिया, १४ फागुन

गुलरिया नगरपालिका र बारबर्दिया नगरपालिका जोड्ने बबई नदीस्थित जब्दीघाट पुल उद्घाटन नहुँदै भासिएको नौ वर्ष बितिसक्दा पनि पुनर्निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन । वर्षौंदेखि अलपत्र अवस्थामा रहेको यो पुल हरेक निर्वाचनमा प्रमुख चुनावी एजेण्डा बन्ने गरे पनि व्यवहारमा भने कुनै ठोस प्रगति हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

विसं. २०७४ साल साउन २८ गते बबई नदीमा आएको भीषण बाढीले निर्माण सम्पन्न भइसकेको तर उद्घाटन हुन बाँकी रहेको पुल भासिएको थियो । करिब १६ करोड ६८ लाख चार हजार रूपैयाँ लागतमा पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको उक्त पुल सञ्चालनमा नआउँदै क्षतिग्रस्त बनेको हो । त्यसयता पुल पुनर्निर्माणको विषय पटक-पटक उठे पनि कार्यान्वयनमा आउन सकेको छैन ।

भासिएको पुलबाट जोखिम मोलेर आवतजावत गर्दै आएका सर्वसाधारणलाई विसं. २०७९ साल असोजमा आएको अर्को बाढीले थप समस्या निम्त्यायो । उक्त बाढीले बाँकी संरचनासमेत बगाएपछि आवागमन पूर्ण रूपमा ठप्प भएको थियो । त्यसयता स्थायी समाधान हुन सकेको छैन ।

बारबर्दिया नगरपालिका-६ का स्थानीय रामेश थारु भन्नुहुन्छ, ‘चुनाव आउँदामात्रै जब्दीघाट पुलको कुरा चर्किन्छ । चुनाव सकिएपछि एजेण्डा सेलाउँछ ।’ उहाँका अनुसार, अघिल्लो निर्वाचनमा पुल पुनर्निर्माण गर्ने वाचा गरेका उम्मेदवारहरू नै अहिले फेरि सोही मुद्दा लिएर मत माग्न घरदैलोमा पुगेका छन् । पुल पुनर्निर्माणको माग गर्दै विसं. २०८० सालमा पूर्वमन्त्री एवं तत्कालीन सांसद सञ्जयकुमार अनशनसमेत बस्नुभएको थियो । तर, त्यसपछि पनि पुनर्निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढ्न नसकेको स्थानीय बताउँछन् ।

पुल नहुँदा बारबर्दिया नगरपालिकाका बासिन्दाले दैनिक जीवनमा सास्ती खेप्नुपरेको छ । हाल नदीमा पानीको बहाव कम भएकाले अस्थायी रूपमा काठको पुल निर्माण गरिएको छ । तर, उक्त पुलसम्म पुग्न करिब तीन-चार सय मिटर बालुवामा मोटरसाइकल चलाउनुपर्ने बाध्यता रहेको स्थानीय अजय चौधरीले बताउनुभयो । ‘पुल सञ्चालनमा आएको भए घरदेखि गुलरिया सदरमुकाम पुग्न आधा घण्टा पनि लाग्दैनथ्यो,’ उहाँले भन्नुभयो, ‘अहिले एक घण्टाभन्दा बढी समय लाग्छ ।’

ढुंगा र काठको अस्थायी संरचनाबाट एम्बुलेन्स सञ्चालन सम्भव नभएकाले बिरामीलाई अस्पताल पुऱ्याउन वैकल्पिक लामो बाटो प्रयोग गर्नुपर्ने अवस्था छ । यसले आकस्मिक स्वास्थ्य सेवामा समेत असर परेको स्थानीयको भनाइ छ । दीर्घकालीन समाधानको अभावमा जब्दीघाट पुल बर्दियाको विकास र राजनीतिक प्रतिबद्धताको प्रतीकजस्तै बनेको छ- जहाँ हरेक चुनावमा आश्वासन दोहोरिन्छ, तर पुल भने अझै उस्तै अलपत्र छ । स्थानीयवासीले यसपटक भने राजनीतिक दल र उम्मेदवारहरूबाट व्यावहारिक र समयबद्ध कार्ययोजना सार्वजनिक गर्न माग गरेका छन् ।

# वीरगञ्ज भन्सारद्वारा सात महिनामा एक खर्ब ३५ अर्ब राजस्व संकलन

**वीरगञ्ज/रासस ।** वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा एक खर्ब ३५ अर्ब ४८ करोड राजस्व संकलन गरेको छ । कार्यालयले चालु आवको सात महिनासम्म एक खर्ब ५३ अर्ब ८४ करोड राजस्व संकलन गर्ने लक्ष्य राखे पनि सो अवधिसम्म भने लक्ष्यको ८८.०७ प्रतिशत राजस्व संकलन गरेको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार, चालु आवको सात महिनामा कार्यालयको भन्सार संकलन उत्साहजनक भएको छ । कार्यालयले साउनमा १८ अर्ब ४४ करोड, भदौमा २० अर्ब ७३ करोड, असोज महिनामा १९ अर्ब नौ करोड राजस्व संकलन गरेको थियो । त्यस्तै, कात्तिकमा १७ अर्ब ३३ करोड र मंसिरमा भने २० अर्ब ८० करोड राजस्व संकलन भएको छ । त्यस्तै, पुसमा पनि २० अर्ब २० करोड राजस्व संकलन गरेको छ । कार्यालयले माघमा मात्र २१ अर्ब २९ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेकामा १८ अर्ब ९० करोड राजस्व संकलन गरेको छ । भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको छ ।

**Government of Bagmati Province**
**Ministry of Physical Infrastructure Development**

## Urban Development and Building Office

**Dhulikhel, Kavreplanchok**

**INVITATION OF BIDS**

**Date of Publication- 2026/02/27 AD ( 2082/11/15 BS)**

1. Urban Development and Building Office, Dhulikhel, Kavreplanchwok invites **bids (S.No. 1–21)** and **re-bids (S.No. 22–24)** from eligible bidders for the construction of the following works under National Competitive Bidding (NCB)

| S. No. | Contract ID No | Description of Works | Estimated Amount (Including VAT & PS) |
|---|---|---|---|
| 1 | UDBOK/W/NCB/ 34/82/83 | Babare Samudayik Samaj Bhawan Pulchok Padmarg Nirman , Kalinchok-2, Dolakha | 3440081.71 |
| 2 | UDBOK/W/NCB/ 35/82/83 | Haatdanda Renje Ghat Sadak Estaronnati, Jiri Municipality-8 , Dolakha | 3439112.56 |
| 3 | UDBOK/W/NCB/ 36/82/83 | Phulchoki Mandir Purwadhar Nirman, Banepa - 14 , Kavre | 2559331.71 |
| 4 | UDBOK/W/NCB/ 37/82/83 | Shantipark Pakudol Wada Karyalaya Motorbato Estaronnati, Banepa-11,Kavre | 3145069.47 |
| 5 | UDBOK/W/NCB/ 38/82/83 | Panchkanya Naagko Thandekhi Raut Gauko Devithan Sammako Sadak Estaronnati, Banepa-14, Kavre | 3439275.24 |
| 6 | UDBOK/W/NCB/ 39/82/83 | Kavrepalchok Jilla Panauti Na Pa Wada No. 4 Taukhal Dihi Gauma Raheko Mahankal Mandir Waripari Dhunga Bichhyaune Kaam, Panauti Na Pa -4 , Kavre | 3144938.67 |
| 7 | UDBOK/W/NCB/ 40/82/83 | Chautara Nidhane Jhyadi Sadak Estaronnati, Chautara Sanghachokgadi - 6, Sindhupalchok | 3145314.16 |
| 8 | UDBOK/W/NCB/ 41/82/83 | Sindhupalchok Jilla Patle Latu Sadak Estaronnati, Tripurasundari, Sindhupalchok | 2457154.29 |
| 9 | UDBOK/W/NCB/ 42/82/83 | Sindhupalchok Jilla Gyalthum Manedanda Chhajo Thaldanda Solsing Chok Tartung Dhowagang Hudai Kakani Sadak Estaronnati Karya, Sindhupalchok | 2456139.75 |
| 10 | UDBOK/W/SQ/ 40/82/83 | Gairigau Khorang Dandagau Katikke Sadak Estaronnati, Mandanpur Na Pa -1 , Kavre | 1964915.00 |
| 11 | UDBOK/W/SQ/ 41/82/83 | Rohini Bhanjyang Dekhi Nayagau Sadak Estaronnati, Mandanpur Na Pa -2 , Kavre | 1572178.04 |
| 12 | UDBOK/W/SQ/ 42/82/83 | Baluwaparty Ghimire Adhikari Tol Mesa Gau Sadak Estaronnati, Mandanpur Na Pa -2 , Kavre | 1965344.68 |
| 13 | UDBOK/W/SQ/ 43/82/83 | Raunne Bhanjyang Dandakhel Kukumare Sadak Estaronnati, Mandanpur Na Pa -3 , Kavre | 1964985.99 |
| 14 | UDBOK/W/SQ/ 44/82/83 | Bhawandanda Baldeu Chamkhola Sadak Estaronnati, Mandanpur Na Pa -3 , Kavre | 1965532.00 |
| 15 | UDBOK/W/SQ/ 45/82/83 | Chapdanda Ganeshthan Jwanetar Sadak Estaronnati, Mandanpur Na Pa -10 , Kavre | 1325304.48 |
| 16 | UDBOK/W/SQ/ 46/82/83 | Hamsada Yog Ashram Purwadhar Nirman , Banep Na Pa - 10 ,Kavre | 1965572.73 |
| 17 | UDBOK/W/SQ/ 47/82/83 | Bhakteshowr Sahayak Marg janjagaran Tol Basti Samraksyan Tatha Sadak Estaronnati, Banepa-6, Kavre | 1965320.59 |
| 18 | UDBOK/W/SQ/ 48/82/83 | Wada Karyalaya Samudayik Bhawan Indrawati -5 , Sindhupalchok | 1965280.63 |
| 19 | UDBOK/W/SQ/ 49/82/83 | Tallo Majuwa Karmasang Samudayik Bhawan Nirman Helambu Ga Pa -7, Sindhupalchok | 1965648.48 |
| 20 | UDBOK/W/SQ/ 50/82/83 | Sindhule Tol Mathi Badarbot Bindabasini Mandir Purwadhar Nirman Indrawati Ga Pa - 7 , Sindhupalchok | 1965134.72 |
| 21 | UDBOK/W/SQ/ 51/82/83 | Sevenstar Shanti Park Chautara Na Pa-12 Phalate, Sanghachokgadi , Sindhupalchok | 1965528.16 |
| 22 | UDBOK/W/NCB/ 26/82/83 | Chayabot Tallothali Durlugkhola Sadak , Bethanchok -2 , Kavre | 2420375.48 |
| 23 | UDBOK/W/NCB/ 28/82/83 | Mahakalestan Golmakot Sadak Estaronnati , Bethanchowk-3, Kavre | 2457355.89 |
| 24 | UDBOK/W/NCB/ 29/82/83 | Khoyasi Dukhai Chyamrangbesi Sadak , Bethanchok-1, Kavre | 2419127.22 |

All related information including: Purchase, Submission and Opening of Bidding document is available at **www.bolpatra.gov.np/egp.**

**Office Chief**

# छ महिनामा खाद्य पदार्थसम्बन्धी ६२ वटा मुद्दा

**हिमालय टाइम्स**
काठमाडौं, १४ फागुन



चालु आर्थिक वर्ष २०८२/८३ को छ महिना अर्थात् पुससम्म विभिन्न खाद्य पदार्थसम्बन्धी कसुरमा ६२ वटा मुद्दा दायर भएका छन् । न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसुरमा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा उक्त मुद्दा दायर गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ । दायर मुद्दामध्ये तेल तथा घ्यूजन्य पदार्थका १३, दूध तथा दुग्ध पदार्थका छ, फलफूल तथा सागपातजन्य पदार्थका चार, खाद्यान्न/दलहनका नौ, मसलाका दुई, नुनको एक, चिया/कफीका दुई, प्रशोधित पिउने पानीका पाँच र गुलियो पदार्थका २० वटा रहेका छन् । दायर ६२ मुद्दामध्ये ३४ वटा न्यून गुणस्तरका, चारवटा लेबलसम्बन्धी, २० वटा दूषित खाद्य पदार्थसम्बन्धी र चारवटा ऐनविपरीत कार्यसम्बन्धीका रहेका विभागकी प्रवक्ता डा. बालकुमारी शर्माले जानकारी दिनुभयो । सोही अवधिमा विभागले कैफियत देखिएका विभिन्न किसिमका खाद्यपदार्थहरू जस्तैः बेकरीजन्य उत्पादन, फ्रुट बेभरेज, क्याण्डी, धुलो मसला, दालमोठ, चिया, प्रशोधित पिउने पानी गरी जम्मा १३ पटक खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३८(२) बमोजिम फिर्ता गर्न आदेश जारी गरिएको जनाएको छ ।

त्यसैगरी सो अवधिमा विभाग तथा विभाग मातहतका प्रदेशस्थित आठवटा कार्यालयबाट नयाँ उद्योग स्थापना गर्न सिफारिस चार सय ३५ तथा एक हजार दुई सय १८ वटा उद्योगलाई नवीकरण/सिफारिस गरी कुल एक हजार छ सय ५३ वटा उद्योगलाई अनुमतिपत्र जारी/नवीकरण/सिफारिस गरिएको विभागले जनाएको छ । त्यसैगरी खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन,२०८१ बमोजिम एक हजार चार सय ५२ वटा नमुनाहरू संकलन भएका थिए । संकलित नमुनाहरूमध्ये नौ सय ९९ नमुना विश्लेषण परीक्षण भएकोमा खाद्यान्न/दलहनका तीन सय २८, प्रशोधित पिउने पानीका ७३, फल तथा सागपातजन्य पदार्थका ९८, तेल तथा घ्यूजन्य पदार्थका एक सय २४, मसलाका एक सय नौ, दूध तथा दुग्ध पदार्थका ६४, चिया/कफीका ४४, गुलियो पदार्थका २५, कन्फेक्सनरीका २५, मासु तथा मासुजन्य पदार्थका चार, नुनका १० र अन्य खाद्य पदार्थका ५२ नमुनाहरू रहेकोमा विश्लेषण परीक्षण गर्दा दूध तथा दुग्ध पदार्थका चार, प्रशोधित पिउने पानीका चार, तेल तथा घ्यूजन्य पदार्थका दुई, मसलाका चार, चिया/कफीका दुई, खाद्यान्न तथा दलहनका सातवटा र प्रशोधित पिउने पानीका सात गरी जम्मा २६ अर्थात् २.६ प्रतिशत नमुना परीक्षण प्रतिवेदन प्रतिकूल पाइएको र प्रतिकूल नमुनाउपर कानुनबमोजिम कारबाहीका लागि अनुसन्धान प्रक्रिया बढाएको विभागले जनाएको छ ।

चाडपर्वलक्षित तथा नियमित अनुगमनमा विभागलगायत मातहतका कार्यालयबाट निरीक्षणका क्रममा कैफियत देखिएका र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ विपरीत रहेका २९ लाख चार हजार एक सय ५२ रुपैयाँबराबरको खाद्य पदार्थ जफत तथा नष्ट गरिएको पनि विभागले जनाएको छ । जफत तथा नष्ट गरिएका खाद्य पदार्थहरूमा कैफियत देखिएका पेय पदार्थ, मिठाई, खाद्यान्न, तेल, मसला, चिप्स, चकलेट, कटान क्यान्डी, खाद्यान्न, मासुजन्य खाद्य पदार्थका साथै अप्रशोधित पिउने पानीको जार र कृत्रिम रङ रहेका थिए ।

त्यसैगरी विभागले आर्थिक वर्ष २०८२/८३ मा सात हजार आठ सय ७३ वटा खाद्य पदार्थ आयात अनुमतिपत्र जारी गरेको छ । आवश्यक कागजात पूरा नभएका, पूर्ण लेबल विवरण नभएका साथै सेवाग्राहीको मागअनुसार मसला, कच्चा तेल, बेकरी सर्टनिङ, भिटामिन प्रिमिक्स, चामल, चाउचाउ, तिलको तेल, लिक्विड, ग्लुकोजलगायतका विविध खाद्य पदार्थ गरी दुई सय २९ वटा कन्साइन्मेन्टहरूको अनुमति अस्वीकृत गरेको छ । अर्धवार्षिक अवधिमा २९ हजार दुई सय ४५ वटा प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएकोमा २२ वटा नमुना प्रतिकूल पाइएको थियो । त्यस्तै, निर्यात प्रयोजनका लागि विभाग तथा मातहतका कार्यालयका प्रयोगशालाबाट विभिन्न खाद्य पदार्थ छुर्पी, इन्स्ट्यान्ट नुडल्स, स्न्याक्स, फ्रेन्च फ्राइज, चिउरा, गेडागुडी, खाद्यान्न, अचार, मसलाजन्य पदार्थ, फ्रेस अदुवा, मह, मुस्ली, मल्टिग्रेन नुगेट, पम्पिकीन सीड, प्रशोधित वनस्पति तेल, चिया, कफीलगायतका खाद्य पदार्थ विभिन्न देशहरूमा निर्यातका लागि सर्टिफिकेट अफ एनालाइसिस(सिओए) जारी गरिएका छन् । बिहीबार विभागमा आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक डा. मतिना जोशी वैद्य र प्रवक्ता डा. बालकुमारी शर्माले उपभोक्ता हितलाई ध्यानमा राख्दै पछिल्लो समय विभागले बजार अनुगमनलाई तीव्रता दिँदै आएको बताउनुभएको थियो ।

# 'सिटिजन लिडर डिस्कोर्स' आयोजना




**काठमाडौं ।** नेपालको बीमा उद्योगमै पहिलोपटक सिटिजन लाइफ इन्स्योरेन्सले 'सिटिजन लिडर डिस्कोर्स' प्यानल छलफल कार्यक्रम आयोजना गरेको छ । पोखरामा सम्पन्न उक्त कार्यक्रममा करिब ४० मिनेट अवधिको विशेष प्यानल छलफल सत्र सञ्चालन गरिएको थियो । कार्यक्रमको सहजीकरण कम्पनीका तालिम विभाग प्रमुख कुबेर पाठकले गर्नुभएको थियो । कार्यक्रममा कम्पनीका सिटिजन लिडरहरू ईश्वरीप्रसाद बराल, टुकबहादुर राना, सुरेशबाबु शर्मा, राजु श्रेष्ठ तथा लक्ष्मी लामिछानेले प्यानल सदस्यका रूपमा सहभागिता जनाउनुभएको थियो । प्यानल छलफलमा टुकबहादुर रानाले पछिल्लो समय बढ्दै गएको व्यतित बीमालेख (निष्क्रिय बीमालेख) सम्पूर्ण अभिकर्ता व्यवसायको साझा चुनौतीका रूपमा रहेको भन्दै केवल बिक्रीमा नभई बीमालेख निरन्तरतामा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । तालिमपछि अनुगमन प्रणाली, स्वअध्ययन संस्कार, ग्राहक सेवा कार्यतालिका तथा नवीकरण स्मरण प्रणालीजस्ता व्यावहारिक समाधानहरू सुझाउँदै बिक्रीभन्दा पनि दीर्घकालीन सम्बन्ध निर्माण नै हाम्रो लक्ष्य हुनुपर्ने उहाँले बताउनुभएको थियो ।

ईश्वरीप्रसाद बरालले आफ्नो २१ वर्षको अनुभव सुनाउँदै बीमालाई पेशा नभई बीमाको मूल्य र सामाजिक जिम्मेवारी बुझ्न समय लाग्ने बताउनुभएको थियो । ग्रामीण क्षेत्रमा सम्बन्धमा आधारित विश्वास, बढ्दो वित्तीय सचेतना तथा अभिकर्ताको प्रत्यक्ष पहुँचका कारण बीमा व्यवसाय अझ प्रभावकारी हुने उल्लेख गर्दै जहाँ विश्वास बलियो छ, त्यहाँ बीमा सहज हुने बताउनुभएको थियो । लक्ष्मी लामिछानेले बीमा पूर्णरूपमा विश्वासमा आधारित पेशा भएको उल्लेख गर्दै महिला सो क्षेत्रमा अत्यन्त सफल हुन सक्ने बताउनुभएको थियो । महिलामा रहेको जिम्मेवारीबोध, संवेदनशीलता र परिवारप्रतिको सोचले परिवार केन्द्रित सुरक्षा सन्देश प्रभावकारी रूपमा प्रवाह गर्न सकिने उहाँको भनाइ थियो ।

सुरेशबाबु शर्माले नेपालमा अझै ठूलो जनसंख्या बीमाको दायराबाहिर रहेको भन्दै बीमाको पहुँच विस्तारमा अभिकर्ताको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभएको थियो । अभिकर्ता केवल बिक्रीकर्मी नभई वित्तीय शिक्षादाता, जोखिम सल्लाहकार तथा परिवार संरक्षकको भूमिकामा रहनुपर्ने उल्लेख गर्दै हरेक घरमा बीमा, हरेक परिवारमा सुरक्षालाई साझा लक्ष्य बनाउनुपर्ने बताउनुभएको थियो । राजु श्रेष्ठले बदलिँदो सामाजिक परिवेशमा आजको आवश्यकताअनुसारको अभिकर्ता हुनुपर्ने बताउनुभएको थियो । कार्यक्रममा उठाइएका विषयहरूले अभिकर्ता व्यवसायसँग सम्बन्धित पेशागत चुनौती, सुधारका सम्भावित क्षेत्र तथा दीर्घकालीन रणनीतिबारे गहिरो संवादको वातावरण सिर्जना गरेको कम्पनीले जनाएको छ ।

# केबिए ग्लोबल क्रिकेटमा नासा कलेज च्याम्पियनसिप




**काठमाडौं ।** कलेजस्तरीय क्रिकेटको प्रतिष्ठित प्रतियोगिता केबिए ग्लोबल क्रिकेट क्ल्यास २०२६ सम्पन्न भएको छ । प्रतिस्पर्धात्मक र रोमाञ्चक फाइनल खेलमा नासा इन्टरनेसनल कलेजले एक विकेटको सानदार जित हात पार्दै उपाधि जितेको छ । उत्कृष्ट प्रदर्शनसाथ हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेजले प्रतियोगिताको पहिलो उपविजेता (रनर-अप) स्थान हासिल गरेको छ । आयोजका अनुसार, प्रतियोगिताभर हिमालयन ह्वाइट हाउस कलेजको टोलीले देखाएको अनुशासन, सामूहिक प्रयास र लडाकु भावना प्रशंसनीय रह्यो ।

व्यक्तिगत विधातर्फ बेस्ट बलरको उपाधि नासा इन्टरनेसनल कलेजका प्रिन्स बलायरले प्राप्त गर्नुभयो भने बेस्ट ब्याट्सम्यान सम्मान हिमालयन ह्वाइट हाउसका अभिषेक बिकेले प्राप्त गर्नुभयो । प्रतियोगिताभर निरन्तर उत्कृष्ट प्रदर्शन गर्दै हिमालयन ह्वाइट हाउसका पप्पु रोय प्लेयर अफ द टुर्नामेन्टको उपाधि जित्न सफल हुनुभयो । समापन समारोहमा केबिएका व्यवसाय विकास प्रबन्धक विनोद दाहालले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्ण संस्थाहरू, सहभागी टोलीहरू, प्रायोजक तथा मिडिया पार्टनरप्रति आभार व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा हिसानका पूर्वअध्यक्ष तथा गोल्डेनगेट इन्टरनेसनल कलेजका प्रमुख कार्यकारी अधिकृत रमेश सिलवालले खेलकुद कार्यक्रमले विद्यार्थीको नेतृत्व क्षमता, अनुशासन र समग्र व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभएको थियो भने जुपिटर मिडियाका निर्देशक सुनिल आचार्यले खेलकुद र शिक्षाबीचको सहकार्यमा जोड दिनुभएको थियो । कार्यक्रममा विजेता तथा उपविजेता टोलीलाई नगद चेक, मेडल, ट्रफी तथा क्रिकेट किट प्रदान गरिएको थियो ।


## नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन ललितपुर ०१-५००८२४५, ५४२८०१९

**धितोमा रहेको अचल सम्पत्ती लिलाम विक्री सम्वन्धि ३५ दिने सूचना**

**प्रकाशित मिति २०८२।११।१५**

यस सहकारी संस्था लि.बाट कर्जा कारोबार गर्ने तपसिलका सदस्यले ऋण कर्जा लिंदा सहकारी संस्था संग भए गरेका शर्त कबुलियत लिखत बमोजिम भाखामा कर्जाको साँवा, व्याज, हर्जाना भाखा अवधीमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नवुझाएको हुँदा कर्जा चुक्ता गर्ने सम्वन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नवुझाई संस्था संगको शर्त बन्देज उलंघन गरेकोले यो सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई तिर्न वुझाउन सम्पूर्ण साँवा, ब्याज, हर्जाना रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहोला । उक्त म्याद भित्र सम्पूर्ण रकम चुक्ता भुक्तानी नगरेमा सूचना प्रकाशित भएको मितिले ३६ औ दिन धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिनेछ । साथै यो सूचना बमोजिम धितो सुरक्षण रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संस्थावाट सूचना प्रकाशित भएको मितिले ३६ औ दिन मिति २०८२।१२।२१ गते सार्वजनिक विदा भएकोले सोको भोलिपल्ट ऐ मिति २०८२।१२।२२ गते सहकारी नियमावली २०७५ को नियम ३०(१) को प्रकृया बमोजिम डाक वढावढ मार्फत धितो लिलाम बिकि गरिने छ । साथै धितो सुरक्षणमा रहेको अचल सम्पत्ती लिलाम हुन नसकि संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हद सम्म कानुन बमोजिम ऋणी र जमानीकर्ताको घरघरानाबाट असुलउपर गरिने ऋणसँग सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गरिन्छ ।

**तपसिल**

**ऋणी,जमानीकर्ताको नाम ठेगाना र धितो सुरक्षण रहेको सम्पत्तिको विवरण**

| | | | | |
|---|---|---|---|---|
| **नाम : श्री रोहिता इङनाम तुमवाहाङफे** (बर्ष ५७) ना.प्र.नं.२५३/५०३०, तेह्रथुम श्रीमानको नाम : तेज बहादुर इङनाम ससुरोको नाम : शेर बहादुर इङनाम ठेगाना : तेह्रथुम, इवा-०४, हाल, का.न.पा.३२, काठमाण्डौं |  | **जमानीकर्ता** १.तेज बहादुर इङनाम (बर्ष ६१) ना.प्र.नं.:४४१-३१३०, तेह्रथुम बाबुको नाम : शेरु बहादुर इङनाम बाजेको नाम : टेक बहादुर इङनाम ठेगाना : तेह्रथुम, इवा-०४, हाल, का.न.पा.३२, काठमाण्डौं । |  | **कर्जा सुरक्षण विवरण** १. शेर बहादुर इङनामको बुहारी तेज बहादुर इङनामको पत्नि रोहिता इङनाम (तुम्वाहाङफे) को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता श्रेष्ता रहेको, भक्तपुर जिल्ला, साविक भिमसेन वडा नं.२, हाल मध्यपुर ठिमी न.पा.वडा नं.७ मा पर्ने कित्ता नं.५२८ को क्षे.फ. ०-०-०-०(११५.५० ब.मि.) जग्गा कित्ता-१ र सोले चर्चेको लिगलगापत समेत......... |
| **नाम : श्री सूर्य बहादुर महर्जन (बर्ष ५३)** ना.प्र.नं.४०९/१२५९४, काठमाण्डौं बाबुको नाम : भाजु रत्न महर्जन बाजेको नाम : अष्टमान महर्जन ठेगाना :चन्द्रागिरी न.पा.१०, सतुंगल, काठमाण्डौं । |  | **जमानीकर्ता** १.विष्णु देवी प्रजापति (बर्ष ५६) ना.प्र.नं.:७१३, काठमाण्डौं श्रीमानको नाम : सूर्य बहादुर महर्जन ससुरोको नाम : भाजु रत्न महर्जन ठेगाना :चन्द्रागिरी न.पा.१०, सतुंगल, काठमाण्डौं । |  | १. अष्टमान महर्जनको नाति भाजु रत्न महर्जनको छोरा सूर्य बहादुर महर्जनको नाममा काठमाण्डौं जिल्ला मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता रहेको, काठमाण्डौं जिल्ला, सतुंगल वडा नं.५ मा पर्ने कित्ता नं.२३८ को क्षे.फ. ३४१.९१ ब.मी. जग्गा कित्ता-१ र सोले चर्चेको लिगलगापत समेत......... |
| **जमानीकर्ता** २.कुञ्ज महर्जन (बर्ष २८) ना.प्र.नं.:२७-०१-७२-०२९८०, काठमाण्डौं बाबुको नाम : सूर्य बहादुर महर्जन बाजेको नाम : भाजु रत्न महर्जन ठेगाना :चन्द्रागिरी न.पा.१०, सतुंगल, काठमाण्डौं । |  | **जमानीकर्ता** ३.सञ्जु महर्जन (बर्ष २६) ना.प्र.नं.:२७-०१-७२-०७८१७, काठमाण्डौं बाबुको नाम : सूर्य बहादुर महर्जन बाजेको नाम : भाजु रत्न महर्जन ठेगाना :चन्द्रागिरी न.पा.१०, सतुंगल, काठमाण्डौं । |  | |

**लिलाम हुने मिति समय :** मिति २०८२।१२।२२ गते दिनको १०.०० वजे देखि ४:०० बजे सम्म
**स्थान :** संस्थाको कार्यालय मानभवन ललितपुर



## कालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा, बागमती प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/११/१५**

ई-बिडिङ मार्फत राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार कार्यालयमा प्राप्त भएका दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ । **तपशिल :**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १. | KRM/SQ/GOODS/ 2082-083/09 | Supply and Delivery of Medicine | Gosaikunda Medicine Supplyers Pvt. Ltd. Tarkeshwor, Kathmandu. | ५,४५,२०४।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



## सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**प्रकाशित मिति :-२०८२।११।१५**

यस नगरपालिकाको लागि पि एल जि एस पी बाट प्राप्त कार्यक्रम अनुसार आँप प्रशोधन ग्रामीण उद्योग संचालन गर्न विभिन्न मेशीनहरु खरिद तथा सप्लाई गर्नुपर्ने कार्यका लागि बिद्युतीय माध्यमबाट मिति २०८२।९।३० गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मिति २०८२।११।१ गते खोली मूल्यांकन गर्दा तपशिल बमोजिमका सारभूत रुपमा प्रभाबकारी रहेका बोलपत्रहरु न्यून मूल्यांकित समेत रहेकाले जानकारीका लागि सार्बजनिक खरिद ऐन २०६३ को दफा२७ को २ र ३ प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सिनं | ठेक्का नं+= | बोलपत्रको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|
| १ | SNRG-SAPT/ G/NCB/14/082-83 | राज ट्रेड कन्सर्न दमक -५, झापा | २१०१८००.०० | |

**प्रमुख प्रशासकीय अधिकृत**



## Government of Bagamati Province
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Infrastructure Development Office
Manthali, Ramechhap

**Notice of Intent to Award the Contract**

**Date of Publication: 2082/11/15**

This Office hereby informs all concerned parties that the bidder listed in the Tender published on 2082/09/25 has been selected for contract award as the lowest and sustainability responsive bidder, in compliance with Section 27(2) of the Public Procurement Act, 2063 and ITB 33.1 of the issued bidding documents.

| S. N | Project Name | Contract ID | Lowest Evaluated Responsive Bidder | Bid Price With VAT & P.S (NRs.) |
|---|---|---|---|---|
| 1 | Pradesik Sadak Guruyognama Raheka Sadak Purbadharharuko Surakchya Tatha Bio-Engineering Krya (Goganpani to Sitkha & Simalgolai to Betali) | IDORMC/W/ NCB/35/2082-83 | Hostali Nirman Sewa, Manthali-1, Ramechhap | 27,84,715.63 |
| 2 | Chyaukethati Archale Niwabot sadak Starunati, Manthai Municipality -04, Ramechhap | IDORMC/W/ NCB/36/2082-83 | Kebaleshwar Construction Construction And Suppliers Pvt. Ltd., Ramechhap -2 Ramechhap | 13,03,763.00 |
| 3 | Chyasku Dagsingtar Sadak Nirman, Ramechhap Na. Pa-6, Ramechhap | IDORMC/W/ NCB/37/2082-83 | S.K.A.A. Construction & Suppliers Pvt. Ltd., Ramechhap Municipality-8, Ramechhap | 6,68,540.81 |
| 4 | Dewali chaurbari Krishi Sadak Starunnati, Ramechhap Na.Pa.-02, Deurali, Ramechhap | IDORMC/W/ NCB/38/2082-83 | Karuna Construction, Manthali-01, Ramechhap | 6,01,764.05 |
| 5 | Jhagarey Mod Subedi Tol Sadak Starunnati, Ramechhap Na. Pa-3, Ramechhap | IDORMC/W/ NCB/39/2082-83 | Shree Manawati Construction Pvt. Ltd., Manthali Municipality-01, Ramechhap | 8,39,539.78 |
| 6 | Khanidada Tekam Sadak Nirman, Ramechhap Na.Pa.-05, Ramechhap | IDORMC/W/ NCB/40/2082-83 | Kebaleshwar Construction Construction And Suppliers Pvt. Ltd., Ramechhap -2 Ramechhap | 6,51,258.50 |
| 7 | Khoptar Tunibot Sadak Ramechhap Na. Pa.-6, Ramechhap | IDORMC/W/ NCB/41/202-83 | Kebaleshwar Construction Construction And Suppliers Pvt. Ltd., Ramechhap -2 Ramechhap | 6,50,437.67 |
| 8 | Wada Karyalaya Shera Khola Starunnati, Ramechhap Na.Pa-02, Ramechhap | IDORMC/W/ NCB/43/2082-83 | Karuna Construction, Manthali-01, Ramechhap | 5,73,771.69 |
| 9 | Chapaadikhola Ghari Pipaltar Dharapani Dalin khor Sadak Starunnati, Khadadevi-1, Ramechhap | IDORMC/W/ NCB/44/2082-83 | Tinlal Construction And Consultant Pvt. Ltd., Manthali-1, Ramechhap | 18,75,839.08 |
| 10 | Thati Bhotepani school Sadak starunnati, Khadadevi -4, Ramechhap | IDORMC/W/ NCB/45/2082-83 | Prasain Nirman Sewa, Manthali-07, Ramechhap | 6,15,188.50 |
| 11 | Swami Bot Bahun Gau Sadak Starunnati,Ramechhap-3,Ramechhap | IDORMC/W/ NCB/46/2082-83 | R.K.S. Engineering Solutions Private Limited, Manthali-01, Ramechhap | 6,70,556.23 |
| 12 | Sitala Devi Ma.Vi. Siswari Hudai Magar Lamte Sadak Nirman, Ramechhap Na. Pa. 2, Ramechhap | IDORMC/W/ NCB/47/2082-83 | Kebaleshwar Construction And Suppliers Private Limited, Ramechhap-02, Ramechhap | 6,28,986.43 |

**Invitation for Bids**

**IFB NO: - IFB/RMC/05/2082-83**

1. The Office invites electronic bids from eligible bidders for the contracts mentioned below.

| S. N. | Project Name | Contract ID | Estimated Amount in NRs. (Inclusive of VAT) | Bid Security in NRS. |
|---|---|---|---|---|
| 1 | Suneswara Churi Bot Sadak Starunnati, Sunapati Gau Pa.-05, Ramechhap | IDORMC/W/NCB/42/ 2082-83 | 8,80,333.38 | 22,000 |
| 2 | Ganaune Dobhan Salghari Dhikura Sadak, Ramechhap Municipality-4, Ramechhap | IDORMC/W/NCB/48/ 2082-83 | 8,81,680.19 | 22,000 |
| 3 | Dhuseni Chautara sadak Bistar, Ramechhap Municipality-1, Ramechhap | IDORMC/W/NCB/49/ 2082-83 | 8,80,116.37 | 22,000 |

2. Cost of each Bidding Document is NRs. 3,000.00
3. Pre-bid meeting shall be held on 2082/12/04 at 12:00 PM in Infrastructure Development Office, Ramechhap.
4. Last Date of Bid Submission is 2082/12/15 at 12:00 PM and bid opening shall take place in Infrastructure Development Office, Ramechhap on 2082/12/15 at 2:00 PM.
5. Detail information related to respective invitation for bids can be obtained from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल